तेस्रो अध्याय

३. नेपाली कविताको विकास परम्परा र सिक्किमेली नेपाली कविता :

३.१ नेपाली कविताको विकास :

३.१.१ नेपाली कविताको पृष्ठभूमि :

कविता वा साहित्य भाषिक कलात्मक अभिव्यक्ति हो। नेपाली भाषा भारोपेली परिवारको आर्य शाखाको संस्कृतबाट प्राकृत र अप्रभंश हुँदै ईशाको एघारौं शताब्दीतिर उत्पत्ति भएको हो।[१] यस भाषामा ईशाको अठारौं शताब्दीसम्म केही शिलालेख, ताम्र पत्र, कनक-पत्र र **भास्वती**को नेपाली अनुवाद (वि.सं. १४५७, सन् १४००), **राम शाहको जीवनी** (वि.सं. १४५३, सन् १९९६), **ज्वरोत्पति चिकित्सा** (वाणी विलास ज्योर्तिविद्, वि.सं. १७७३, सन् १७१६), **प्रायश्चित्त प्रदीप** (प्रेमनिधि पन्त, वि.सं. १७८०, सन् १७२३)[२] जस्ता केही शिलालेख तथा दान दातव्य-पत्र एवं औषधिमूलो आदि व्यवहार उपयोगी ग्रन्थ लेखिएका पाइए तापनि साहित्यिक कृतिको रचना हुनसकेको देखिन्न। नेपाली कविताको पुर्ख्यौली पहिल्याउँदै जाँदा आजसम्मको अनुसन्धान र खोज अनुसार सन् १७६९-१७७४ (वि.सं. १८२६-१८३१, सन् १७६९-१७७४) -का बीचमा रचिएको सुवानन्द दासको 'पृथ्वीनारायण' कविता नै पहिलो नेपाली कविता र सुवानन्ददास नै पहिला कवि देखिन आएका छन्। यसरी हेर्दा नेपाली भाषामा कविता लेख्ने परम्परा विक्रमीय उन्नाइसौं शताब्दीतिरबाट थालिएको देखिए तापनि नेपाली समाजसँगसँगै मौखिक वा श्रुति परम्परामा चल्दै आएका लोकगीत, सँगिनी, भजन, बालुन, मागल, धमारी, सिलोक, चाँचरि, पैकेलो आदि लोक लयात्मक अभिव्यक्तिहरूमा छिटपुट रूपमा कवितात्मक अभिव्यक्ति नपाइने चाहिँ होइन। यिनै र यस्तै मौखिक वा श्रुति परम्परामा चल्दै आएका लोकगीत - गाथा आदिलाई नेपाली कविताको पृष्ठभूमिका रूपमा लिन सकिन्छ र सुवानन्ददासको 'पृथ्वीनारायण' -को रचनाकाल (वि. सं. १८२६-१८३३, सन् १७६९-१७७६) -लाई चाहिँ एउटा सीमा मानेर त्यसै समयदेखि नेपाली कविताले आफ्नो लेख्य रूप लिएको अनि नेपाली कविताको विकास-यात्रा थालिएको मान्नुपर्ने स्थिति रहेको छ।

---

१. चूडामणि उपाध्याय रेग्मी, **नेपाली भाषाको उत्पत्ति**; जगदम्बा प्रकाशन, ललितपुर; सन् १९७८; पृ० १७-५१।

२. बालकृष्ण पोखरेल, **पाँचसय वर्ष**; जगदम्बा प्रकाशन; ललितपुर; सन् १९६३; पृ० ३-१३।

३.१.२ नेपाली कविताको विकास परम्परा :

नेपाली विद्वान् समालोचकहरूले नेपाली साहित्यको विकासक्रमलाई विभिन्न कालखण्डमा बाँड़ेर चर्चा गरेको पाइन्छ। साधारणतः नेपाली साहित्यको विकासक्रमलाई प्राथमिक काल (वि. सं. १८२६-१९४०; सन् १७६९-१८८३); माध्यमिक काल (वि. सं. १९४१-१९७४; सन् १८८४-१९१७) र आधुनिक काल (वि. सं. १९७५ वा सन् १९१८ देखि यता) गरेर जम्मा तीन कालखण्डमा बाँड़ी यसको चर्चा गरेको पाइने हुनाले यहाँ नेपाली कविताको विकास परम्पराको चर्चा पनि त्यही अनुरूप गरिएको छ।

३.१.२.१ प्राथमिक काल (सन् १७६९-१८८३; वि. सं. १८२६-१९४०) :

नेपाली कविताको प्राथमिक काल सन् १७६९ देखि सन् १८८३ सम्मको समयावधिलाई मानिएको छ। यसको पहिलो चरण वा पूर्वार्द्ध सन् १७६९-१८१५ को अवधि वीरकाल तथा दोस्रो चरण वा उत्तरार्द्ध (सन् १८१६-१८८३) लाई भक्तिकाल मानिएको छ।[३] नेपाली कविताको पुर्ख्यौली पहिल्याउँदै जाँदा आजसम्मको अनुसन्धान, खोज र प्राप्तिअनुसार नेपाली कविताको पूर्वार्द्ध वा वीरकालका प्रस्थान-बिन्दुका रूपमा सुवानन्ददास र उनको 'पृथ्वीनारायण' (रचनाकाल सन् १७६९ कों छेउछाउ) कविता रहेको पाइन्छ। त्यसैले अहिलेसम्म 'पृथ्वीनारायण' लाई पहिलो कविता र सुवानन्ददासलाई पहिलो कवि मानिँदै आएको पाइन्छ।[४] सुवानन्ददासका समकालीन मानिएका तत्कालीन नेपाली वीर राजा पृथ्वीनारायण शाहको उदय, उनले शुरू गरेका नेपाल एकीकरण अभियान र उनकै कुशल नेतृत्वमा नेपाली वीर र वीरताले आफ्नो शौर्यको दुन्दुभी बजाएको ऐतिहासिक तथ्य सर्वविदित छ। 'पृथ्वीनारायण' लोकलयप्रधान कवित् छन्दमा रचिएको[५] हुनाले नेपाली साहित्य लोकगीत गाथाबाट प्रभावित, प्रेरित रहेको प्रतीत हुन्छ। प्राथमिक चरणका 'साँढ़याको कवित्त' जस्ता कविताहरू पनि गीत-गाथाबाट नै प्रभावित, प्रेरित भई रचिएका पाइन्छन्।

यसरी हेर्दा प्राथमिक कालको पूर्वार्द्ध वीरधारातिर झुकेको पाइन्छ। पृथ्वीनारायण शाहको एकीकरण अभियान उनीपछि उनका उत्तराधिकारीहरूले जारी राखेको पाइन्छ र नेपाली वीरताको शौर्य र नेपाल एकीकरण अभियानलाई प्रधानमन्त्री भीमसेन थापाले आफ्नो मुख्तीयारीकालमा पराकाष्टामा पुऱ्याएको पाइन्छ। सुवानन्द दास, शक्तिवल्लभ अर्ज्याल र उदयानन्द अर्ज्यालले पृथ्वीनारायण शाह, रणबहादुर शाह,

---

३. दयाराम श्रेष्ठ सम्भव, **प्रारम्भिक कालको नेपाली साहित्य : इतिहास र परम्परा**; त्रि.वि. पाठ्यक्रम विकास केन्द्र, काठमाण्डौ; २०३८; पृ० ४७-५२।

४. बालकृष्ण पोखरेल, **पाँच सय वर्ष**; जगदम्बा प्रकाशन, ललितपुर; सन् १९६३; पृ० ३-१३।

५. केशवप्रसाद उपाध्याय, **प्राथमिककालीन कवि र काव्य प्रवृत्ति,** (दोस्रो संस्करण); साझां प्रकाशन, काठमाण्डौ; २०४२; पृ० २।

प्रतापसिंह शाह जस्ता ऐतिहासिक वीरपुरूषहरूको वीरत्व र व्यक्तित्वलाई मूल विषयवस्तु बनाएर कविता रचना गरेका छन्। सुवानन्द दासका पहिलो कविता 'पृथ्वीनारायण' देखि यदुनाथ पोखरेलको 'स्तुतिपद्य' सम्म नेपाली वीरहरूको वीरोचित कार्यको गुणगान पाइन्छ। यस समयका शक्तिवल्लभ अर्ज्याल, उदयानन्द अर्ज्याल, सुन्दरानन्द बाँड़ा, राधावल्लभ, गुमानी पन्त र केही अज्ञात कविहरूका वीरोचित अभिव्यक्तिमा यस प्रवृत्तिले विस्तार पाएको देखिन्छ। भीमसेन थापाको मुख्तीयारीकालमा भएको अंग्रेज-नेपाल युद्धमा नेपालले सहनु परेको पराजय र सुगौली सन्धिको शर्तका अपमामजनक तीतो चोटले नेपालीहरूको मानसिकतामा गहिरो प्रभाव पऱ्यो। यस वैराग्यको चोटले नेपाली कवितालाई वीराधारदेखि अलग्ग छुट्याएर अध्यात्मतिर आकर्षित गरायो भने भीमसेन थापाको दुःखद अन्त्यपछि निरङ्कुश राणाशासनको उदयले नेपालीहरूमा विरक्तिभाव पैदा गरायो। फलतः नेपाली कविताको वीरधाराको अन्त्य र भक्तिधाराको उदय भयो।

प्राथमिककालको उत्तरार्द्ध (सन् १८१६-१८८३; वि. सं. १८७३-१९४०) नेपाली कविताको भक्तिधारा रहेको छ। भक्तिधारा पनि सगुण र निर्गुण गरी दुइ उपधारामा प्रवाहित छ। सगुण धारामा मुख्यतः कृष्णाश्रयी, रामाश्रयी गरी दुइ शाखाहरू छन् र निर्गुण धाराअन्तर्गत चाहिँ ज्ञानाश्रयी शाखा नै प्रमुख रहेको पाइन्छ।[६] सगुण कृष्णभक्तिधाराका प्रतिनिधि कवि र कविताहरूमा हरिदासको "भ्रमर गीत", इन्दिरसको "गोपिका स्तुति", विधारण्यकेशरीको "युगलगीत", वसन्त शर्माको "श्रीकृष्ण चरित्र" आदि उल्लेखनीय रहेका छन्। यिनीहरूका अतिरिक्त विद्यापति, पतञ्जलि गजुऱ्याल, वीरशाली पन्त, छविलाल नेपाल प्रभृति कविहरूबाट अध्यात्मवादी भक्तिभावका कविताहरूले विस्तार पाएको बुझिन्छ। सगुण भक्तिधाराका रामाश्रयी शाखाका प्रमुख कविका कृतिहरूमा रघुनाथ पोखरेलको **सुन्दरकाण्ड** र भानुभक्त आचार्यको **रामायण** उल्लेखनीय रहेका छन्। निर्गुण भक्तिधारा वा ज्ञानाश्रयी शाखाका प्रतिनिधि कविमा **उदय लहरी**, 'झ्याउरे भजन' र 'टुङ्ना भजन' का रचयिता सन्त कवि ज्ञानदिल दास उल्लेखनीय रहेका छन्। यस परम्परालाई गतिशीलता प्रदान गर्ने अन्य प्रमुख कविहरूमा सन्त धिर्जेदास, सन्त शशिधर, सन्त प्रेमदिलदास, सन्त धौकल दास, सन्त सीतारामदास, स्वामी अमयानन्द आदि कविहरूको उल्लेखनीय योगदान रहेको पाइन्छ। यिनीहरूका अतिरिक्त यसै कालमा देखा परेका वीरशाली पन्त, पतञ्जलि गजुऱ्याल, हरिदास, यदुनाथ पोखरेल, लालबहादुर आउँमासी, रणबहादुर राणा प्रभृति केही कविहरूले मत्स्येन्द्रनाथ; ध्रुव, प्रल्हाद, विष्णु प्रभृति विभिन्न देव-देवीहरूको स्तुतिपरक तथा देशप्रेमपरक, युद्ध यात्रा, नीति उपदेशात्मक विषयका एकाध कविता-कृति रचना गरेर नेपाली कवितालाई गतिशील तुल्याउने प्रयास गरेका छन्।

सिक्किमेली नेपाली कविताका सन्दर्भमा भन्नुपर्दा नेपाली कविताको प्राथमिक कालको उत्तरार्द्ध

६. केशवप्रसाद उपाध्याय, **पूर्ववत्**; पृ० ७९-१२६।

वा दोस्रो चरणतिर देखापरेका जोसमनी सन्त सम्प्रदायका सन्त कवि ज्ञानदिलदासका **उदय लहरी** (सन् १८३४), 'टुङ्ना भजन', 'झ्याउरे भजन' (सन् १८३५) नै सिक्किमेली नेपाली कविताको थालनीका प्रेरक रहेका पाइन्छन्।[७]

यसरी नेपाली कविताको विकास परम्परामा नेपाली कविताको प्राथमिककाल (सन् १७६९-१८८३) को विवेचना गरेर हेर्दा निम्नलिखित निष्कर्षहरू निस्कन्छन् :

(क) प्राथमिक कालका नेपाली कविताहरू मूलतः तीन तर्फबाट प्रेरित र प्रभावित भएर रचिएका छन्। लोककाव्यबाट नेपालीतर्फ आकृष्ट भएर कविता रचना गर्नेहरूमा कवि सुवानन्ददास अग्रणी रहेका छन्।

(ख) संस्कृत जस्तो स्तरीय भाषाबाट प्रभाव र प्रेरणा ग्रहण गरी नेपाली भाषामा कविता रचना गर्ने कविहरूमा इन्दिरस, विधारण्यकेशरी प्रमुख रहेका छन्। यी कविहरूले पौराणिक ग्रन्थमा वर्णित आख्यानहरूलाई श्रीरामचन्द्र र श्रीकृष्णका लीला-क्रीड़ालाई नेपाली भाषामा अनुवाद गर्दा संस्कृत शब्दहरूको सट्टा ब्रज, अवधि, भोजपुरी आदि हिन्दुस्तानी भाषाका प्रभाव र प्रेरणालाई ग्रहण गरेको पाइन्छ। यिनीहरूका अतिरिक्त संस्कृत भाषाबाट प्रेरित भई नेपाली भाषामा कविता रचना गर्ने प्रतिनिधि कविताहरूमा वसन्त शर्मा, रघुनाथ भट्ट, भानुभक्त आचार्य रहेका छन्।

(ग) प्राथमिक कालका नेपाली कविताको चर्चा गर्दा वीरधाराका कविताहरूलाई छोड़ेर अधिकांश कविताहरू संस्कृतबाट नेपालीमा अनुवाद गरिएका पाइन्छन् तापनि वसन्त शर्माका **समुद्र लहरी**, **श्रीकृष्ण चरित्र** (ख.का.), ज्ञानदिलदासका **उदय लहरी**, 'टुङ्ना भजन' आदि चाहिँ मौलिक देखिन्छन्। भानु भक्त आचार्यको **रामायण** अनूदित भएर पनि मौलिक जक्तै ठहर्छ।

(घ) यसकालका कविता-कृतिहरूको भाषा-शैली एवं छन्द-लय विधान परिष्कृत, परिमार्जित रहेको पाइन्न र कलात्मक तत्वको पनि न्यूनता रहेको पाइन्छ तापनि कवि भानुभक्त आचार्यसम्म आइपुग्दा नेपाली कविता केही सहज, सरल, सरस, परिष्कृत, लयात्मक, सङ्गीतात्मक एवं कलात्मक बन्न पुगेको पाइन्छ। त्यसैले कवि भानुभक्त आचार्यलाई यसकालका शीर्षस्थ कवि प्रतिभा मान्नुपर्ने देखिन्छ।

३.१.२.२ माध्यमिक काल (सन् १८८४-१९१७; वि. सं. १९४१-१९७४) :

नेपालको वागडोर विलासी मनोवृत्ति भएका राणा शासकहरूको हातमा परेपछि नेपाली कवितामा श्रृङ्गारिक धाराले प्रवेश गऱ्यो र केही समय श्रृङ्गारको तीव्र बाढ़ चल्यो जसको प्रवाहले नेपाली कवितालाई नयाँ

७. वासुदेव त्रिपाठी (सम्पा.); **नेपाली कविता** (भाग - ४); साझा प्रकाशन, काठमाण्डौ; वि.सं. २०४६; पृ० १११।

गति प्रदान गरेको बोध हुन्छ। श्रृङ्गारिक प्रवृत्तिलाई अँगालेर कविता रचना गर्ने प्रतिनिधि कविहरूमा **पिकदूत**का मोतीराम भट्ट, **श्रृङ्गार दर्पण**का शिखरनाथ सुवेदी, **बाह्रमासे, ऋतुमाला, विरह लहरी, कामिनी लहरी** र **वारहमासाका** दानराज लामिछाने, कृष्णप्रसाद रेग्मी प्रभृति उल्लेखनीय मानिन्छन्।

मोतीराम भट्टको उदयसँगसँगै देखा परेका राजीवलोचन जोशी, लक्ष्मीदत्त पन्त, कृष्णप्रसाद घिमिरे, पहलमानसिंह स्वाँर, चक्रपाणि चालिसे, गोपीनाथ लोहनी, शिखरनाथ सुवेदी, शम्भुप्रसाद ढुङ्गेल, कृष्णप्रसाद रेग्मी, श्यामजी प्रसाद शर्मा प्रभृति कविहरूको अभिव्यक्ति पाएर फस्टाउने सुयोग पाएको श्रृङ्गारिक प्रवृत्तिले **सूक्ति सिन्धु** (सन् १९१७) मा पुगेर चरमोत्कर्ष प्राप्त गरेको अनुभव हुन्छ। नेपाली कविताको माध्यमिक कालमा सवाई, लहरी आदि काव्य लेखन पनि फस्टाएको पाइन्छ। बलबहादुर सारूमगर प्रभृति आठजना लोक प्रतिभाहरूको **आनन्द लहरी** (आठ भाग) यस सन्दर्भमा उल्लेख्य रहेको छ।

माध्यमिक कालमा काव्यको मूलधारा श्रृङ्गार रहे तापनि गौण रूपमा भक्ति एवं नीति उपदेशमूलक काव्य-कृतिहरू पनि रचिएका पाइन्छन्।[८] यस्ता कृतिहरूमध्ये ववगुनी गुरूङको **ब्रह्मतत्त्वको सवाई** (सन् १८९३), सुखवीर गुरूङको **भक्ति सवाई** (सन् १९०१), वृषध्वज सिंहको **अमृत लहरी** (सन् १८७१), निर्गुण भक्तिधाराका कविता कृतिहरू हुन् भने रमाकान्त बरालको **अद्भूत रामायण** (सन् १८९२), होमनाथ शर्माको **रामाश्वमेध** (सन् १९०३), हरिदयाल सिंह हमालको **रामबाल विवाह** (सन् १९०५), वाणी विलास पाण्डेको **रामचरित्र चित्रकूटोपख्यान** प्रभृति काव्य रामाश्रित भक्तिधाराका र हरिप्रसाद शर्माको **गीत गोविन्द** (सन् १८९४), बद्रीदासको **रूक्मिनी हरण लीला** (सन् १९०८), जस्ता काव्य-कृतिहरू कृष्णाश्रयी भक्तिधाराका काव्य-कृतिहरू हुन्। यसरी नै मोतीराम भट्टका **गजेन्द्रमोक्ष, प्रह्लाद भक्ति** (सन् १८९१), उमाकान्त त्रिपाठीको **बैकुण्ठ लहरी** (सन् १८९१), भक्तिकुमारी राणाको **भक्ति लहरी** (सन् १९०१), केदार शमसेर थापाका **दुर्गाभक्ति तरङ्गिनी** (सन् १९१६), **वीर निर्वेद लहरी** (सन् १९१७), प्रभृति काव्य कृतिहरू पनि भक्तिभावप्रधान कृति देखिन्छन्।[९] यिनीहरूका अतिरिक्त राजीवलोचन जोशीका **चानक भाषा श्लोक** (सन् १८९३), **पतिव्रता धर्म** (सन् १८९५), मोतीराम भट्टको **तीजको कथा** (सन् १८९१), शम्भुप्रसाद ढुङ्गेलको **पञ्चक-प्रपञ्च** (सन् १९०४), दुर्गादेवी आचार्याणीको **भार्या कर्त्तव्य** (सन् १९१३) प्रभृति नीति-उपदेशप्रधान काव्यहरू पनि माध्यमिक युगमा रचिएका पाइन्छन्। नेपाली कविताको विकास श्रृङ्खलामा यस युगका श्रृङ्गार, भक्ति र नीति उपदेशप्रधान काव्य-कृतिहरूका अतिरिक्त शिखरनाथ सुवेदीको **वीर षष्टिका** (सन् १९०४), चिरञ्जीवी पौड्यालको **यूरोप यात्रा** (सन् १९१०),

---

८. रमेश श्रेष्ठ, **नेपाली कविताको प्रवृत्ति** (दो.सं.); साझा प्रकाशन, काठमाण्डौ; वि.सं. २०४९; पृ० ७४-७५।

९. शरदचन्द्र शर्मा भट्टराई, **नेपाली साहित्यको इतिहास** (माध्यमिक काल); त्रि.वि. पाठ्यक्रम, विकास केन्द्र, काठमाण्डौ; वि.सं. २०३७; पृ० २३।

चक्रपाणि चालिसेको **शोक तरङ्गिणी** (सन् १९११), शम्भुप्रसाद ढुङ्गेलको **चन्द्रप्रताप वर्णन** (सन् १९१३), लेखनाथ पौड्यालको **शोक प्रवाह** (खण्डकाव्य, सन् १९१३), जस्ता काव्यकृतिहरूको पनि रचना हुनसकेको देखिन्छ। माध्यमिक कालका कविहरूले वर्णमात्रिक छन्द, गजल शैली र नेपाली लोकलयप्रधान सवाई एवं झ्याउरे छन्दलाई आफ्ना अभिव्यक्तिको माध्यम बनाएका छन्।

माध्यमिक कालमा श्रृङ्गारको निकै वर्चस्व रहे तापनि सिक्किमतिरबाट भने यस अवधिमा नेपाली कविताको रचना हुन सकेको देखिन्न। सन् १९१९ तिर प्रसाद सिंह नेचालीले रचना गरेको **प्रीति लहरी** उपलब्ध छ तापनि सन् १९४० भन्दा अघि अरू कवितात्मक कृतिहरूको रचना हुन सकेको जानकारी पाइन्न।

माध्यमिक कालमा श्रृङ्गारको प्रभावमा भड्किलो विलासले पराकाष्ठा नाघेको देख्ता कतिपय नीतिवादी कविहरूलाई यस विषयमा गम्भीरतापूर्वक सोच्न बाध्य तुल्यायो। पं० लेखनाथ पौड्याल, धरणीधर कोइराला, महानन्द सापकोटा प्रभृति सचेत नीतिवादी, परिष्कृत रूचि भएका कविहरूले नेपाली कवितामा देखिएको श्रृङ्गारिक प्रवृत्तिको खुल्ला विरोध गरेर शिष्ट मर्यादित परिष्कारवादी प्रवृत्ति अँगालेर यसलाई विस्तार गर्दै लगेको देखिन्छ। लेखनाथ पौड्यालका 'कविकविताऽऽलाप', **ऋतुविचार**, **'बुद्धि-विनोद'**, **'सत्यकलि संवाद'**, धरणीधरका **नैवेद्य** जस्ता परिष्कृत कविता लेखन सँगसँगै नेपाली कविताले श्रृङ्गार वा माध्यमिक काल पार गरेर आधुनिक कालमा पाइला टेक्यो।

यसरी नेपाली कविताको विकास परम्परामा नेपाली कविताको माध्यमिक काल (सन् १८८४ - १९१७; वि. सं. १९४१-१९७४) को विवेचना गरेर हेर्दा निम्नलिखित निष्कर्षहरू निस्कन्छन् :

(क) सन् १८८४ देखि १९१७ सम्मको समय नेपाली साहित्यको माध्यमिक काल हो। यस काललाई 'मोतीराम युग'[१०], 'श्रृङ्गार काल'[११], 'विकास काल'[१२] आदि पनि भनिएको छ।

(ख) माध्यमिक कालका नेपाली कविताहरूको विकासक्रमलाई हेर्दा यस युगका नेपाली कविताहरू मूलतः श्रृङ्गारप्रधान र गौण रूपमा भक्ति तथा नीति-अध्यात्म, उपदेशप्रधान रहेका देखिन्छन्।

(ग) माध्यमिक कालको नेपाली श्रृङ्गारधारा मूलतः संस्कृत र फारसी साहित्य अनि नेपाली लोक जीवनजस्ता

---

१०. शरदचन्द्र शर्मा भट्टराई, **नेपाली साहित्यको इतिहास** (माध्यमिक काल); त्रि.वि. पाठ्यक्रम, विकास केन्द्र, काठमाण्डौ; वि.सं. २०३७; पृ० २३।

११. तारानाथ शर्मा, **नेपाली साहित्यको इतिहास** (द्वि.सं.); साझा प्रकाशन, काठमाण्डौ; वि.सं. २०३९; पृ० २३-२६।

१२. दयाराम श्रेष्ठ सम्भव, **नेपाली साहित्यको संक्षिप्त इतिहास**; साझा प्रकाशन, काठमाण्डौ; सन् १९९२; पृ० ४३।

स्रोतहरूबाट प्रभावित प्रेरित भई विकसित भएको देखिन्छ।[१३]

(घ) सन् १८८४ श्रृङ्गारिक कविका रूपमा मोतीराम भट्टको उदयकाल हो र सन् १९१७ यिनीद्वारा प्रवर्तित श्रृङ्गारधाराको चरमोत्कर्ष काल हो।[१४] सन् १९१७ मा **सूक्ति सिन्धु** (क.सं.) को प्रकाशनका साथै श्रृङ्गारधारा चरममा पुगेपछि नेपाली कविताको मध्यकाल समाप्ति हुन्छ।

३.१.२.३ आधुनिक काल सन् १९१८ देखि यता (वि. सं. १९७५ देखि यता) :

माध्यमिककालीन श्रृङ्गारले चरमसीमा टेकेपछि त्यसप्रति सचेत नेपाली कविहरूलाई विरक्तिभाव वा वितृष्णा जाग्यो र राष्ट्रिय एवं अन्तर्राष्ट्रिय जगत्मा घटेका घटनाहरूले तथा शैक्षिक-वैज्ञानिक प्रगति आदिले गर्दा नेपाली कवि-साहित्यकारहरूमा पनि नेपाली समाजको नव-निर्माण गर्ने चाहनाको उदय भयो। अतः आफ्नो देश-जातिको गौरव र पुरातन वैभवप्रति आस्था राख्ने अनि धार्मिक-आध्यात्मिक, समाज-सुधार-संस्कारात्मक स्वर अँगालेर लेख्ने नेपाली कविहरूबाट नीतिवादी एवं जागरणधर्मी कविता रचना हुन थालेको पाइन्छ। यस परिपाटीमा रूचि राखेर कविता रचना गर्ने कविहरूमध्ये लेखनाथ पौड्याल, धरणीधर कोइराला, सोमनाथ सिग्देल, महानन्द सापकोटा प्रभृति कविहरू उल्लेखनीय रहेका छन् भने **नैवेद्य** (सन् १९२०); **स्पन्दन** (सन् १९४७); **मनलहरी** (सन् १९२३); **अपुङ्गो** (सन् १९२०); **विशाल नेपाल; अन्नु; आशा र आँशु; हाम्रो नेपाल; आँटे; ऋतु विचार** (सन् १९१६); **बुद्धि विनोद** (सन् १९१६-१७), **सत्यकलि-संवाद** (सन् १९१९) जस्ता काव्य-कृतिहरू यस चरणका उल्लेख्य कृति मानिन्छन्।

बालकृष्ण समको उदयपछि आधुनिक नेपाली कविताले उनको बैचारिक अवधारणाबाट शास्त्रीय परिष्कृति, अध्यात्म चिन्तन, वैज्ञानिक विचार र बुद्धिवादी चिन्तन आदिको समन्वित भावभूमि प्राप्त गर्ने सुयोग पायो। यसपछि महाकवि लक्ष्मीप्रसाद देवकोटा र सिद्धिचरण श्रेष्ठको उदयले नेपाली कविताले पाश्चात्य साहित्यका कीट्स, शेली, वाइरन, वड्सवर्थ प्रभृति स्वच्छन्दतावादी कविहरूको प्रभाव एवं हिन्दीको छायावादी आन्दोलनको प्रभाव र प्रेरणा पनि प्राप्त गर्न सकेको पाइन्छ। नेपाली कविताको आधुनिक कालको यो दोस्रो चरण मूलतः रोमाण्टिक एवं रोमाण्टिक-प्रगतिवादीधाराको चरण हो। यस धाराअन्तर्गत पाइने प्रवृत्तिगत वैशिष्ट्यमध्ये आत्मपरक अभिव्यक्ति, कल्पना, प्रकृति उन्मुखता, स्वच्छन्द विचरण, प्रकृतिको आह्लादकारी रूपको चित्रण, देशप्रेम, अतीतमुखी, मानवमनको रहस्यमय परिभ्रमण, आत्मिक भ्रमण, आत्मपरक अभिव्यञ्जना,

---

१३. चूड़ामणि बन्धु, 'मोतीरामका श्रृङ्गारिक कविता', **मोती स्मृति ग्रन्थ;** नेपाली शिक्षा परिषद्, काठमाण्डौ; वि.सं. २०३९; पृ० ९४-९५।

१४. दयाराम श्रेष्ठ र मोहनराज शर्मा, **नेपाली साहित्यको संक्षिप्त इतिहास**, साझा प्रकाशन, काठमाण्डौ; सन् १९९२; पृ० ४३-४४।

विद्रोह र क्रान्तिको स्वर प्रमुख देखिन्छन् र यस परिपाटीमा कविता रचना गर्ने स्वच्छन्दतावादी प्रवृत्तिका प्रतिनिधि कवि लक्ष्मीप्रसाद देवकोटा, सिद्धिचरण श्रेष्ठ, भवानी भिक्षु, भीमनीधि तिवारी, म.वी.वी. शाह, माधवप्रसाद घिमिरे, केदारमान व्यथित, अगमसिंह गिरी, गोपाल प्रसाद रिमाल, विजय मल्ल, कृष्णचन्द्रसिंह प्रधान, भूपि शेरचन, गोविन्द भट्ट प्रभृति कविहरू उल्लेखनीय मानिन्छन्। यी कविहरूले नेपाली कवितालाई गरिमामय तुल्याउन महत्वपूर्ण भूमिका खेलेका छन्। यस धाराअन्तर्गतका नेपाली कवितामा गद्य शैलीको प्रयोग हुन थालेपछि नेपाली कविता प्रतीकधर्मी, बिम्बवादी, अभिव्यञ्जनाधर्मी भएर गतिशील बन्न पुगेको पाइन्छ। फलतः कवि लक्ष्मी प्रसाद देवकोटाबाट थालिएको रोमाण्टिकधारा कवि गोपाल प्रसाद रिमालको उत्कृष्ट अभिव्यक्तिस्पर्श पाएपछि रोमाण्टिक-प्रगतिवादी स्वर पनि सँगसँगै घन्केको पाइने हुनाले आधुनिककालीन नेपाली कविताको यस चरणलाई रोमाण्टिक प्रगतिवादीधाराको चरण भनिएको हो।[१५] यस चरणका प्रमुख काव्यकृतिहरूमध्ये कवि लक्ष्मीप्रसाद देवकोटाका **'मुना-मदन'**, **'मायाविनी सर्सी'**, **'म्हेन्दु'**, **'लूनी'** जस्ता खण्डकाव्यहरू र **'शाकुन्तल'**, **'सुलोचना'**, **महाराणा प्रताप**, **प्रमिथस** जस्ता महाकाव्यहरू नेपाली कविताका समृद्ध, सम्पन्न एवं महत्वपूर्ण निधि हुन्। यस्तै सिद्धिचरण श्रेष्ठका **मेरो प्रतिबिम्ब** (क.सं.), **उर्वशी** (ख.का.), गोपाल प्रसाद रिमालको **आमाको सपना** (क.सं.), विजय मल्लको **'विजयमल्लका कविता'**, भूपि शेरचनका **'घुम्ने मेचमाथिको अन्धो मान्छे'** जस्ता काव्य-कृतिहरूले नयाँ कीर्तिमान स्थापित गरेका छन्।

रचना तथा प्रकाशनका दृष्टिले केही पछिका भए तापनि रोमाण्टिक तथा रोमाण्टिक-प्रगतिवादी धारा विकसित भइसकेपछि सिक्किमतिरबाट पनि नेपाली साहित्यिक गतिविधि आरम्भ भएको पाइन्छ र विभिन्न पत्र-पत्रिकामा शास्त्रीय परिपाटीका छिटफुट रचनाहरू, परिष्कारवादी भावधारा, रोमाण्टिक र रोमाण्टिक-प्रगतिवादी धाराका कविता सङ्ग्रहहरू पनि प्रकाशनमा आएका देखिन्छन्।

सिक्किमेली नेपाली कविताको सन्दर्भमा रोमाण्टिक धारा एवं रोमाण्टिक-प्रगतिवादी धारालाई अँगालेर कविता रचना गर्नेहरूमा तुलसी बहादुर छेत्री, तुलसीराम शर्मा 'कश्यप', गिर्मी शेर्पा, राजेन्द्र भण्डारी, जीवन थिङ प्रभृति कविहरू प्रमुख मानिन्छन् र यस सन्दर्भमा तुलसीराम शर्मा 'कश्यप' का **आँकुरा** (सन् १९६५), **कला-कमल** (सन् १९६७), गिर्मी सेर्पाको **बाँझो दिनमाथि पह्लाएका केही फूलहरू** (सन् १९७८), राजेन्द्र भण्डारीका **हिउँदे यी चिसा रातका पर्दाहरूमा** (सन् १९७८), जीवन थिङको **साङ्लीभित्र बाँधिएका घोड़ाका टापहरू** (सन् १९८३) जस्ता कविता सङ्ग्रहहरू उल्लेखनीय छन्।

आधुनिक नेपाली कविताको तेस्रो चरण (सन् १९६०-१९७२) प्रयोगवादी धारातिर उन्मुख रहेको देखिन्छ। लक्ष्मी प्रसाद देवकोटा र सिद्धिचरण श्रेष्ठबाट थालिएको रोमाण्टिक धारा गोपाल प्रसाद रिमालसम्म आइपुग्दा रोमाण्टिक-प्रगतिवादी धारातिर गतिशील हुँदै गएको र कवि लक्ष्मीप्रसाद देवकोटाको शेखपछि

१५. रमेश श्रेष्ठ, नेपाली कविताको प्रवृत्ति; **पूर्ववत्**; पृ. ७५।

शिथिल हुँदै गएको समयमा कवि मोहन कोइराला, कवि वैरागी काइँला प्रभृति कविहरूबाट प्रयोगवादी एवं आयामिक लेखन शुरू भएको पाइन्छ। यसरी आधुनिक नेपाली कविहरूले प्रयोगवादी प्रवृत्तिलाई र आयमिक लेखनपरम्परालाई अँगाल्न पुगेको देखिन्छ। प्रयोगवादी धाराका केन्द्रीय प्रतिभा मोहन कोइराला हुन्। उनीपछि देखा परेका द्वारिका श्रेष्ठ, पुष्कर लोहनी, पोषण पाण्डे, पारिजात, कुन्दन शर्मा प्रभृति कविहरूले यस धारालाई गतिशील तुल्याउन थप सहयोग पुऱ्याएका छन्। प्रतीकवाद, अतियथार्थवाद तथा विसङ्गतिवादी अवचेतन लेख जस्ता प्रवृत्तिलाई समेत अँगालेर रचिएका प्रयोगवादी धाराका मोहन कोइरालाका **'सूर्यदान'**(सन् १९६५), **'लेक'**(सन् १९६६), **'नदी किनारमा माझी'**(सन् १९८१), **'ऋतु-निमन्त्रण'**(सन् १९८३), **'गरलपान'**(सन् १९८३) र जगदीश शमसेरको **'नरसिंह अवतार'** (सन् १९८०) जस्ता कृतिहरू यस चरणका उल्लेखनीय कविता-कृति हुन्।

यहाँ आइपुग्दा सिक्किममा पनि नेपाली कविताको गतिविधि केही बढ्दै गएको देखिन्छ। यस समयका प्रवृत्तिहरू अँगालेर कविता रचना गर्ने कवि र उनीहरूका कविता-कृतिमध्ये क्रेदार गुरूङका **महाशक्तिहरूको पूजा; छाँगुहरू सँधै सेतै भएर खस्ने गर्छन्; फैलिएका हातहरू, सूर्यग्रहण र नयाँ दिनहरू;** राजेन्द्र भण्डारीका **हिउँदे यी चिसा रातका पर्दाहरूमा; यी शब्दहरू : यी हरफहरू** कविता सङ्ग्रह; गिर्मी सेर्पाका **बाँझो दिनमाथि पह्लाएका केही फूलहरू** र **हिपोक्रिट चाँप गुराँस र अन्य कविता** जस्ता कविता सङ्ग्रहहरू उल्लेखनीय रहेका पाइन्छन्।

तेस्रो चरणमा प्रयोगवादी प्रवृत्ति वा आयामिक लेखन परम्पराका कविताहरूका अतिरिक्त पनि आनन्ददेव भट्ट, मोदनाथ प्रश्रित, गोविन्द भट्ट, भवानी घिमिरे, दिल साहनी जस्ता कविहरूले प्रगतिवादी भावधाराका कविताहरू रचना गरेर नेपाली कवितालाई विकसित तुल्याउन थप सहयोग पुऱ्याएको पाइन्छ भने कृष्णप्रसाद पराजुली, भानुभक्त पोखरेल, बासुदेव त्रिपाठी, घटराज भट्टराई, डिल्लीराम तिमसिना, बासुदेव शर्मा, भैरव अर्याल प्रभृति कविहरूले परिष्कारवादी वा सामाजिक सुधार-संस्कारवादी, प्रगतिवादी, रोमाण्टिक तथा हास्य व्यंग्यप्रधान कविताहरू रचना गरेर नेपाली कवितालाई आयाम र गति दिएको देखिन्छ। पूर्ववर्ती परिष्कारवादी वा रोमाण्टिक एवं रोमाण्टिक-प्रगतिवादी भावधाराका कविताहरूको भाषा-शैली एवं शिल्प-शैलीका तुलनामा प्रयोगवादी वा आयामिक लेखन परम्पराका कविताहरूको भाषा-शैली एवं शिल्प-शैली केही क्लिष्ट, अस्पष्ट, दुर्बोध्य रहेको पाइने हुनाले प्रयोगवादी वा आयामिक लेखन कविता सर्वसाधारण पाठकका निम्ति थोरै मात्र सम्प्रेषणीय बन्न सकेको बोध हुन्छ। त्यसैले पूर्ववर्ती भावधाराका कविताहरूका तुलनामा प्रयोगवादी धारा वा आयामिक लेखन परम्पराका कविताहरू थोरै लोकप्रिय एवं प्रभावकारी बन्न सकेका पाइन्छन्।

आधुनिक नेपाली कविताको चौथो चरण (सन् १९७३ देखि यता) लाई प्रवृत्तिका आधारमा नेपाली विद्वान समालोचकहरूले समसामयिक धारा नाम दिएका छन्।[१६]

---

१६. वासुदेव क्षिपाठी, **नेपाली कविता** (भाग - ४); पूर्ववत्; पृ० १४१।

प्रयोगवादी धारा वा आयामिक लेखन परम्पराका कविताहरूमा देखा परेको क्लिष्टता, दुरूहता, अस्पष्टता आदि कारणहरूले गर्दा नेपाली काव्य जगत्मा राल्फा समाज, यङ जनेरेसन, यङ राइटर फ्रण्ट, बुटपालिस, सड़क क्रान्ति कविता जस्ता काव्यिक आन्दोलन वा जमातहरूको प्रभाव र प्रेरणाबाट जन्मिएको धारा हो समसामयिक धारा। कविता क्लिष्ट होइन सरल, सम्प्रेष्य, संवेद्य हुनुपर्छ र समसामयिक जीवनको चित्रण कवितामा हुनुपर्छ भन्ने नै यस धाराका कविहरूले अँगालोका मुख्य प्रवृत्ति हुन्। शैलेन्द्र साकार, जनार्दन जोशी, रमेश श्रेष्ठ, भुवन ढुङ्गाना, कनाद महर्षि, हरिभक्त कटुवाल, मीनबहादुर विष्ट, तोया गुरूङ, सरूभक्त श्रेष्ठ, ज्ञानवाकर पौड्याल, कृष्ण धारावासी, शारदा शर्मा आदि यस धाराका उल्लेख्य कविहरू हुन्।

असीत राई, लक्ष्मण श्रीमल, मनबहादुर गुरूङ, विकास गोतामे, नोरदेन रूम्बा, जीवन नाम्दुङ, नोर्ज्याङ स्याङदेन, केवलचन्द्र लामा, उदय थुलुङ, विमल छेत्री आदि दार्जीलिङ भेकका यस समसामयिक धाराका उल्लेखनीय कवि प्रतिभा हुन् भने युद्धवीर राणा, भविलाल लामिछाने, नव सापकोटा, अनिरूद्ध गौतम, पदम छेत्री आदि असम-पूर्वाञ्चल क्षेत्रका यस धाराका उल्लेख्य कवि प्रतिभा हुन्। त्यस्तै जीवन थिङ, केदार गुरूङ, गिर्मी सेर्पा, राजेन्द्र भण्डारी, उपमान बस्नेत, पवन चामलिङ, प्रवीण राई जुमेली आदि सिक्किम क्षेत्रबाट समसामयिक धारामा देखा परेका कवि हुन्।

यसरी नेपाली कविताको विकासको अध्ययन, अनुशीलन गरेर हेर्दा निष्कर्षको रूपमा के भन्न सकिन्छ भने नेपाली कविताले उसको यात्राकालदेखि आजसम्म विभिन्न मोड़हरू पार गर्दैआएको देखिन्छ। विभिन्न मोड़ वा चरणहरूमा यसले नित्य नवीन भाव र नयाँ शिल्प-शैली पनि अँगालेर विकासका खुट्किलाहरू द्रुत गतिमा पार गर्दैआएको बोध हुन्छ। आज नेपाली कविता नयाँ भाव, नयाँ शिल्प-शैली, नयाँ संरचना, नयाँ चिन्तनमा अझ सुन्दर र रमणीय बन्दै गतिशील बनेको देख्न पाइन्छ। नेपाली काव्य जगत्मा देखापरेका नवीन प्रतिभाहरूले पनि आफ्ना अग्रजबाट प्रभाव र प्रेरणा ग्रहण गर्दै आफ्ना मौलिक चिन्तन र शिल्प-शैली आदिले नेपाली कवितालाई सुन्दर र मनमोहक पार्ने प्रयास गरिरहेका छन्।

नेपाली कविता पद्य एवं गद्य शैलीमा गतिशील छ। आजका कविहरू स्थानीय वा आञ्चलिक सन्दर्भमा मात्र केन्द्रित नभएर आफ्ना विचारधारालाई व्यापक बनाउँदै युगीन चेतना वा विश्व बोधलाई नै अँगाल्न सक्षम भइसकेका छन्। संक्षेपमा यसलाई नेपाली कविताको उल्लेखनीय उपलब्धि मान्न सकिन्छ।

३.२ सिक्किमेली नेपाली कविताको सर्वेक्षण :

३.२.१ सिक्किमेली नेपाली कविताको चरण विभाजन :

एकाध विद्वानहरूले सिक्किममा नेपाली साहित्य परम्परा सन्त कवि ज्ञानदिलदासको **'उदय लहरी'**[१७]

१७. स्वामी प्रपन्नाचार्य, 'सन्यासी र जोसमनी सम्प्रदायमा भेद', **स्रष्टा**, (सम्पा. केदार गुरूङ र अन्य); वर्ष १६, अङ्क ३७, प.सि.सा.प्र., गेजिङ; सन् १९९५; पृ० ६९।

(वि.सं. १९३४, सन् १८७७), 'टुङ्ना भजन' र 'झ्याउरे भजन' -का रचनाकालदेखि थालिएको मान्नुपर्ने भनेको पाइन्छ तापनि सिक्किमको कविता यात्रा सन् १९४० अथवा यसका छेउछाउतिरको चन्द्रदास सापकोटाका **ज्ञान-विनोद** (सन् १९४४) र **योगसागरको सवाई** (सन् १९४६) -को रचना एवं प्रकाशनकालबाट थालिएको मान्नुपर्ने स्थिति देखिन्छ। वस्तुतः **ज्ञान-विनोद** (सन् १९४४) -को प्रकाशनपछि सिक्किमेलीं नेपाली कविता आफ्नो यात्रा शुरू गरी पं० भवानीशङ्कर पोखरेलसम्म (सन् १९४७-४९) आइपुग्दा एउटै प्रवृत्ति र प्रवाहमा बहेको तथा सन् १९४९ देखि चाहिँ यस प्रकारको प्रवृत्ति शिथिल हुँदै गएर **इन्द्रकील पुष्पाञ्जलि** (सन् १९५०) -मा आइपुग्दा सिक्किमेली नेपाली कविताले नयाँ मोड़ लिएको पाइन्छ। त्यसपछि यसको यात्रा-गतिमा केही वर्ष (सन् १९५३-१९६०) शिथिलता आएको देखिन्छ र तुलसीराम शर्मा 'कश्यप' -को **आँकुरा** (क.सं.; सन् १९६५) -को प्रकाशनपछि चाहिँ यसको यात्रा गतिमा पुनः तीव्रता आएको देखिन्छ अनि यो प्रवाह सन् १९९० वा यसको छेउछाउसम्म नै प्रवाहित भइरहेको देखिन्छ।

यसरी विवेचना गरेर हेर्दा सन् १९४० वा यसको छेउछाउदेखि सिक्किममा नेपाली कविता लेखिन थालिएको देखिने हुनाले यस समयलाई सिक्किमेली नेपाली कविताको यात्राकाल र त्यसभन्दा अघिको समयलाई पृष्ठभूमिकाल मान्नुपर्ने देखिन्छ। प्रस्तुत शोधकार्य सन् १९९० सम्म सिक्किममा भएको नेपाली कविताको विकासक्रमको अध्ययन-अनुसन्धानमा सीमित रहेको हुनाले शुरूदेखि सन् १९९० सम्मको सिक्किमेली नेपाली कविताको सर्वेक्षण गर्दा विश्लेषणका सुविधाका निम्ति सिक्किमेली नेपाली कविताको विकासक्रमलाई स्थूलरूपमा निम्नलिखित चरणहरूमा छुट्याएर यसको विवेचना गरिएको छ :

(क) पृष्ठभूमिकाल - शुरूदेखि सन् १९३९ सम्म

(ख) पहिलो चरण- सन् १९४० देखि सन् १९४९ सम्म

(ग) दोस्रो चरण - सन् १९५० देखि सन् १९६९ सम्म

(घ) तेस्रो चरण - सन् १९७० देखि सन् १९९० सम्म।

(क) पृष्ठभूमिकाल :

३.२.१ पृष्ठभूमिकाल

नेपाली भाषा भारोपेली भाषा परिवारको सतम् वर्गमा पर्ने भारतीय आर्य शाखाको संस्कृतबाट मध्यकालीन प्राकृत-अप्रभंश भाषाहरू हुँदै आधुनिक आर्य भाषाका रूपमा जन्मिएपछि त्यसमा लोकधाराको गीतिकविता परम्परा प्रवाहित हुनथालेको ठान्न सकिन्छ।[१८] वस्तुतः विश्व साहित्य-इतिहासमा पनि पहिलो

१८. वासुदेव त्रिपाठी, **नेपाली कविता** (भाग - १); साझा प्रकाशन, पुलचोक; सन् १९९१; पृ० १२।

लोकधारा मौखिक वा श्रुति परम्परामार्फत प्रवाहित भई त्यस भाषामा लिपि आविष्कार भएपछि लिखित साहित्यको विकास हुनसकेको देखिन्छ। नेपाली लोक साहित्यको मौखिक गीति परम्पराका केही पुराना अवशेष नेपाली संस्कार-गीत, उखान, तुक्का, सूक्ति आदिमा पाइन्छन्। नेपाली भाषाका विभिन्न देवगीत, वीरगीत, बालगीत, संस्कारगीत सम्बन्धी मौखिक, लोक-कविता सामग्री मुखमुखै विकसित हुँदैआएको कुरा पनि सर्वविदित छ। यस सन्दर्भमा नेपाली जनसमुदायमा प्रचलित सगुन, मागल, फाग, पैकेलो, चाँचड़ी, चैत, भारत आदि गीत गाथा र नाट्य-गाथाका अनेकौं लोक सामग्री उल्लेखनीय छन्। सिक्किममा पनि नेपाली भाषा-भाषीहरूको बढ्दो आवादि र नेपाली भाषा सँगसँगै नेपाली लोकगीतहरू मौखिक रूपमा प्रवाहित हुँदै आएका पाइन्छन् र नेपाली भाषाको प्रचार-प्रसार सँगसँगै नेपाली लोकगीतको प्रचार-प्रसार पनि व्यापक रूपमा भएको देखिन्छ। यस सन्दर्भमा सिक्किमतिर चाड़ पर्व आदि विभिन्न अवसरमा गाइने मागल, देवड़ा, रत्यौली, भजन, तीजेगीत, बालुन आदि विशेष उल्लेखनीय छन्।

नेपाली लोक जीवनमा प्रचलित रहेका "यिनेली बिनेली दिन गुमाइ/जुनेली रातमा बिस्कुन सुकाई"[१९] "दिनभरि कपाल कोर, रातभरि बिस्कुन सोर" र "रिस उठ्दा ओठ-मुख सुकेकी, खुस पर्दा केश बन्धन फुकेकी" जस्ता अनुप्रासात्मक, लयात्मक कविता जस्ता लाग्ने उखान-तुक्का र गाउँखाने कथाहरू प्रचलित रहेका पाइन्छन्। यिनीहरूका अतिरिक्त "मामा आए घोड़ी, माइजू आइन् डोली; पापा ल्याइन् सोली, दुदु माम सुपुक्क।"[२०] "दही चोरी मोही चोरी, दुनु वचरी कान समाती"; "चिं मुसी चिं, मुसीले खायो धान, काटौं बिरालाको कान"; "यति यति पानी, गे-गे रानी" जस्ता मौखिक रूपमा बाँचिरहेका शिशुगीतहरू पनि यस सन्दर्भमा उत्तिकै उल्लेखनीय रहेका देखिन्छन्।

वस्तुतः सिक्किम कृषिप्रधान देश हो। यहाँका लेप्चा, भोटिया र नेपालीहरू शुरवीर, कर्मठ र परिश्रमीमात्र नभई धर्ममा आस्था र विश्वास राख्ने, आफ्ना जीवनयात्राका विविध मोड़हरूमा रसिकता गर्दै जीवन धान्ने जाति हुन्। जीवन यात्रामा आइपरेका सुख-दुःख, सफलता-असफलतासँग पौंठेजोरी खेल्दै जीवनलाई सुखमय तुल्याउनु नेपालीहरूको प्रकृति प्रदत्त गुण हो। नेपाली जातिले विश्वका महान् युद्धमा ज्यानको बाजी लगाएर आफ्ना बल-पराक्रमको परिचय संसारलाई दिइसकेका ज्वलन्त उदाहरणहरू इतिहासमा अङ्कित छन्। वीर योद्धा नेपाली युवकहरू जिजीविषाका निम्ति आफ्ना घर-परिवार, गाउँ, देश छोड़ी युद्धभूमि जाँदा घरमा रहेका वृद्ध आमा-बाबुहरूले आफ्ना छोराहरूको विछोड़मा भन्ने गरेका "छोरी पायो अर्काको छोरालाई, छोरा पायो जर्मनको धावालाई" जस्ता मर्मस्पर्शी उद्गार र "रणमा मर्ने छोराले बैकुण्ठ धाम पाउँछ" वा "छोराले कि रणमा मर्नु कि वनमा" जस्ता आहानहरू आजपर्यन्त सुन्नपाइन्छ।

---

१९. लीलसिंह कर्मा, **हाम्रो लोक साहित्य**; लेखक स्वयम्, सिन्धुलीगढ़ी; सन् १९७९; पृ. १६९।

२०. धर्मराज थापा र हंसपुरे सुवेदी, **नेपाली लोक साहित्यको विवेचना**; त्रि. वि. पाठशाला, विकासकेन्द्र, काठमाण्डौ; सन् १९८३; पृ. २०२।

सिक्किमेली समाजमा विवाहको यज्ञ मण्डपमा खाँड़ो जगाउने प्रथा आज पनि प्रचलित छ। खाँड़ो जगाउने जन्ती पक्षका व्यक्तिले हातमा नाङ्गो खुकुरी लिएर राजा-महाराजाको नाम र यश गाउने गर्छन्। सिक्किमको रापदोङ तिनतेक निवासी श्री चेवन ढकाल र टी० एन० ढकालले एउटा विवाह मण्डपमा जगाएको खाँड़ोको एउटा नमूना यस्तो छ :

"भोटके निकटमें टिस्टा रङ्गीतके तीरमें
टिस्टाके तीर मेसे धन्य धन्य मन्त्री बुझसे
मन्त्रीके खेलसे चले बहादुर लोक लस्कर
चले दिल्ली किल्ला कांगड़ा में
चले शिलाङ लङ्का पलङ्का में
त्यहाँ जाके वैरीसे भिड़न लागे (हुँकार)
लासा गुर्जा नगरा निशान भेरी गर्जन लागे
धर्ती कम्पन लागे मुलुक थर्कन लागे
हँ हँ और सुनो जुद्ध देख्न महारानी चल्ते है, ...आदि।"

यस्तै फागु पूर्णिमामा गाइने करूवा गीत, गाउँले चेलीले गाउने तीजे गीत, बालुन, मालसिरी, देउसी-भैलीले यहाँको जन-जीवन र संस्कृतिको जगेरा गरेको छ। यहाँको लोक साहित्य र संस्कृतिले आफूलाई र भारतीय वा हिन्दु संस्कृतिको पनि संरक्षण गर्दै आफ्नो अस्तित्वलाई बचाइराख्न सफल भएको देखिन्छ। यहाँ सिक्किमेली नेपाली समाजमा मौखिक रूपमा प्रचलित रहेका एकाध गीत गाथाका उदाहरणहरू प्रस्तुत गरिएका छन्ः

(१) फूलका गुच्छा र चमर डोलाउँदै स्त्रीहरूले कसार भुट्दा वा बटार्दा गाउने एउटा महाल गीत :

"सुनै क्यारे कप्टेरी, रूपै क्यारे खँड्कुड़ी
चेली र बैनी भुटन, छिन्द्रिँड्रै गर्ने मानी भरेर
पीठो हाल्देउन!
अछेता पाती दुनामा लाइदेउन दाजु निधार
चारै कुना चलाउन कसार बाट्ने गोलौरी,
बाट दिदी, बाट बैनी कसारको पीठो
भाँड़ाको खुदो हालिदेऊ, चल्नाले पीठो चालिदेऊ...।
आउन चेली बेटी सप्पै मिली गाउँला मंगल
मंगल गाइ कसारको पीठो हातमा लाउन

बाटौं न बाटौं चेली बाटेको टपरीमा कसार लाउन
एक रुपियाँ पैसा जनै-सुपारी हालौंन
पहेंलो कपड़ा ल्याउन, कसारका डल्ली हालौंन
पहेंली कपड़ा बाधौंन
देवी द्यौराली मानौंन आमा-बाबु बोलाउन।[२१]

(२) सिक्किमको पूर्वी क्षेत्रका गाउँ-बस्तीमा ज्यादै प्रचलित रहेको एउटा गीत :

"जुहारी खेल्न निम्तो छ मलाई म जान सक्तिनँ
हारेर फर्के अखानु गाउँको म खान सक्तिनँ।
सराङमा मादल थन्काको पनि वर्ष दिन ट्वाक्कै भो
हिजो यो झिकी टाङ् टुङ् पार्दा खरी फ्वाक्कै भो
रिसले टाउको नङ्ग्राउने हुँदा भादगाउँले भ्वाक्कै भो।।[२२]

(३) सेलो वा डम्फू गीत सिक्किमका दक्षिण-पूर्वी भागमा बस्ने तामाङ जातिमा विशेष प्रचलित छ। हिजोआज यो सेलो वा डम्फू गीत तामाङ जातिमा मात्र सीमित नभएर अन्य जातिमा पनि उत्तिकै प्रचलित छ जस्तैः

"डम्फू त राम्रो घोरलको छालाले मोरेको
कोइरालाको काठको घेराले वरिपरि घेरेको
कठबाँसको किलाले बत्तीस ठाउँमा खिलेको
पुर्खा ता हाम्रो पेम दोर्जी उसैले डम्फू बजाको।"[२३]

(४) रम्फू, माझीटार, साङ्खलान, सरम्सा, जोरथाङ आदि ठाउँहरूमा वर्षेनी आयोजन गरिने माघे सङ्क्रान्ति जस्ता मेला-उत्सव र माघे संक्रान्ति जस्ता मेला उत्सवमा गाइनें जुहारी गीत :

युवती - उँधोलाई बग्ने दाजु सिलिलि टिस्टा माछै छ लेवैमा।
परलाई बसी दाजु धम्कीलाई नदेऊ आऊ मेरो छेवैमा।।
आऊ मेरो छेवैमा त्यो सानो माया आऊ मेरो छेवैमा...।[२४] इत्यादि।

---

२१. नर्वदा सुवेदी र चन्द्रकला अधिकारी, पूर्व सिक्किम गान्तोकबाट प्राप्त जानकारी एवं रेकर्ड गरिएको क्यासेटबाट।
२२. सानुभाइ शर्मा (जी.आर. शर्मा), गान्तोकबाट प्राप्त जानकारी।
२३. सिरीकुमार पाखरिङ (सङ्कलनकर्ता), **सर साङ्गे पाखरिन र स्व. सन्तवीर पाखरिन** (निर्माता) बाट प्राप्त जानकारी।
२४. मुन्नामाया छेत्री, रम्फू माझीटार, पूर्व सिक्किमबाट प्राप्त जानकारी।

(५) **सँगिनी गीत :** सिक्किमेली नेपाली समाजमा परम्परा रूपमा कायम रहँदै आएको सँगिनी गीतलाई नेपाली चेलीहरू खूबै मार्मिक वा कारूणिक स्वरमा गाउने गर्दछन्। विशेषगरी धार्मिक, सांस्कृतिक चाड़-पर्व, व्रतादिमा तथा पूजा उत्सवहरूमा चेलीहरू आ-आफ्नो दल बनाएर घुम्दै-नाँच्दै सँगिनी खेल्छन्। यस गीति नृत्यमा युवतीहरू चहकिला पोशाक लगाएर आम्खोरा वा लोटा भरी पानी भरेर टाउकामा राखी माथि दीयो बालेर घुमी-घुमी नाँच्छन्। बलेको बत्ती पनि ननिभाइ, पानी नपोखी धेरै बेरसम्म नाचिरहन्छन्। सिक्किममा तीजमा गाइने प्रचलित सँगिनीको एक उदाहरण :

"आऊ न आऊ नि सँगिनी मेरी
त्यहीँ तल नि चौतारीमा सँगिनी खेल्न जाऊँ।।१।।
बाह्रै र मासमा घुमेर आउने,
आइपुग्यो तीज नि चेली रूवाउने
चेलीको विलौना।।२।।
हातका चुरा नि मनका कुरा
दिन गन्दै जाँदा आउलान् दाजै
मनमा विलौना।।३।।
तीजको चाड़ नि आमैको आड़
आए त दाजै नि जाउँला माइत
हेरेर साइत।।४।।
नआए दाजै नि के गर्नु आजै
भोलिको तीज नि खोइ मेरो चीज
खोइ मेरा माइती।।५।।[२५]

(६) सिक्किममा लोकगीतको पुरानो परम्परा छ। राजाको राज्यभिषेकको दिनमा साना-तिना पूजा-आजा र बिहे बटुलामा, सरकारी, गैर सरकारी तथा सामाजिक, सांस्कृतिक कार्यक्रममा लोक गीतको पौल बहेको देखिन्छ। जस्तै :

२५. गीता शर्मा र बेञ्जामीन राई (राङ्का सर) -बाट प्राप्त जानकारी।

"लौ दाई बजाइदेऊ, बजाइ देउन है मादलु
कञ्चनजङ्घा छोपी राख्ने फटाइ देउन है बादलु
हाई सानु मारूनी नाचिदेउन नि नाचिदेऊ
आँगनैमा नाचन माया मोह गाँसन।
सयपत्री फूलमाला उनी लगाइ देउन
हिमालको काखका सानो सुन्दर सिक्किम देश
चारैतिर हरियोपनले ढाकिएको हाम्रो देश।"[२६]

(७) यस्तै सिक्किमतिर बहु प्रचलित एकाध लोक गीतहरू :

(क) "सुनाखरीको यो देश छैन यहाँ केही क्लेष
'हरियो वन हाम्रो धन' यस्तै सोच्छ हाम्रो मन
साम्प्रदायिक सद्भावना, अखण्डताको भावना
अनेकताबीचको यन्त्र याँको मूलमन्त्र।"

(ख) "पहाड़ राम्रो हिमाल राम्रो मेरी सिक्किम आमाको
छहरा राम्रो पहरा राम्रो मेरी सिक्किम आमाको
गाउँ नै राम्रो ठाउँ नै राम्रो मेरी सिक्किम आमाको
भिन्दा भिन्दै भेष-भूषा भिन्दा-भिन्दै भाषा छ
तर पनि सबैमाझ मेल-मिलाप खासा छ
नाखै (नाकै) राम्रो नक्सै राम्रो मेरी सिक्किम आमाको।
मन्दिर, मस्जिद, गिर्जा, गुम्बा सबै खूबै मिलेको
धर्म-निरपेक्षता चैं मनमा सबले खिलेको
औधि राम्रो नमूना यो असाम्प्रदायिकताको
टिस्टा राम्रो रङ्गीत राम्रो मेरी सिक्किम आमाको
के नराम्रो! सबै राम्रो मेरी सिक्किम आमाको।" **(गीत, सङ्गीत : काजीसिंह)**

वस्तुतः सिक्किमेली नेपाली समाजमा परम्परागत रूपमा चल्दैआएका यस्ता गीत-गाथाहरू सङ्गीतात्मक, लयात्मक, अनुप्रासात्मक रहेका पाइन्छन् र एकाध गीत-गाथाहरूमा काव्यात्मकताको झलक पनि नपाइने होइन। यस सन्दर्भमा प्रसादसिंह नेचालीको **प्रीति लहरी** (सन् १९१९) पनि सिक्किमेली नेपाली कविताको

२६. बेञ्जामीन राई (राङ्का सर) -बाट प्राप्त जानकारी

सन्दर्भमा उल्लेखनीय रहेको पाइन्छ। अतः यस्ता गीत-गाथाहरूलाई सिक्किमेली नेपाली कविताका वीज वा पृष्ठभूमि मान्नसकिन्छ। यसै सन्दर्भमा सिक्किमको नेपाली कविताको विकासक्रमको रूपरेखाबारे चर्चा गर्दा ध्यान दिनुपर्ने उल्लेखनीय नाउँ हो सन्त कवि ज्ञानदिलदास। सन्त कवि ज्ञानदिलदासले दार्जीलिङमा रहँदा-बस्दा **उदय लहरी**को रचना कार्य सन् १८७७ -तिर समाप्त गरेका थिए भन्ने विद्वान्हरूको भनाइ रहेको पाइए तापनि[२७] स्वामी प्रपन्नाचार्यले चाहिँ दार्जीलिङबाट धर्म प्रचारकै उद्देश्यले भए पनि सिक्किम प्रवेश गरेका सन्त कवि ज्ञानदिलदासले गीत र भजनका अतिरिक्त **उदय लहरी**का केही अंशहरू पनि सिक्किममा रचना गरेका हुन् भन्ने विचार प्रकट गरेको पाइन्छ।[२८] ज्ञानदिलदासका रचना कृतिहरूमध्ये **उदय लहरी**, "झ्याउरे भजन" र "टुङ्ना भजन" उल्लेखनीय छन्।

ज्ञानदिलदासले उनको प्रसिद्ध रचना **उदय लहरी**को अन्तिम भाग सिक्किममा रचना गरेका हुन् भन्ने ठोस् प्रमाण चाहिँ उपलब्ध नभए तापनि "झ्याउरे भजन" र "टुङ्ना भजन" चाहिँ आजपर्यन्त पनि गेलिङ धाम वरिपरिका वासिन्दा नयाँ बजार, सोरेङ, च्याखुङतिरका मानिसहरू मुख-मुखै गाउने गर्छन्। उनले सिक्किममा रहँदा-बस्दा (सन् १८७७-१८८३) सामाजिक सुधार संस्कारको भावना र धर्म प्रचारकै उद्देश्यले भए पनि केही गीत भजनहरू रचना गरेका थिए भन्ने अनुमान गर्नसकिन्छ र यसबाट सिक्किमेली समाज केही मात्रामा प्रभावित प्रेरित भएको थियो भन्ने अनुमान गर्नसकिन्छ। यसैले ज्ञानदिलदासका रचना-कृतिहरूलाई पनि सिक्किमेली नेपाली कविताको बीज वा पृष्ठभूमिका रूपमा लिनुपर्ने स्थिति रहेको पाइन्छ।।

३.२.२ पहिलो चरण (सन् १९४०-१९४९) का कवि र कविता कृति :

सिक्किमेली नेपाली कविताको विकास प्रक्रियाको अध्ययन-अनुसन्धान गर्दा सन् १९४० को छेउछाउदेखि सन् १९४९ सम्मको समयलाई सिक्किमेली नेपाली कविताको पहिलो चरण मान्नुपर्ने स्थिति रहेको पाइन्छ। यही सन् १९४० -को छेउछाउदेखि सिक्किममा नेपाली कविताको लेख्य परम्परा शुरू भएको अनुमान हुन्छ। चन्द्रदास सापकोटाको **ज्ञान विनोद** (काव्य; सन् १९४४) अहिलेसम्मको खोजी र प्राप्तिअनुसार सिक्किमेली नेपाली कविताको पहिलो प्रकाशित कविता-कृति देखिन्छ। सन् १९४६ मा मनोरथ दाहालले **उद्देश्य भाषा श्लोक** प्रकाशित गरेर सिक्किमेली नेपाली कवितालाई गति प्रदान गर्ने प्रयास गरेका छन्।

सन् १९४७ तिर अगमसिंह तामाङ, पद्मसिंह सुब्बा, तुलसीबहादुर छेत्री, नीमा वाङ्दी लेप्चाहरू मिलेर 'अपतन साहित्य परिषद्' गठन गरी समस्यापूर्तिजस्ता माध्यमहरूद्वारा कविता रचना गरी सिक्किमेली नेपाली कवितालाई नयाँ गति प्रदान गरेका छन् र अपतन साहित्य परिषद्का कविहरूका प्रतिभाले सिक्किमेली

२७. जनकलाल शर्मा, **जोसमनी सन्त परन्परा र नेपाली साहित्य**; रायल नेपाल अकादमी, काठमाडौं; सन् १९६३; पृ. १०८।
२८. स्वामी प्रपन्नाचार्य; **पूर्ववत्**; पृ. ४०।

नेपाली कवितामा नयाँ प्राण सञ्चार हुनसकेको पाइन्छ। अपतन साहित्य परिषद्का कविहरूका कविताहरू भारतबाट प्रकाशित **भारती, गोर्खा, उदय** जस्ता पत्र-पत्रिकाहरूमा प्रकाशित भएका पाइन्छन् र सिक्किमेली नेपाली कविता शनैः शनैः भारत र नेपालको नेपाली साहित्य जगतसँग परिचित हुनपुग्दछ। अपतन साहित्य परिषद्का कविहरूमा अगमसिंह तामाङ, पद्मसिंह सुब्बा, तुलसीबहादुर छेत्री, राम अपतन, शिवनाथ मिश्र, सन्तवीर सुब्बा उल्लेखनीय छन्। यही चरणका पं. हिमकर उपाध्यायको **एकता विज्ञान बाटिका** (सन् १९४८) र प. भवानीशङ्कर पोखरेलको **पुत्र-शिक्षा** (सवाई सङ्ग्रह; सन् १९४७) पनि प्रकाशित भएका देखिन्छन्।

यहाँ सिक्किमेली नेपाली कविताको पहिलो चरणका कवि चन्द्रदास सापकोटा, मनोहर दाहाल, पं. हिमकर उपाध्याय, पं. भवानीशङ्कर पोखरेल र उनीहरूका कविता-कृतिहरूको परिचयात्मक चर्चा प्रस्तुत गरिएको छ :

(१) **चन्द्रदास सापकोटा** र उनका कविता-कृति :

ज्ञान विनोद चन्द्रदास सापकोटाको सन् १९४४ मा प्रकाशित कृति हो। सिक्किमेली नेपाली कविताको पहिलो चरणमा देखापर्ने कवि चन्द्रदास सापकोटाका **ज्ञान विनोद** (सन् १९४४), **योग सागरको सवाई** (सन् १९४६) र **वैराग्य पुष्पाञ्जलि** (रचनाकाल सन् १९४६) गरेर जम्मा तीनोटा काव्य-कृति प्रकाशित भएका पाइन्छन्। उनको **भागवत् गीता** (सन् १९४६) चाहिँ अप्रकाशित नै रहेको पाइन्छ।

ज्ञान विनोदमा कवि सापकोटाले श्लोकबद्ध रूपमा आफ्नो परिचय यसरी दिएका छन् :

"जिल्ला सिक्किमको बहुत बढ़िया श्री सावा राज्यै महाँ।
टिम्बुबुँ भनी ग्राम छ, बस्न बढ़िया विद्वान् बसेका त्यहाँ।।
तिनकै पासमहा बसेर मैले यो श्लोक भाषा गरी।
मनको मोह छुटी सबै जन हरू जानन् सहजमा तरी।।
कौड़िन्य गोत्र बुझ्नू प्रवरस्य तीन, वशिष्ठी मित्र वारूणस्य समस्त जान।
पिता मेरा जउन हुन् उनको त नाम, हो नन्दीकेश्वर गया बैकुण्ठ धाम।।
पुत्रै महुँ, म उनको नाम चन्द्रदास थर सापकोटा शर्मणः घर थर्पु जान।"

त्यस्तै उनले सन् १९४६ मा प्रकाशित **योगसागरको सवाई**को अन्तिम पृष्ठ १५ मा पनि आफ्नो पुर्खा र आफ्नो परिचय यसरी दिएका छन् :

"तुलाराम् भनि नाम् थियो जगतमा विद्वान गुरु भन्दथे।
तिनका पुत्र पनि सुगुणि छविलाल् भनि सबै जान्दथे।।
तिनका पुत्र भया सुवुद्धि बलवान् नाम् नन्दिकेश्वर भनी।
तिन्कै पुत्र महूँ बुझिलिनु हवस् नाम् चन्द्रदास यो पनी।।१।।"

चन्द्रदास सापकोटाको जन्म वि. सं. १९३५ श्रावण (सन् १८७८) मा नेपालको ताप्लेजुङ जिल्लाको तामरांग गाउँमा भएको थियो। उनको पुर्ख्यौली थलो ताप्लेजुङमा थियो। उनको वाल्यकाल इलाम (नेपाल) -को हुतुलुङ गाउँमा बितेको थियो। उनका पिताको नाम नन्दीकेश्वर सापकोटा थियो। चन्द्रदास सापकोटाका पिता नन्दीकेश्वर केही पढ़ेलेखेका विद्वान् थिए, त्यसैले चन्द्रदास सापकोटाले आफ्ना पिताजीको र ग्रामवासी केही विद्वान्हरूको पनि सङ्गत प्राप्त गरेका थिए। यिनले ज्योतिष शास्त्रको अध्ययन गरेका थिए र गाउँ-घरमा कर्मकाण्ड गराउन सक्ने ज्ञान थियो। यिनले **ज्ञान विनोद**का अतिरिक्त **योग सागरको सवाई; वैराग्य पुष्पाञ्जली, श्रीमद्भागवत गीता** र **श्री प्राणनाथ कृत तारतम सागर** पनि लेखेका थिए।

समाज, जाति, भाषा र साहित्यका निम्ति केही गरौं भन्ने भावना राख्ने कवि सापकोटा विद्वान्हरूसँग सम्बन्धित थिए। आफ्ना माता-पिताको संस्कारपूर्ण पारिवारिक पृष्ठभूमिबाट उनले साहित्य क्षेत्रमा अग्रसर हुने प्रेरणा प्राप्त गरेका थिए भन्ने अनुमान गर्न सकिन्छ।

चन्द्रदास सापकोटा मिलनसार, खुबै हँसमुख तथा सर्वप्रिय व्यक्तित्वका धनी थिए। उनी श्लोक र भजन लेख्न र गाउनमा पनि उत्तिकै सिपालु थिए। सानैदेखि पिता नन्दीकेश्वरका संसर्गमा रहेका र विद्वान्हरूको संसर्ग पाएका चन्द्रदास सापकोटा सिक्किमेली नेपाली कविताको परम्परामा पहिला कविका रूपमा रहेका देखिन्छन्। कवि सापकोटाको जम्मा चारवटा कृतिहरूमध्ये **ज्ञान विनोद** (सन् १९४४), **योग सागरको सवाई** सन् १९४६ मा प्रकाशित भएका पाइन्छन् र **वैराग्य पुष्पाञ्जलि** चाहिँ सन् १९४६ मा रचिएको भए तापनि यसको प्रकाशन सन् १९८४ मा मात्र हुन सकेको देखिन्छ। अतः **वैराग्य पुष्पाञ्जलि**को प्रकाशन केही ढीलो भए तापनि चन्द्रदास सापकोटाका तीनैवटा कृतिहरू पहिलो चरणका रचना हुन्। उनको चौथो कृति **श्रीमद्भागवत गीता** चाहिँ उपलब्ध छैन। **योग सागरको सवाई** (सन् १९४६) -मा सापकोटाका अन्य कृतिभन्दा बढ़ी साहित्यिक वा काव्यात्मक गुण पाइन्छ। जस्तै :

"धर्मशील आचारमा युधिष्टिर थीया।
इन्को धर्म नाश गर्ने दुर्योधन भया।।
कपटका पासा खेलि युधिष्ठिरलाई।
बनिबास पारि दिया पाप धेर्बढ़ाई।"।।५।।

वस्तुतः पौराणिक आख्यानलाई आधार बनाएर रचना गरिएको **ज्ञान विनोद** खण्डकाव्य सिक्किमेली नेपाली कविताको विकासक्रममा देखापरेको उल्लेखनीय कृति हो। यसमा उनले सृष्टि, स्थिति, लय वा प्रलयको वर्णन गरेका छन्। यसको सार धार्मिक, आध्यात्मिक रहेको पाइन्छ। यो शार्दूलविक्रीड़ित छन्दमा रचिएको छ तापनि छन्द प्रयोग छन्दशास्त्रीय परिपाटीको त्यत्ति पालन हुनसकेको पाइन्न र यो सिलोक ढाँचाको रहेको पाइन्छ। कवि सापकोटा सामाजिक, शैक्षिक, साहित्यिक, आध्यात्मिक आदि विविध क्षेत्रसँग सम्बन्धित रहेका प्रतिभा देखिन्छन्।

(२) **उद्देश्य भाषा श्लोक** र मनोरथ दाहाल :

उद्देश्य भाषा श्लोक मनोरथ दाहालको सन् १९४६ मा रचित-प्रकाशित कृति हो।

उद्देश्य भाषा श्लोकको अन्तिम पृष्ठमा कविले आफ्नो परिचय यसरी दिएका छन् :

"सिक्किम देशको जनमै भयेको
गाउ टीम्बुर्बोङ मेरो घर त्यहीं हो।
ब्राहमण महौं नाम मनोरथै हो
दाहाल थर्गोत्र वत्सै भयेंको।।" - श्लोक - २७

यस परिचयअनुसार मनोरथ दाहालको जन्म सिक्किमको टिम्बुरबुङ (पश्चिम सिक्किम बुढ़ियाखोप) भन्ने गाउँमा सन् १८९८ मा भएको थियो। यिनको पुर्ख्यौली थलो लिम्बोङ, दक्षिण सिक्किम दोदक बस्तीमा थियो र उनको बाल्यकाल त्यहीं दोदक बस्तीमै बितेको थियो। पारिवारिक समस्या वा आर्थिक कठिनाइले गर्दा उनले औपचारिक शिक्षा प्राप्त गर्नसकेका थिएनन् तापनि उनले **लघुसिद्धान्त कौमुदी** अध्ययन गरेका थिए र केही काव्य-ज्ञान अर्जन गरेका थिए भन्ने जानकारी पाइन्छ।[२९] त्यसबेलाको चलन-चल्तीअनुसार सात वर्षको

२९. कवि मनोरथ दाहालबाट प्राप्त जानकारी।

उमेरमा नै उनको विवाह भएको थियो र उनले गृहस्थ जीवनमा प्रवेश गर्नुपरेको थियो। गृहस्थी जीवनमा प्रवेश गरे पनि उनी सामाजिक कार्यमा सक्रिय थिए।

आफ्नो कर्ममय जीवन बिताउने मनोरथ दाहालले सिक्किमका नेपाली गाउँ-बस्ती चहारेर आफ्ना जातिका पीर-मर्काहरू अनुभव गरेका थिए, अशिक्षा र अन्धकारपूर्ण जीवन आफ्नै आँखाले देखेका थिए। उनले अशिक्षित समाजमा शिक्षाको चेतना र राष्ट्रप्रति प्रेम भावना जगाउन धेरै चेष्टा गरेका थिए भन्ने कुरो उनको **उद्देश्य भाषा श्लोक**को भूमिकाबाट थाहा लाग्छ। शिक्षा मनुष्यको उत्तम धन हो भन्ने विचारले प्रेरित भई स्थानीय ग्रामीण पाठशालाका लागि चन्दा सङ्ग्रह गर्न कोसेली रूपमा प्रस्तुत पुस्तक प्रकाशित गरेका थिए। गाउँ-गाउँमा स्कूल स्थापना गर्न सबैको सहयोग चाहिने देखेर समाज शिक्षित भए देश वा राष्ट्र उन्नतितर्फ लाग्छ भन्ने ध्येय लिएर उनले **उद्देश्य भाषा श्लोक** रचना गरेका थिए। साहित्यप्रेम, जातिप्रेम र देशप्रेमको भावनाको प्रभाव उनका छोरा-भतिजाहरूमाथि पनि परेको देखिन्छ।

उनको एउटै कृति **उद्देश्य भाषा श्लोक** सन् १९४६ मा प्रकाशित कविता-कृति हो। यसमा कविले निरक्षरता, अन्धविश्वास, अज्ञानता आदिमा पछि परेको सम्पूर्ण नेपाली समाजलाई शिक्षाप्रति जागरूक हुने सन्देश दिएका छन्। यिनका कृतिमा जतातत्तै पाठशाला स्थापना गर्ने, शिक्षाको प्रचार-प्रसार गर्ने र शिक्षाको महत्व नै सर्वोपरि छ भन्ने विचार व्यक्त भएको पाइन्छ। उदाहरणार्थ :

(१) "जहाँ जहाँ पाठशालाहरू छन्
जानि लिनु ज्ञानका बोट ई हुन्
यस्तो अमुल्य चिज पनि लेउन
जनले धनैले त सहाय देउन।।" श्लोक - ७

(२) "बन्धुवर्गै सवमीली झट्ट ऐले
स्कूल स्थापना गर्नुपर्छ नि पैले
जसको चाकर्गनु पर्छ सवैले
चाकर्पुगे फुल्छ धन्ये क्रमैले।।" श्लोक - ११

प्रस्तुत **उद्देश्य भाषा श्लोक** वसन्तितिलका, शार्दूलविक्रिड़ित र इन्द्रवज्रा छन्दमा छ। सामाजिक चेतना भएका कवि मनोरथ दाहालले लगभग पचास वर्षअघि नेपाली काव्य, साहित्य, शिक्षा सम्बन्धी विचार नगरेका भए आज सिक्किमेली नेपाली कविताको घड़ेरी यति चाँड़ै यति बलियो हुनसक्ने थिएन। त्यसैले सिक्किमेली नेपाली कविताको पहिलो चरणका कवि मनोरथ दाहाल र उनको **उद्देश्य भाषा श्लोक** उल्लेख्य छन् भन्न सकिन्छ।

(३) **पुत्र शिक्षा** र भवानीशङ्कर पोखरेल :

सिक्किमेली नेपाली कविताको विकास यात्राको पहिलो चरणमा देखापरेको **पुत्र शिक्षा** पं० भवानीशङ्कर उपाध्यायको रचना कृति हो र यो सन् १९४७ मा प्रथमपल्ट प्रकाशित भएको हो।

पं० भवानीशङ्करको जन्म सन् १९१८ मा पूर्व सिक्किमको पाकिम, पाचेखानी भन्ने ठाउँमा भएको थियो। उनका पिताको नाम पं. देवीप्रसाद पोखेल थियो। उनको पुर्ख्यौली थलो नेपालको जपफेमालु भन्ने ठाउँमा थियो। उनको बाल्यकाल पाचेखानीमै बितेको जानकारी पाइए तापनि दिङ्ला (नेपाल) -मा भएको गाउँले विद्यालयमा उनको प्राथमिक शिक्षा आरम्भ भएको थियो र उनले त्यहाँबाट पुराण प्रवचन गर्न र कविता-रचना शुरू गरेका थिए भन्ने जानकारी पाइन्छ।[३०] उनका पिता तिनताक पाचेखानीका *सम्मानित* व्यक्ति थिए। उनी सिक्किमका बहुचर्चित प्रतिभाशाली व्यक्ति थिए, राजकवि[३१] तथा सहज कविका रूपमा परिचित थिए। सरल हृदयी, नम्र र स्वतन्त्र प्रवृत्तिका कवि[३२] भवानीशङ्कर गुरूभक्त थिए पनि भनिएको छ। व्याकरण एवं काव्य तीर्थाचार्य गुरू शिवनाथ मिश्रका छत्रछायाँमा बसी संस्कृत व्याकरण पढ्ने गर्थे। गुरू सेवाले उनको विद्या फलवती भयो। गुरूबाट शिक्षा र आशीर्वाद पाएपछि नेपाल संस्कृत राजकीय विद्यालय, काठमाडौंमा व्याकरण र साहित्य विषय लिएर अध्ययन गरेका थिए। नेपालबाट फर्केर सिक्किम आएपछि व्यासासनमा बसी आफ्ना आमा-बाबालाई **श्रीमद्भागवत्** (सप्ताह) अनुष्ठान सम्पन्न गरेर पण्डितको उपाधि पाएका थिए। उनको बिहे पाचेखानी निवासी विष्णुमायासँग भएको थियो। उनले आफ्नो जीवनको धेरजसो समय कविता रचना र पुराण पारायण गरेरै बिताएका थिए भन्ने भनाइ छ।[३३]

उनी हँसिला, मझौला कदका, गहुँगोरा वर्णका थिए; नेपाली पोशाकमा बजार-शहर पस्दा चिटिक्क परेर हिँड्ने गर्दथे। उनी गान्धीजीका अनुयायी थिए, गान्धीजी र नेहरूजीको आदर्शवादले प्रभावित भएर गान्धीजी जस्तै फुर्सदको बेला धोती, माला र खराउ लाएर चर्खामा धागो कातेर बसिबियाँलो गर्थे। गान्धीजीको विचार र सिद्धान्तबाट पूर्णतः प्रभावित र प्रेरित कवि भवानीशङ्कर जवाहरलाल नेहरूजीलाई पनि उत्तिकै मान्दथे। जवाहरलाल नेहरूको **पिताको पत्र पुत्रीलाई**बाट प्रभावित र प्रेरित भई उनले **पुत्र शिक्षा** रचना गरेका हुन् भन्ने भनाइ छ।[३४]

---

३०. पं० भवानीशङ्कर पोखरेलका पुत्र वासुदेवबाट प्राप्त जानकारी।

३१. राधाकृष्ण शर्मा (सम्पा.) "सम्पादकीय", **भानु स्मारिका**; सिक्किम साहित्य परिषद्, गान्तोक; सन् १९९५, पृ. १।

३२. गोपालप्रसाद दाहाल, "सिक्किमको नेपाली साहित्यमा चालीसको दशक : एक अन्वेषण"; **स्रष्टा** (सम्पादक - केदार गुरूङ), प.सि.सा.प्र. गेजिङ; सन् १९८९; पृ. ३४।

३३. पं० भवानीशङ्कर पोखरेलकी पत्नी विष्णुमायाबाट प्राप्त जानकारी।

३४. **पुत्र शिक्षा**का कवि भवानीशङ्कर पोखरेलका छोरा वासुदेव पोखरेलबाट प्राप्त जानकारी।

उनको आफ्नो जाति र गाउँसँग घनिष्ठ सम्बन्ध थियो। गाउँको पाचेखानी स्कूल स्थापना गर्ने र त्यहाँ शिव मन्दिर निर्माण गर्ने कार्यमा आर्थिक सहायता दिएर उनले आफ्नो उदारताको परिचय दिएका छन्।

कवि तुलसीबहादुर छेत्री र गुरू सोमनाथ सिग्द्यालसँग उनको घनिष्ठ सम्बन्ध थियो। कवि तुलसीबहादुर छेत्रीसँग चिठी-पत्र लेख्दा छन्दमा नै लेख्ने गर्दथे। सिक्किमका महाराजादेखि लिएर गान्तोकका प्रतिष्ठित व्यक्तिहरूसँग पनि उनको मित्रता थियो। देश भ्रमण गर्न जाँदा महाराजा उनलाई यदाकदा साथमा लिएर जाने गर्दथे र यात्राकालमा देखिएका यथार्थ दृश्यको वर्णन गरेर भवानीशङ्कर कविता सुनाउने गर्दथे। सिक्किमका तत्कालीन देवानले सन् १९५६ मा उनलाई "राजकवि" -को उपाधि र पारितोषिक पनि प्रदान गरेका थिए। कुनै विद्वान्-विदुषीसँग साक्षात्कार भए उनी तिनीहरूको प्रशंसा गरेर कविता रचना गर्दथे।[३५]

उनको एउटै मात्र प्रकाशित कृति **पुत्र शिक्षा** उपलब्ध छ। उनका अरू अप्रकाशित कविताहरू उनका छोराहरूसँग सुरक्षित छन् भन्ने जानकारी पाइएको छ।[३६]

पुत्र शिक्षामा धर्म-कर्मका नाममा भएका वा गरिएका शोषण, अन्धविश्वास, दरिद्रता आदिको विरोध छ र यसमा जातीय एवं राष्ट्रिय भावनाले ओतप्रोत भएका तथा गान्धीवादी विचारबाट प्रेरित र प्रभावित कविता, श्लोक रहेका पाइन्छन्। यसैमा स्त्री-शिक्षा पनि समावेश गरिएको छ। वस्तुतः यसमा युवा पिढ़ीमा जागरण ल्याउन र समाजलाई रूढ़ी, अन्धविश्वास, कुप्रथा र कुसंस्कारको जालोबाट बाहिर निस्कने आह्वान गरिएको छ।

शार्दूलविक्रीड़ित, स्वागता, द्रुतविलम्बित, वसन्ततिलका आदि वर्णमात्रिक छन्दको प्रयोग गरेर रचिएको **पुत्र शिक्षा** सिक्किमेली नेपाली कविताको इतिहासमा उल्लेखनीय कृति रहेको हो भन्न सकिन्छ।

(४) **एकता विज्ञान वाटिका** र हिमकर उपाध्याय :

एकता विज्ञान वाटिकाका कवि हिमकर उपाध्याय हुन्। यो सन् १९४८ मा प्रकाशित कृति देखिन्छ। यस दृष्टिले प्रस्तुत कृति सिक्किमेली नेपाली कविताको पहिलो चरणमा रचित-प्रकाशित पाँचौ कृति देखापर्छ।

पं. हिमकर उपाध्यायको जन्म सन् १९२४ (वि. सं. १९८१, वैशाख २ गते शनिवार) पूर्व सिक्किम ठिकाबुङ गाउँमा भएको थियो। उनको पुर्ख्यौली थलो पूर्व सिक्किमको ठिकाबुङ थियो। बाल्यकाल ६ वर्षसम्म

३५. पं० भवानीशङ्कर पोखरेलद्वारा रचित कविताका पाण्डुलिपिबाट प्राप्त जानकारी।

३६. पं० भवानीशङ्कर पोखरेलका पुत्र वासुदेवबाट प्राप्त जानकारी।

उनले ठिकाबुङमै बिताएका थिए। त्यसपछि उनको बाल्यकाल कालेबुङको कर्मी स्टेटमा बित्यो। उनका पिता स्व. चन्द्रदास सापकोटा सिक्किमेली नेपाली कविताको पहिलो चरणमा देखापरेका प्रथम कवि थिए आफ्ना पिताजस्तै यी कवि पनि सामाजिक, धार्मिक कार्यमा रहेका थिए भन्ने जानकारी पाइन्छ।[३७]

पं. हिमकर उपाध्यायको प्राथमिक शिक्षा कालेबुङमा छिरिङ काजीको निजी पाठशालामा भएको थियो। त्यसपछि इलाममा गएर संस्कृतमा प्रथमा र धनकुटाको मुंगा गाउँमा संस्कृतमा मध्यमासम्मको शिक्षा आर्जन गरेका थिए। त्यसपछि भारतको मध्यप्रदेशको पन्नामा शास्त्रीसम्म अध्ययन गरेर मथुरा संस्कृत विद्यालयमा भागवत्को अध्ययन गरेका थिए। यिनीहरूका अतिरिक्त यिनले जामनगर (गुजरात) मा **तारतम वाणी**को अध्ययन र पाकिस्थानमा रहेको पञ्जाव प्रदेशको मलकाहाँस र मध्यप्रदेशको पद्मवती पुरीमा **तारतम सागर**को विस्तृत अध्ययन पनि गरेका थिए।[३८]

पं. हिमकर उपाध्यायको व्रतबन्ध सन् १९३६ मा भएको थियो र विवाह सन् १९४४ मा चालिसे भट्टराईकी छोरी जतनकुमारीसित भएको थियो। उनको कर्ममय जीवन पुराण पारायण, श्रीकृष्ण प्रणामी धर्मको प्रचार-प्रसारमा बितेको थियो। यसका साथै सन् १९४८-१९६० सम्म उनी सिक्किमको राजनीतिमा पनि संलग्न थिए भन्ने जानकारी पाइन्छ।[३९] उनले सिक्किम स्टेट काङ्ग्रेस र पछि सिक्किम स्वतन्त्र पार्टीका सक्रिय सदस्यका रूपमा एवं पश्चिम सिक्किमको प्रचार मन्त्रीको कार्यभार सम्हालेका थिए।[४०]

उनको एउटै कृति **एकता विज्ञान वाटिका** (सन् १९४८) प्रकाशित छ। महात्मा गान्धीका एकता, प्रेम, अहिंसा जस्ता आदर्श अपनाएर यिनले **एकता विज्ञान वाटिका** लेखेको बुझिन्छ। यिनमा उनका पिताको देशप्रेम भावनाको प्रभाव परेको थियो। त्यसैले भारतको स्वतन्त्रता सङ्ग्रामका नेहरू, गान्धी प्रभृति महापुरुषको व्यक्तित्व र प्रतिभालाई श्लोकवद्ध गरी यिनले सरल नेपाली भाषामा **एकता विज्ञान वाटिका** रचना गरेका छन्। संस्कारपूर्ण पारिवारिक पृष्ठभूमिमा जन्मी हुर्केका कवि हिमकर उपाध्यायका कवितामा भाषा, साहित्य, जाति, समाज, धर्म-कर्म र राष्ट्रप्रेम भावना रहेको पाइन्छ। आफ्ना पिताजस्तै समाजमा गण्यमान्य व्यक्ति भएकाले उनको वाणी र लयमा पनि बौद्धिक प्रतिनिधित्व गर्ने शक्ति रहेको बोध हुन्छ।

सिक्किम स्वतन्त्र पार्टीको मुखपत्र **तीनतारा**मा प्रकाशित उनका गीति कविताहरू उनका पहिला प्रकाशित रचना मानिएका छन्। उनले साहित्य रचना गर्ने प्रेरणा गुरूजी श्री १०८ मङ्गलदासजी, काजी लेण्डुप दोर्जी, थर्पूका एम. बी. खरेल र आफ्नै पिताबाट प्राप्त गरेका थिए भन्ने जानकारी पाइन्छ। महामति श्री

३७-४०. पं० हिमकर उपाध्यायबाट प्राप्त जानकारी।

प्राणनाथकृत **तारतम सागर**, वेद व्यासकृत **श्रीमद्भागवत्** एवं स्वरचित धार्मिक भजनहरू उनका मनपरेका काव्य-कृतिहरू रहेका छन्। डा. स्वामी प्रपन्नाचार्य र संस्कृत साहित्यका कवि कालिदास उनका मनपरेका साहित्यकारहरू हुन् भन्ने उनको भनाइ छ। पद्य वा कविता उनको मनपर्ने विधा रहेको बुझिन्छ।

(५) अपतन साहित्य परिषद् र यसका कवि एवं कविताहरू :

सिक्किमेली नेपाली कविताको विकासको पहिलो चरणमा गठन भएको 'अपतन साहित्य परिषद्' (सन् १९४७) -सँग सम्बन्धित शिवनाथ मिश्र, अगमसिंह तामाङ, पद्मसिंह सुब्बा, तुलसीबहादुर छेत्री, रामदत्तलाल ठाकुर, सन्तवीर लिम्बु, मनबहादुर सुब्बा, भूपाल लामिछाने प्रभृति कविहरू प्रमुख देखिन्छन्।

सिक्किममा नेपाली साहित्यको बलियो जग निर्माण गर्ने 'अपतन साहित्य परिषद्' (सन् १९४७) हो। 'अपतन साहित्य परिषद्' -को 'अपतन' यस परिषद्का वरिष्ठ एवं सक्रिय कविहरूको नामको प्रथम अक्षरद्वारा निर्मित छ र यो परिषद् वा सङ्गठन पनि तिनै वरिष्ठ एवं सक्रिय कवि-साहित्यकारको सक्रियतामा गठित संस्था हो। कविहरूका नामको पहिलो अक्षरलाई लिएर बनाइएको 'अपतन' द्वारा क्रमशः अगमसिंह तामाङ, पद्मसिंह सुब्बा, तुलसीबहादुर छेत्री, निमा वाङ्दी तारगेन (लेप्चा) भन्ने चारजना व्यक्ति बुझिन्छन्। यी वरिष्ठ कवि वा साहित्यकारका अतिरिक्त यस संस्थामा शिवनाथ मिश्र, सी. डी. राई, रश्मिप्रसाद आले, सन्तबीर लिम्बु (भताभुङ्गे), भूपाल लामिछाने, मनबहादुर सुब्बा र रामदत्तलाल ठाकुर (राम अपतन), श्रीचन्द्र जस्ता कवि र साहित्यकार रहेका र तिनीहरूले पनि सिक्किमेली नेपाली कवितालाई गति प्रदान गर्न हरतरहले प्रयास गरेको जानकारी पाइन्छ। यी कवि, साहित्यकारहरूले विभिन्न पत्र-पत्रिकाहरूमा आ-आफ्ना कविता प्रकाशित गरेर सिक्किमेली नेपाली कविताको विकासमा योगदान दिएको कुरा उल्लेखनीय छ।

यसप्रकार सिक्किमेली नेपाली कविताको पहिलो चरण (सन् १९४०-१९४९) मा विभिन्न पत्र-पत्रिकाहरूमा कविता प्रकाशित गर्ने कवि र तिनीहरूका कवितामध्ये शिवनाथ मिश्रका 'भारती वन्दना' (**भारती**, वर्ष - २, अङ्क - ४; सन् १९४९); 'स्वनामधन्य' (**भारती**, वर्ष - २, अङ्क - ५; सन् १९४९); अगमसिंह तामाङको 'भिखारी' (**उदय**, वर्ष - ५, किरण - २०; सन् १९४७); तुलसीबहादुर छेत्रीका 'आदर्श बालक' (उदय, वर्ष - १०, किरण - ५-६; सन् १९४७); 'ज्योति निभ्यो! आदर्श रहोस्!!' (**उदय**, वर्ष - ११, किरण - ३-४; सन् १९४८); 'श्री डम्बरसिंह गुरूङको स्मृतिमा' (**उदय**, वर्ष - ४, किरण - १८; सन् १९४८); 'सिक्किम' (**गोर्खा**, वर्ष - ५, अङ्क - १; सन् १९४९); पद्मसिंह सुब्बाको 'महान मानिस' (**गोर्खा**, वर्ष - ५, अङ्क - ८, सन् १९४९); सन्तवीर लिम्बुका 'जाँड़-रक्सी' (**उदय**, वर्ष - ११, किरण - १-२; सन् १९४७); 'मृत्यु' (**उदय**, वर्ष - १२, किरण - ३; सन् १९४९); 'लीग' (**गोर्खा**, वर्ष - १, अङ्क - ८; सन् १९४५); 'म हुँ गोर्खा' (**गोर्खा**, वर्ष - १, किरण - ११; सन् १९४५); 'किन' (**उदय**, सन् १९४५); 'राम राम राम' (**उदय**, सन् १९४६); 'नेपाली

सज्जनप्रति' (सन् १९४६); 'हे योगेश्वर' (सन् १९४४); 'पुकारा' (सन् १९४५); 'धनाढ्यप्रति' (**उदय**, सन् १९४६); 'के लेखूँ?' (सन् १९४६); 'गोर्खाली हौ' (**उदय**, सन् १९४५); 'मदमस्त समाज' (**गोर्खा**, सन् १९४७, सेप्टेम्बर); 'याटुङे डोमाको प्रेमपत्र रसिकलाई' (**गोर्खा**), 'चिरन्तन' (**उदय**, मई-जून, सन् १९४९) आदि उल्लेखनीय छन्। यी कविहरूले उनीहरूको आफ्ना समयमा नेपाल-भारतबाट प्रकाशित हुने **उदय**, **गोर्खा**, **भारती**, **शारदा** पत्र-पत्रिकामा आफ्ना कविता, लेख प्रकाशित गरेर जे-जस्ता कार्य गरेका छन् त्यो सिक्किममेली नेपाली साहित्यको इतिहासमा स्मरणीय छ।

यिनीहरूका अतिरिक्त श्री कुमारीको 'विदामा दुइ थोपा आँसु' (**उदय**, वर्ष - १२, किरण - ९-१०; सन् १९४९); गङ्गालाल सुब्बाको 'जीवन' (**उदय**, वर्ष - ८, किरण - ११-१२; सन् १९४५) आदि पनि प्रकाशित भएका पाइन्छन्।

यी कविहरूका कविता प्रकृतिवादी, राष्ट्रवादी, जाति प्रेममूलक, नैतिक-उपदेशात्मक र जातीय-जागरण भावप्रधान रहेका पाइन्छन्।

३.२.२.१ निष्कर्ष :

सन् १९४० वा यसका छेउछाउदेखि थालिएको सिक्किमेली नेपाली कविताले सन् १९४९ सम्म आइपुग्दा आफ्नो यात्राको पहिलो चरण पूरा गरेको देखिन्छ। सिक्किमेली नेपाली कविता यात्राको पहिलो चरण सिङ्गो नेपाली कविताको विकासक्रमका सम्बन्धमा त्यति महत्वपूर्ण प्रतीत नभए तापनि सिक्किमेली नेपाली कविताको विकास क्रममा भने यसको आफ्नै ऐतिहासिक महत्व र विशेषता छ भन्न सकिन्छ। यहाँ सिक्किमेली नेपाली कविता यात्राको पहिलो चरणका मुख्य-मुख्य उपलब्धिहरूलाई निम्नलिखित केही बुँदाहरूमा समेट्नसकिन्छः-

(क) सिक्किमेली नेपाली कविहरूले मूलतः धार्मिक, आध्यात्मिक, भक्तिभावप्रधान कविता रचना गरेर सिक्किमेली नेपाली कवितालाई गति प्रदान गरेका छन्। भक्ति वा अध्यात्म भावप्रधान कविताहरू पूर्वीय आदर्श वा दर्शनद्वारा प्रभावित र प्रेरित रहेका पाइन्छन्। यस चरणका कविहरूमा ज्ञानदिलदासका "झ्याउरे भजन", "टुङ्ना भजन" हरूको प्रत्यक्ष वा अप्रत्यक्ष प्रभाव परेको पाइन्छ। यस चरणका कवि र उनीहरूका कृतिहरूमध्ये चन्द्रदास सापकोटाको **ज्ञान विनोद** (सन् १९४४), मनोरथ दाहालको **उद्देश्य भाषा श्लोक** (सन् १९४६), पं. भवानीशङ्करको पुत्र शिक्षा (सन् १९४७), पं० हिमकर उपाध्यायको **एकता विज्ञान वाटिका** (सन् १९४८) प्रभृति कविता-कृति उल्लेख्य छन्।

(ख) धार्मिक, आध्यात्मिक, भावप्रधान कविताहरूका अतिरिक्त यस चरणका एकाध कविहरूले नैतिक-उपदेशप्रधान तथा जातीय जागरण भावधाराका कविता पनि रचना गरेको पाइन्छ। यस सन्दर्भमा **उद्देश्य भाषा श्लोक, एकता विज्ञान वाटिका, पुत्र शिक्षा** र तुलसीबहादुर छेत्री, अगमसिंह तामाङ, सन्तवीर लिम्बु प्रभृति कविहरूका फुटकर कविताहरू उल्लेखनीय देखिन्छन्। त्यसैले सिक्किमेली नेपाली कविताको पहिलो चरण (सन् १९४०-१९४९) सामाजिक सचेतता, जातीय जागरणको दृष्टिले पनि उल्लेखनीय रहेको देखिन्छ।

(ग) यस चरणका कविताहरू छन्दमा रचिएका छन् र कविहरूले वर्णमात्रिक एवं लोक छन्दलाई भावाभिव्यक्तिको माध्यम बनाएको पाइन्छ। **पुत्र शिक्षा** वसंन्ततिलका, शार्दूलविक्रीड़ित, स्वागता, द्रुतविलम्बित र सवाई छन्दमा रचिएको पाइन्छ। **ज्ञान विनोद, उद्देश्य भाषा श्लोक** र **एकता विज्ञान वाटिका** -का एकाध पङ्क्ति शार्दूलविक्रीड़ित छन्द र त्यसैको अनुरूप लयात्मक छन्दमा रचिएका पाइन्छन् भने अवशिष्ट चाहिँ छन्दमा नभएर स्वतन्त्र लयमा बाँधिएका पाइन्छन्। खास गरेर 'अपतन साहित्य परिषद्' -का कविहरूका कविता मूलतः स्वतन्त्र लयमा रचिएका पाइन्छन्।

(घ) फुटकर कविताहरूका अतिरिक्त यस चरणमा एकाध खण्डकाव्य स्तरीय वा खण्डकाव्य भन्न सुहाउने किसिमका कविता-कृतिहरूको रचना हुनसकेको पाइन्छ। **ज्ञान विनोद, उद्देश्य भाषा श्लोक** र **पुत्र शिक्षा** यस्तै कविता कृति हुन्।

(ङ) यस चरणमा 'अपतन साहित्य परिषद्' -को गठन भइसकेको र यसको गतिविधि पनि शुरू भएको छ। अपतन साहित्य परिषद्का कुनै पनि कविहरूका कविता-कृति पुस्तकका रूपमा यस चरणमा प्रकाशित हुनसकेको नपाइए तापनि अपतन साहित्य परिषद्का प्रमुख कविहरूका फुटकर कविताहरू नेपाल र भारतबाट प्रकाशित हुने विभिन्न पत्र-पत्रिकामा प्रकाशित भएका देखिन्छन्। यस्ता कविताहरू भाव, भाषा-शैली एवं छन्द-लय विधानका दृष्टिले पनि समृद्ध र रमणीय रहेका पाइन्छन्।

३.२.३. (ग) दोस्रो चरण (सन् १९५०-१९६९) का कवि र कविता-कृति :

सिक्किमेली नेपाली कविताको विकास प्रक्रियालाई हेर्दा सन् १९५०-१९६९ को समय सिक्किमेली नेपाली कविताको दोस्रो चरण रहेको देखिन्छ। सिक्किमेली नेपाली कविताले यस चरणमा पाइला टेकेपछि पहिलो चरणका एकाध प्रवृत्ति र खास गरेर 'अपतन साहित्य परिषद्' -ले ग्रहण गरेका प्रवृत्तिहरूलाई अँगाल्दै

अनि वृहत नेपाली काव्यजगत्बाट पनि प्रभाव-प्रेरणाहरू लिंदै सिक्किमेली नेपाली कविहरूले सिक्किमेली नेपाली कवितालाई नयाँ गति दिने प्रयास गरेका छन्। यसै अवधिमा सिक्किमबाट **मानव निर्बोध** (पत्रिका; सन् १९५२), **कञ्चनजङ्घा** (समाचार प्रधान; सन् १९५७), **त्रिवेणी** (सामयिक पत्रिका; सन् १९५९), **ध्रुवतारा** (डाइजेस्ट; सन् १९६३), **हाम्रो पुकार** (साहित्यिक पत्रिका; सन् १९६३), **मुक्त स्वर** (साहित्यिक पत्रिका; सन् १९६४-६५)., **नवज्योति** (साहित्यिक पत्रिका; सन् १९६६) प्रभृति पत्र-पत्रिकाहरूको प्रकाशनले पनि सिक्किमेली नेपाली कविताको विकासमा उल्लेखयोग्य सघाउ पुऱ्याएको पाइन्छ। त्यसैले पहिलो चरणका तुलनामा यस चरणमा बढ़ी मात्रामा कविताहरू रचिएका र प्रकाशित भएका देखिन्छन्। पत्र-पत्रिकाहरूमा प्रकाशित कविताहरूका अतिरिक्त यस चरणमा प्रकाशित सिक्किमेली नेपाली कविता-कृतिहरूमा 'अपतन साहित्य परिषद्' -का कविहरूको **इन्द्रकील पुष्पाञ्जलि** (कविता सङ्ग्रह; सन् १९५०); **मरुद्यान** (खण्डकाव्य; अपूर्ण-अप्रकाशित), **झरना** (खण्डकाव्य; अपूर्ण-अप्रकाशित), **वीना** (खण्डकाव्य; अपूर्ण-अप्रकाशित), **अमूल्य रत्न** (कविता सङ्ग्रह; सन् १९५०-५३), **मावल गाउँ** (नाटक; अपूर्ण-अप्रकाशित), **छाँगो** (खण्डकाव्य; अपूर्ण-अप्रकाशित); प्रज्ञारत्न शाक्य (विरही) -को **कुनाको सौगात** (कविता सङ्ग्रह; सन् १९५७); तुलसीबहादुर छेत्रीको **बापू वन्दना** (खण्डकाव्य; सन् १९५२), **सङ्कल्प** (कविता सङ्ग्रह; सन् १९५४); तुलसीराम शर्मा 'कश्यप' -का **आँकुरा** (कविता सङ्ग्रह; सन् १९६५), **कला कमल** (खण्डकाव्य; सन् १९६७), चन्द्रदास चालिसेको **दामोदर स्तोत्र** (सन् १९६४); पद्मलाल चालिसेको **पैह्राको सवाई** (सन् १९६८); जगत बी. सुब्बाको **पाइलाका छापहरू** (कविता सङ्ग्रह; सन् १९६९); पुरुषोत्तम प्रधानको **मुटुभित्रका आवाजहरू** (कविता सङ्ग्रह; सन् १९६९-७०); केदार गुङरूको **आज फेरि एउटा सम्झना र नयाँ दिनहरू** (कविता सङ्ग्रह; सन् १९७०) आदि उल्लेखनीय रहेका देखिन्छन्। यहाँ यस चरणका प्रमुख कविता-कृतिहरूको पृष्ठभूमिगत परिचय र सम्बन्धित कविहरूको संक्षिप्त परिचय प्रस्तुत गरिएको छ। कृतिहरूको विश्लेषणात्मक चर्चाचाहिँ यसै शोध प्रबन्धको चौथो अध्यायमा गरिएको छ।

(१) **इन्द्रकील पुष्पाञ्जलि** र यसका कविहरू :

इन्द्रकील पुष्पाञ्जलि कविता सङ्ग्रह अपतन साहित्य परिषद्का कविहरूद्वारा रचित कविताहरूको सँगालो हो। यसमा कवि शिवनाथ मिश्र, अगमसिंह तामाङ, पद्मसिंह सुब्बा, तुलसीबहादुर छेत्री, रामदत्तलाल ठाकुर, भूपाल लामिछाने, सन्तवीर सुब्बा, मनबहादुर सुब्बा प्रभृति कविहरूका गरी जम्मा ४६ वटा कविता सङ्कलित भई प्रकाशित भएका पाइन्छन्। शिवनाथ मिश्र र तुलसीबहादुर छेत्री यस कविता सङ्ग्रहका सम्पादक रहेका छन्। यो सन् १९५० मा प्रकाशित कविता सङ्ग्रह हो। यो 'अपतन साहित्य परिषद्' -द्वारा प्रकाशित पहिलो कविता सङ्ग्रह हो भने सिक्किमेली नेपाली कविताका सन्दर्भमा पनि यो पहिलो सामूहिक कविताहरूको

सङ्कलन रहेको छ।

यस सङ्कलनमा शिवनाथ मिश्रका जम्मा आठवटा कविताहरू रहेका पाइन्छन्। हिन्दी, संस्कृत र नेपाली भाषा-साहित्यका प्रेमी शिवनाथ मिश्र बिहारको मिथिलाबाट आएर सिक्किमको एउटा अङ्ग्रेजी स्कूलमा प्रधानाध्यापकको काम गर्दथे र त्यसबेला उनी सबका 'हेडगुरू' थिए भन्ने जानकारी पाइन्छ। शिवनाथ मिश्रबारे कवि भवानीशङ्कर पोखरेलले रचना गरेको एउटा श्लोक गोपालप्रसाद दाहालले उनको "सिक्किमको नेपाली साहित्यमा चालीसको दशक : एक अन्वेषण" भन्ने लेखकमा उल्लेख गरेका छन्। उदाहरणार्थ :

"घर चाही मिथिला र नाम शिवनाथ थर चाहिँ मिश्रै भनि
हेड् हाइ स्कूलका भनेर सबमा प्रख्यात् भएका पनि
वास् गान्टकपुरिमा छ छात्र इङ्लिस पढ्नेहरू नै कन
इङ्लिस संस्कृत शिक्षणादिक दिई पार्छन सुयोग्यै जन।।"[४१]

शिवनाथ मिश्र पनि अपतन साहित्य परिषद्मा सामिल भएका थिए र त्यहाँ कवितादि रचना गर्ने गर्दथे। **इन्द्रकील पुष्पाञ्जलि**मा कवि मिश्रका 'भारती वन्दना', सिक्किमको पुरावृत्त, 'शुभाशंसा', 'अमूल्य निधि' जस्ता कविताहरू र 'ईश ठूलो नहिँ पेट ठूलो', 'नानी कसोरी भनूँ' जस्ता समस्यापूर्तिका कविता तथा 'नहुन्थ्यो', 'कर्तव्यपालन' जस्ता प्रहेलिका प्रकाशित भएका पाइन्छन्। कवि मिश्रका कविताहरू शार्दूलविक्रीड़ित प्रभृति छन्दमा रचिएका छन्।

कवि शिवनाथ मिश्रले सन् १९५३ सम्म सिक्किममा रही प्रधानाध्यापकको पदभार सम्हालेका थिए। सन् १९५३ मा आफ्नो सेवाकाल पूरा भएकाले अवसर ग्रहण गरी उनी पुनः आफ्नै घर बिहारतर्फ फर्केर गएका थिए।

अगमसिंह तामाङ :

अगमसिंह तामाङको जन्म २२ नवम्बर १९२२ मा दक्षिण सिक्किम नाम्चीको बुमटारमा भएको थियो। बाल्यावस्थादेखि नै माताको ममताबाट वञ्चित हुनुपरेकाले पिता सनमान तामाङको छत्रछायाँमा उनको बाल्यकाल बितेको थियो। पाँच वर्षको उमेरमा टेन्डोङ गुम्बामा बौद्ध धर्ममा प्रारम्भिक शिक्षा हासिल गरेपछि उनको शिक्षा सन् १९४६ मा सन्त जोसेफ स्कूलमा र त्यसपछि सरकारी स्कूलमा भएको थियो। यसै

४१. गोपाल प्रसाद दाहाल, सिक्किमको नेपाली साहित्यमा चालीसको दशक एक अन्वेषण; **स्रष्टा**, वर्ष ६; अङ्क २०; पश्चिम सिक्किम साहित्य प्रकाशन, गेजिङ; सन् १९८६; पृ. २९।

अवधिमा उनको विवाह भएको थियो (सन् १९५०)। सन् १९५१ मा बिहेपश्चात् दुवै दम्पति केही काल नाम्ची प्राथमिक पाठशाला र सन् १९५९ -देखि अगमसिंह चाहिँ माध्यमिक पाठशालामा शिक्षण पेशामा संलग्न भएका थिए।[४२]

अपतन कालका कविहरूका तुलनामा अगमसिंह तामाङका कविताहरू थोरै पाइए तापनि अगमसिंह तामाङ अपतन साहित्य परिषद्का प्रतिनिधि कवि हुन् र गुणात्मक स्तरले उनका कविता उच्चस्तरीय पनि रहेका छन्।

इन्द्रकील पुष्पाञ्जलि (कविता सङ्ग्रह; सन् १९५०) मा उनका 'निवेदन', 'राष्ट्रिय पथिक', 'भिखारी' गरी तीनवटा फुटकर कविताहरू सङ्कलित भई प्रकाशित भएका पाइन्छन्। अगमसिंह तामाङका कविताहरूमा गरीबहरूमाथि भएको अत्याचार, शोषण आदिको चित्रण-वर्णन छ। उनका कविताहरूमा राष्ट्रप्रेमको भावना पनि व्यक्त भएको पाइन्छ। कवि अगमसिंह तामाङका कविताहरू वार्णिक छन्दमा रचिएका पाइन्छन्।

कवि अगमसिंह तामाङ सङ्गीतकार र गायक पनि थिए। १९६५ को १७ अप्रैलका दिन अगमसिंह तामाङको देहान्त भएको थियो।[४३]

पद्मसिंह सुब्बा :

अपतन साहित्य परिषद्का अर्का प्रतिभा हुन् पद्मसिंह सुब्बा। उनको जन्म ११ सितम्बर १९२३ मा पश्चिम सिक्किमको टिम्बुरबुङ गाउँमा भएको थियो। उनका पिताको नाम तिलकसिंह सुब्बा थियो। पद्मसिंह सुब्बाले सन् १९५० मा दार्जीलिङबाट बी. ए. बी. टी. परीक्षा उतीर्ण गरेपछि उनी सरकारी सेवामा नियुक्त भएका थिए।[४४] प्रायः चालीस वर्षसम्म सिक्किम सरकारको सचिवको पदमा रही सेवा कार्य गरेर सेवा निवृत्त भएपछि सन् १९८४ देखि उनी घरेलु जीवन व्यतीत गरिरहेका छन्। पद्मसिंह सुब्बा लिम्बु भाषा, साहित्य र संस्कृतिका पनि स्तम्भ मानिन्छन्। **इन्द्रकील पुष्पाञ्जलि**मा उनका 'साहित्य मार्ग' र 'प्रेहलिका' प्रकाशित छन्। उनी छन्दवद्ध कविताभन्दा स्वतन्त्र छन्दका कविता लेख्न मनपराउने कवि देखिन्छन्।

तुलसीबहादुर छेत्री :

तुलसीबहादुर छेत्री सन् १९२० को फरवरी महीनामा आसामको डिब्रूगढ़ भन्ने ठाउँमा जन्मिएका

४२. प्रेम थुलुङ, **कवि अगमसिंह तामाङ र उनका कृति**; विचार प्रकाशन, गान्तोक; सन् १९९३; पृ. १०।

४३. सिक्किम साहित्य परिषद् भवनमा राखिएको कवि अगमसिंह गिरीको तस्वीरमा अंकित तिथिबाट प्राप्त जानकारी।

४४. पद्मसिंह सुब्बाबाट प्राप्त जानकारी।

थिए। उनका पिताको नाम सी. एल. छेत्री र माताको नाम सावित्री छेत्री थियो। उनले सन् १९३१ मा जर्ज इन्स्टीट्यूसन, डिब्रूगढ़बाट म्याट्रिक परीक्षा उतीर्ण गरेका थिए। त्यसपछि उनी आसामबाट कालिम्पोङ आएका थिए र कालिम्पोङबाटै उनले 'गुरू तालीम' लिए अनि यतै शिक्षण कार्यमा संलग्न रहे। शिक्षण कार्यमा संलग्न रहनुका साथै उनले स्वतन्त्र अध्ययन गरेर सन् १९५२ मा बी. ए. परीक्षा र पछि १९६१ मा त्रिभुवन विश्वविद्यालय काठमाडौंबाट नेपालीमा एम. ए. परीक्षा उत्तीर्ण गरेका थिए।[४५]

उनी सन् १९४० मा सिक्किमको नाम्ची प्राथमिक पाठशालाका प्रधान शिक्षक, सन् १९४४-५३ सम्म टी. एन. उच्च विद्यालय, गान्तोकमा शिक्षक; सन् १९५३-१९६३ सम्म सरकारी महाविद्यालय दार्जीलिङमा नेपाली विभागका प्राध्यापक र सन् १९६३-७७ सम्म नेपाली विभागका प्रमुख अनि सन् १९७७ को अगस्तदेखि उत्तर बङ्ग विश्वविद्यालयको नेपाली विभागका अध्यक्ष पदमा कार्यरत रही सन् १९८५ -मा उनी सेवा निवृत्त भए।[४६]

प्रवेशिका (म्याट्रिक) -को अध्ययन गर्दा उनले रवीन्द्रनाथ ठाकुर, शरच्चन्द्रका रचना-कृतिहरूको अध्ययन गर्नुपरेको थियो। यसैबाट उनले साहित्य क्षेत्रमा प्रवेश गर्ने प्रेरणा पाएका थिए।[४७] तुलसीबहादुर छेत्री 'अपतन साहित्य परिषद्' -का सक्रिय सदस्य र कर्मी थिए। 'अपतन साहित्य परिषद्' गठनपछि उनले आफ्नो नाममा पनि 'अपतन' जोड़ेर 'तुलसी अपतन' लेख्न शुरू गरेका थिए। वस्तुतः तुलसीबहादुर छेत्री नेपाली साहित्य जगत्मा 'तुलसी अपतन' -कै नामले सुपरिचित र सुप्रसिद्ध रहेका छन्। पहिलो पटक उनका रचना 'मित्रता', 'किन म सक्तिनँ' वाराणसीबाट प्रकाशित **उदय** पत्रिकामा प्रकाशित भएका पाइन्छन्। **नहेर आज मलाई** (कविता सङ्ग्रह, सन् १९७६), **कमल** (नाटक, सन् १९५३), **जमाना बद्लियो** (नाटक, सन् १९५७), **विजय** (एकाङ्की, सन् १९५५), **सञ्चयिता** (अनुवाद), **रवीन्द्र रचनावली** (अनुवाद - १; सन् १९६१), **कर्ण कुन्ती** (खण्डकाव्य, सन् १९८८), **बुद्धि बङ्गारो** (मिनी खण्डकाव्य, सन् १९९३) र अप्रकाशित कविताहरू **भेंट, एक चोइटा नीलो आकाश, उसैको लागि** आदि उल्लेखनीय रचनाकृतिहरू हुन्। यिनीहरूका अतिरिक्त **दियालो**मा धारावाहिक रूपमा **बाबरी** (उपन्यास) र **मधुमास** छद्म नाममा प्रकाशित भएका पाइन्छन्।

इन्द्रकील पुष्पाञ्जलिमा प्रकाशित उनका कविताहरूमध्ये 'अदृष्ट छाङ्गु', 'साहित्यिक होली', 'बापू', 'ल', 'स्वदेशका निमित्तमा', 'सिक्किम', 'निराशा र कर्तव्य', 'गीता जयन्ती', 'पुकार', 'परिवर्तन', 'प्रेम', 'वनश्री', 'फाटेको जुत्ता', 'घड़ी', 'मातृभाषा', 'अपतन', 'ईश वन्दना', 'प्रहेलिका' (१,२,३,४,५) का उत्तरहरू आदि उल्लेखनीय मानिन्छन्। कवि तुलसीबहादुर छेत्रीका कविता धरणीधर शर्माकै परिपाटीमा रचिएका जस्ता पाइए

४५-४७. तुलसी बहादुर छेत्रीबाट प्राप्त जानकारी।

तापनि कला पक्षका दृष्टिले अपतनका कविताहरूको आफ्नै विशेषता छ। उनका कवितामा मूलतः जातिप्रेम, मातृभाषाप्रेम, शिक्षाप्रतिको प्रगाढ़ भक्ति, प्रकृति वर्णन, देशभक्ति र राष्ट्रिय स्वर मुखरित भएको पाइन्छ। उनले रचेका कविताहरू छन्दोबद्ध वा लयबद्ध रहेका पाइन्छन्।

आफ्नो जीवनकालमा भानु पुरस्कार (सन् १९८५)[४८] र साहित्य अकादमी पुरस्कार (सन् १९८९)[४९] जस्ता सम्मानजनक पुरस्कार प्राप्त गरिसकेका कवि तुलसीबहादुर छेत्री आजपर्यन्त साहित्य सेवामा उत्तिकै समर्पित र संलग्न रहेका छन्।

रामदत्तलाल ठाकुर (राम अपतन) :

रामदत्तलाल ठाकुरको जन्म सन् १९२८ को मार्च ५ तारीखका दिन विष्णुपुर रौछ, वैशालीमा भएको थियो। उनका पिताको नाम रामचरित्र ठाकुर र माताको नाम श्रीमती सुखावती देवी थियो।[५०]

उनले प्राथमिक शिक्षा गाउँकै प्राथमिक पाठशालाबाट प्राप्त गरेका थिए। प्रवेशिका र उच्च माध्यमिक परीक्षा उतीर्ण गरेपछि उनी गान्तोकको टासी नामगेल हाई स्कूलमा सन् १९४६ मा अध्यापन कार्यमा संलग्न भए।[५१]

रामदत्तलाल ठाकुरले बाल्यावस्थामा आफ्ना पिता रामचरित्र ठाकुरले नियमित रामायण पाठ गरेको, शिवनाथ मिश्रले श्यामा सङ्गीत गाएको, ब्रह्मलीन शुक्लले सूरदास, तुलसीदास, कबीर, मीरा, रसखान आदिका भजन गाएको सुनेर धार्मिक एवं साङ्गीतिक प्रेरणा पाएका थिए भने गान्तोकमा तुलसीबहादुर छेत्रीको संसर्गमा आएपछि साहित्यिक प्रेरणा पनि पाएका थिए।[५२] उनको पहिलो कविता 'तरुमा पुष्पित पुष्प-लता' **गोर्खा** (सन् १९४६) मा प्रकाशित भएको पाइन्छ।

इन्द्रकील पुष्पाञ्जलिमा उनका दुइवटा 'प्रहेलिका' का टुक्राटुक्री पङ्क्ति र 'प्रभात' कविता प्रकाशित भएका पाइन्छन्। उनका **राम अपतनका केही कविताहरू** (सन् १९८९) र **ए कलम! तिम्रो मुख धोएर आएको छु** (सन् १९९५) गरी जम्मा दुइवटा कविता सङ्कलन प्रकाशित छन्। उनका 'आज' (कविता; **दियालो**, वर्ष - २, हाँगो - ५, जनवरी, सन् १९६१, पृ. १ मा) र 'नासो' (कविता **साथी**, वर्ष - १, अङ्क - ५, पृ. १) मा प्रकाशित भएका पाइन्छन्।

४८-४९. प्रेम थुलुङ, **पूर्ववत्**; पृ. ङ।

५०-५२. रामदत्तलाल ठाकुरबाट प्राप्त जानकारी।

परम्परावादी शैलीका पोषक रामदत्तलाल ठाकुरका कविताहरूमा धार्मिक, आध्यात्मिक र समाज-सुधार-संस्कारको स्वर मुखरित भएको पाइन्छ। उनका कविताहरूमा स्वदेशप्रेम, मानवप्रेमका भावनाहरू पनि मुखरित भएका पाइन्छन्। उनका धेरैजसो कविताहरू स्वतन्त्र छन्दमा रचिएका पाइन्छन्। उनका छन्दोवद्ध कवितामा बौद्धिकताभन्दा हार्दिकता बढ़ी पाइन्छ। सामाजिक, शैक्षिक, साहित्यिक, साङ्गीतिक, धार्मिक आदि कार्यमा आफूलाई समर्पित गर्ने राम 'अपतन' लाई दीर्घकालीन साहित्य सेवा गरेवापत् सन् १९८६ -मा सिक्किम साहित्य परिषद्, गान्तोकले भानु पुरस्कार प्रदान गरेर सम्मान गरेको छ।

चन्द्रदास राई :

चन्द्रदास राईको जन्म १३ अप्रेल १९२५ मा मिक्खोला नाम्ची, दक्षिण सिक्किममा भएको थियो। उनका पिताको नाम रणजीतदास राई र माताको नाम काजीमाया राई थियो। उनको प्राथमिक शिक्षा गाउँकै पाठशालामा भएको थियो। उत्तरोत्तर पढ्दै जाँदा स्नातकोत्तरसम्म अध्ययन गरेर केही वर्ष उनी राजनीतिमा लागे।[५३] पछि सन् १९५६-१९८३ सम्म सरकारी सेवामा संलग्न भएका थिए। सरकारी कामबाट अवकाश ग्रहण गरेपछि पत्रकारिता (**हिमाली बेला**का सम्पादक, प्रकाशक) मा सक्रिय रहेको बुझिन्छ। सिक्किममा समय-समयमा भइरहने साहित्यिक गतिविधिमा उनले मुख्य व्यक्तिका रूपमा भाग लिएको देखिन्छ।

उनको पहिलो प्रकाशित रचना 'कहाँ?' (कथा) (**युगवाणी**; सन् १९४८-४९) बनारसबाट प्रकाशित भएको पाइन्छ। उनी नेपाली साहित्यका लेखक रूपनारायण सिंह र रामकृष्ण शर्मा, हिन्दी साहित्यका प्रेमचन्द र अङ्ग्रेजी साहित्यका शेली, किट्स, बाइरनहरूबाट प्रभावित-प्रेरित देखिन्छन्। उनलाई मनपर्ने साहित्यिक विधाहरूमा कथा, निबन्ध र कविता हुन्।

इन्द्रकील पुष्पाञ्जलिमा उनको 'बापू' कविता प्रकाशित छ। यस कवितामा गान्धीजीको निधनमा मर्माहत भएका भारतवासीहरूको दुःखी अवस्थाको चित्रण-वर्णन गरिएको छ। उनका कविताको मुख्य स्वर मानवतावादी, राष्ट्रप्रेम र जातिप्रेम रहेको पाइन्छ।

सन्तवीर लिम्बु :

९ नोभेम्बर सन् १९२३ -का दिन पश्चिम सिक्किमको देन्ताम इलाकाको साँखु गाउँमा पिता स्व० वीरवर लिम्बुका घरमा माता श्रीमती फिपमोती लिम्बुका कोखबाट सन्तवीर लिम्बुको जन्म भएको थियो।[५४]

---

५३. चन्द्रदास राईबाट प्राप्त जानकारी।

५४. पदमसिंह सुब्बा र महानन्द पौड्यालबाट प्राप्त जानकारी।

उनले आफ्नै गाउँको स्कटीश इशाई पाठशालामा आठ-नौ वर्षका उमेरमा अक्षराम्भ गरी दुइ वर्षभित्रमा दोस्रो श्रेणी उतीर्ण गरेपछि आफ्नो अध्ययन त्यहीं स्थगित गरेर बस्तीमा घरेलु कामकाजमा लाग्नुपरेको थियो। उनका पिता पश्चिम सिक्किम फाम्चोङ (फाम्वोङ) इलाकाका अदालतका जागीरे थिए र कार्यालयको काम लिएर समय-समयमा गान्तोक आउजाउ गर्थे। सौभाग्यवश पितासँगसँगै कहिलेकाहीं गान्तोक आउने अवसर पाएका सन्तवीर लिम्बुको भाग्यको ढोका उघ्रियो, फलतः उनले गान्तोकको टासी नामग्याल उच्चत्तर विद्यालयमा भर्ना पाए। सन्तवीर लिम्बु होनहार र मेधावी छात्र भएकाले सरकारबाट छात्रवृत्ति प्राप्त गर्न सक्षम भए साथै उनले सन् १९४०-४५ का बीचमा दुइ-दुइपल्ट बढ़ोत्तरी (double promotion) प्राप्त गरे। त्यसरी नै सन् १९४६ मा प्रवेशिका परीक्षा पहिलो दर्जामा उतीर्ण भए। उनको आफ्नो कुशाग्र बुद्धि र मेहनतकै फलस्वरूप सन् १९४९ मा ढाका (वर्तमान बङ्गलादेश) -बाट कनिष्ट अभियन्ताको परीक्षा प्रथम दर्जामा उतीर्ण गरेर नयाँ कीर्तिमान स्थापित गर्न सके। फलतः तत्कालीन सिक्किम सरकारले उनलाई जनकार्य विभागमा अभियन्ताको पदमा नियुक्ति दिएको थियो।[५५]

सन् १९४४ मा २१ वर्षको उमेरमा उनको बिहे पूर्व सिक्किम, रूम्तेक निवासी स्व० जयबहादुर घले एवं कछुमाया घलेकी छोरी सत्यदेवीसित भयो।[५६]

कवि सन्तवीर लिम्बुले सन् १९४४ देखि नै कविता लेखनतर्फ आफूलाई ढल्काउन थालेको पाइन्छ। उनको पहिलो कविता 'किन?' **उदय** (अङ्क २, वर्ष २, सन् १९४४) मा प्रकाशित भएको पाइन्छ। 'नेपाली सज्जनप्रति', 'हे योगेश्वर', 'पुकारा' आदि कविताहरू पनि **उदय**, **गोर्खा**, **शारदा**, **भारती**, **पुकार** आदि पत्र-पत्रिकाहरूमा लगभग सन् १९४४-४७ का बीचमा प्रकाशित भएको जानकारी पाइन्छ। नेपाली भाषा एवं लिम्बु भाषामा बराबरी कविता लेख्ने क्षमता कवि सन्तवीर लिम्बुमा थियो भन्ने भनाइ पनि सुन्नमा आएको पाइन्छ। उनी मूलतः छन्दोवद्ध कविता रचना गर्न रूचाउँदथे; तापनि उनले 'चिरन्तन', 'दुइ विघा जमीन', 'डुङ्गी', 'नौका', 'गाछ', 'बड़ाभूमि' जस्ता गद्यात्मक रचना र कविताहरू पनि अनुवाद गरेका छन्।

कवि सन्तवीर लिम्बुलाई साहित्यमा प्रवेश गर्ने प्रेरणा अपतन साहित्य परिषद्बाट मात्र नभएर बङ्गला साहित्यका महान् कवि रवीन्द्रनाथ ठाकुरबाट पनि प्राप्त भएको बोध हुन्छ। उनैबाट प्रेरणा पाएर **मावल गाउँ** (खण्डकाव्य, अपूर्ण-अप्रकाशित) लेखेका थिए भन्ने जानकारी पनि पाइन्छ।[५७]

कवि सन्तवीर लिम्बुमा जातिप्रेम, माटाको माया र भाषा-साहित्यप्रतिको प्रेम प्रगाढ़ थियो। मझौला कद र हँसिला स्वभावका लिम्बु कार्यालयको दौड़ाहामा जाँदा सँधै हाफपेन्ट, कोट, टोपी, जुत्ता-मोजा

---

५५. पदमसिंह सुब्बा र महानन्द पौड्यालबाट प्राप्त जानकारी।

५६. रणबहादुर सुब्बा (मन्त्री, आवास अनि लोक निर्माण विभाग) बाट प्राप्त जानकारी।

५७. पद्मसिंह सुब्बा 'अपतन' -बाट प्राप्त जानकारीबाट।

लगाउने गर्थे। कहिलेकाहीं उत्सव एवं सभातिर जाँदा भने दौरा सुरुवाल, कोट, ढाकाटोपी, जुत्ता-मोजा लगाएर खुबै शालीनतापूर्वक हिँड्थे।[५८]

आफ्नो जीवनकालमा कहिल्यै हार्न नजान्ने, निरन्तर, उन्नतिको मार्गमा अग्रसर रहने मेधावी, परिश्रमी, होनहार एवं उत्तरदायी सन्तवीर लिम्बुलाई सन् १९७५ देखि रोगले ग्रस्त पार्‍यो। सिक्किमका एकजना परिश्रमी अभियन्ता र कुशल कवि सन्तवीर लिम्बु ४५ वर्षको छोटो उमेरमै आफ्नो ४५ औं जन्म दिनका दिन (९ नोभेम्बर सन् १९६८ का दिन) बितेर गए।[५९]

इन्द्रकील पुष्पाञ्जलिमा कविता रचना गरेर प्रकाशित गर्नेहरूमा मनबहादुर सुब्बा पनि उल्लेख्य रहेका छन्। मनबहादुर सुब्बाको "नामनाङ डाँड़ाको स्मरण" र "गान्तोक रीज" गरी दुइवटा कविताहरू **इन्द्रकील पुष्पाञ्जलि**मा प्रकाशित भएका पाइन्छन्। यी दुवै कविताहरूमा सिक्किमका प्राकृतिक दृश्यको वर्णन गरिएको पाइन्छ। यहाँ के कुरा उल्लेख गर्न सकिन्छ भने **अपतन साहित्य परिषद्** गठन सिक्किमेली नेपाली कविताको विकास यात्राको पहिलो चरणमा नै भएको र ती कविहरूका एकाध विभिन्न पत्र-पत्रिकाहरूमा पहिलो चरणमा नै प्रकाशित भएका देखिन्छन् तापनि उनीहरूका कविताहरूले सामूहिक सङ्कलन **इन्द्रकील पुष्पाञ्जलि** चाहिँ सिक्किमेली नेपाली कविताको विकासयात्राको दोस्रो चरण (सन् १९५०) मा मात्र प्रकाशित भएको र त्यसैबेलादेखि 'अपतन साहित्य परिषद्' -का कविहरू साहित्य जगत्मा परिचित बन्न पुगेको पाइने हुनाले यहाँ **इन्द्रकील पुष्पाञ्जलि**लाई दोस्रो चरणमा राखेर चर्चा गरिएको हो।

भूपाल लामिछानेको एउटै कविता 'मित्रप्रति' **इन्द्रकील पुष्पाञ्जलि**मा प्रकाशित छ। श्री चन्द्रको 'बापू' कविता पनि यसै सङ्कलनमा प्रकाशित भएको पाइन्छ। यी कविहरूका अतिरिक्त यस चरणमा **कञ्चनजङ्घा, उदय, गोर्खा, दियालो, आमा** आदि पत्र-पत्रिकाहरूमा कविता प्रकाशित गर्नेहरूमा तुलसीराम शर्मा 'कश्यप', देवीप्रसाद कौशिक, सानु लामा, बी. एस. राई, लालबहादुर बस्नेत, चन्द्रबहादुर सुवेदी, महानन्द पौड्याल प्रभृति कविहरूका कविता एवं लेखादि पनि प्रकाशित भएका पाइन्छन्।

(२) तुलसीराम शर्मा 'कश्यप' र उनका कविता-कृतिहरू :

११ फरवरी सन् १९३९ को दिन सिक्किमको छुजाचेन पाम गाउँमा चन्द्रलाल शर्माका घरमा कौशल्यादेवीका कोखबाट तुलसीराम शर्मा 'कश्यप' -को जन्म भएको थियो। उनी परिवारका काँहिला छोरा थिए। उनले आफ्नो पिताले गाउँ-घरकै कटेरोमा सञ्चालन गरेको पाठशालामा अक्षरारम्भ गरी बाह्र वर्षको उमेरमा रङ्गेली स्कूलमा स्कूली शिक्षा आरम्भ गरेका थिए। सन् १९५४ मा देशोद्धार विद्यापीठबाट चौथो श्रेणी

५८-५९. महानन्द पौड्यालबाट प्राप्त जानकारी।

उत्तीर्ण गरेपछि नामथाङको मिशन स्कूलमा छैंटौ श्रेणीसम्म अध्ययन गरेर केही दिन पाण्डाम स्कूलमा अनि त्यसपछि नाम्ची स्कूलबाट १९६२ मा माध्यमिक परीक्षा उत्तीर्ण गरेका थिए। उनले सन् १९७०-७१ मा उत्तर बङ्ग विश्वविद्यालयबाट स्नातक परीक्षा उत्तीर्ण गरेको जानकारी पाइन्छ।[६०] सन् १९६८ मा उनको विहे पूर्व सिक्किम बर्मेक निवासी हिरालतासँग सम्पन्न भएपछि उनी गृहस्थी जीवन साथसाथै अध्ययन, अध्यापन र साहित्य सिर्जनामा पनि संलग्न रहेको पाइन्छ। सन् १९७१ सम्म उनी शिक्षण पेशामा रहेका र त्यसपछि व्यापार-वाणिज्यमा लागेका थिए। त्यसपछि राजनीतिमा पाइला हालेको देखिन्छ। सन् १९७१ -मा सिक्किममा भएको आम चुनाउमा विजय भएपछि उनी सिक्किम विधान सभाका मन्त्री बनेका थिए अनि त्यसपछि र सन् १९८४ -मा दोस्रोपल्ट विजय भएर सिक्किम विधान सभाका अध्यक्ष पद सम्हालेका थिए। यसरी कहिले शिक्षक, कहिले मन्त्री, कहिले अध्यक्ष बनेका कश्यप सन् १९९० -मा उनको **आमा** खण्डकाव्यका निम्ति दिल्लीको साहित्य अकादमी पुरस्कारद्वारा पुरस्कृत भएका थिए। सन् १९९२ -मा उनी सिक्किमको भानु पुरस्कारले पुरस्कृत भएका थिए अनि सन् १९९७ -मा साहित्य अकादमीबाटै 'राइटर्स मीट' र वृहत् साहित्य गोष्ठीमा पनि सम्मानित भएका थिए। यसरी कहिले शिक्षक, कहिले मन्त्री आदि बनेर पनि सततः साहित्य सिर्जनामा संलग्न रहेका र साहित्य सिर्जनाका निम्ति विभिन्न सङ्घ-संस्थाहरूद्वारा सम्मानित-पुरस्कृत भएका कवि तुलसीराम शर्मा कश्यपले सन् १९९८ मा यस संसारबाट सदाकोलागि विदा लिए।[६१]

कवि कश्यपलाई साहित्यप्रतिको रुचि एवं साहित्यमा प्रवेश गर्ने प्रेरणा घरबाटै भएको बोध हुन्छ। पिता चन्द्रलाल शर्माले **रामायण** र दाज्यू जयनारायणले **कृष्ण-चरित्र** लय हालेर पढ़ेको सुन्दा, बिहे-बटुलामा लय हाली गाएको श्लोक सुन्दा, नाम्ची स्कूलको छात्रावासमा बस्दा, डम्बरकुमार सुब्बासँग छन्द आदि पढ्ने र जान्ने अवसर पाउँदा उनलाई कविता लेखनप्रति अनुराग बढ़ेर गएको बुझिन्छ। यसरी नै जगन्नाथ गुरागाईंको **गुणरत्न माला**, देवकोटाको **मुना-मदन** र समको **मुकुन्द-इन्दिरा** जस्ता कृतिहरूको अध्ययन गरेपछि कश्यप कविताप्रति अनुरागी बन्दैगएको बुझिन्छ। यस्तै प्रभाव र प्रेरणाहरू अँगाल्दै कवि तुलसीराम 'कश्यप' साहित्य सिर्जनामा प्रवृत्त भएका देखिन्छन्।[६२]

नाम्ची स्कूलमा पढ्दा मात्रिक एवं शार्दूलविक्रीड़ित, शिखरिणी, अनुष्टुप् जस्ता वर्णमात्रिक छन्दमा दुइ-चारवटा कविता रचना गरेको र सन् १९६२-६३ मा तिमीमा शिक्षक तालीम लिँदा तालीमे शिक्षक साथीहरू र तालीम केन्द्रका प्रधान शिक्षकको सहयोगबाट **आँकुरा** (कविता सङ्ग्रह; सन् १९६५) प्रकाशित गरेका थिए।[६३]

---

६०. तुलसीराम शर्मा 'कश्यप' बाट प्राप्त जानकारी।

६१. कवि तुलसीराम शर्मा 'कश्यप' की पत्नी हीरालता कश्यपबाट प्राप्त जानकारी।

६२. कवि तुलसीराम शर्मा 'कश्यप' लिइएको अन्तर्वार्ताबाट प्राप्त जानकारी।

६३. तुलसीराम शर्मा 'कश्यप'; 'भूमिका', **आँकुरा**; सन् १९६५; पृ. ख।

अहिलेसम्म कवि कश्यपले नेपाली साहित्य जगत्लाई **आँकुरा** (कविता सङ्ग्रह; सन् १९६५), **संसार यस्तै रहेछ** (कथा सङ्ग्रह; सन् १९६६), **कला-कमल** (खण्डकाव्य; सन् १९६७), **जन्मभूमि** (महाकाव्य; सन् १९८६), **तस्वीर** (कथा सङ्ग्रह; सन् १९८७), **सङ्कल्प** (उपन्यास; सन् १९८८), **आमा** (महाकाव्य; सन् १९८८), **ऋतुराग** (खण्डकाव्य; सन् १९८९), **स्वर्गमा नेहरू** (नाटक; सन् १९८९) **अनुराग** (खण्डकाव्य; सन् १९९०), **कल्पना** (निबन्ध सङ्ग्रह; सन् १९९१), **साँझदेखि साँझसम्म** (नाटक; सन् १९९२), **मन्थन** (महाकाव्य; सन् १९९३), **सिक्किम ए हिमालयन रिलेम** (जन्मभूमिको अङ्ग्रेजी अनुवाद; सन् १९८८), **सिक्किम हिजोदेखि आजसम्म** (इतिहास; सन् १९९५) जस्ता रचना-कृतिहरू दिएका छन्।

यसरी हेर्दा कविता सङ्ग्रह, खण्डकाव्य, महाकाव्य, कथा, उपन्यास, इतिहास, नाटक, निबन्ध आदि विभिन्न विधामा कलम चलाउने कवि तुलसीराम शर्मा 'कश्यप' सिक्किम वा भारतेली नेपाली साहित्य जगत्का मात्र नभएर सम्पूर्ण नेपाली साहित्य जगत्कै एक स्मरणीय प्रतिभा हुन् भन्नसकिन्छ।

चरणगत दृष्टिले हेर्दा सिक्किमेली नेपाली कविताको दोस्रो चरणमा देखापरेका कवि हुन् कश्यप। उनका **आँकुरा** (सन् १९६५) र **कला-कमल** (सन् १९६७) यसै चरणका (सन् १९५०-१९६९) रचना-कृति हुन्।

३.२.३.१ निष्कर्ष :

सन् १९५० देखि सिक्किमेली नेपाली कविताले सन् १९७० सम्म आइपुग्दा आफ्नो यात्राको दोस्रो चरण पूरा गरेको देखिन्छ र सिक्किमेली नेपाली कविता यात्राको दोस्रो चरणका कविता-कृतिहरूले नेपाली कविताका विकासमा थप सहयोग पुऱ्याएकै पाइन्छ। यहाँ सिक्किमेली नेपाली कविता यात्राको दोस्रो चरणका मुख्य-मुख्य उपलब्धिहरूलाई निम्नलिखित बुँदाहरूमा समेट्न सकिन्छ।

(क) यस चरणका सिक्किमेली नेपाली कविहरूले प्रथम चरणका एकाध प्रवृत्ति अँगाल्दै अनि नेपाली काव्य जगत्बाट पनि विभिन्न प्रभाव प्रेरणाहरू लिँदै सिक्किमेली नेपाली कवितालाई नयाँ गति दिने प्रयास गरेका छन्। यस अवधिमा विभिन्न साहित्यिक पत्र-पत्रिकाहरूको प्रकाशनले र खास गरेर **अपतन साहित्य परिषद्**का कविहरूले **इन्द्रकील पुष्पाञ्जलि** (सन् १९५०) प्रकाशन गरेर सिक्किमेली नेपाली कविताको विकासमा उल्लेखयोग्य सघाउ पुऱ्याएको पाइन्छ।

(ख) यस चरणका कविहरूले भक्तिभावप्रधान, राष्ट्रप्रेमप्रधान कविताहरूका साथै स्वच्छन्दवादी भावधाराका र जातीय-जागरण भावधाराका कविता रचना गरे पनि सिक्किमेली नेपाली कवितालाई नयाँ गति दिने प्रयास रहेको देखिन्छ। यस सन्दर्भमा यस चरणका प्रतिनिधि

कवि र तिनीहरूका प्रमुख-प्रमुख कविताहरूमध्ये **अपतन साहित्य परिषद्**का तुलसी अपतनका 'अदृष्ट छाङ्ग'; अगमसिंह तामाङका 'राष्ट्रिय पथिक'; सन्तवीर लिम्बूका 'किन?' आदि कविताहरू उल्लेखनीय रहेका छन्। त्यस्तै **आँकुरा** र **कला कमल** पनि यस चरणका उल्लेखनीय कविता-कृति हुन्।

(ग) यस चरणका धेरैजसो कविताहरू गद्य शैली अँगालेर रचिएका छन् तापनि **इन्द्रकील पुष्पाञ्जलि**का एकाध कविताहरू चाहिँ शार्दूलविक्रीड़ित, हरिगीतिका, अश्वघाटी प्रभृति छन्दमा रचिएका पाइन्छन्।

(घ) फुटकर रचनाहरूका अतिरिक्त यस चरणमा सामूहिक कविहरूका कविता सङ्ग्रह, खण्डकाव्य र खण्डकाव्य भन्न सुहाउने किसिमका कविता-कृतिहरूको पनि रचना र प्रकाशन हुन सकेको पाइन्छ। **इन्द्रकील पुष्पाञ्जलि, बापू** आदि यसका सबल उदाहरणहरू हुन्। यसका साथै यस चरणमा एकक कविका कविता सङ्ग्रहहरू पनि प्रकाशित भएका पाइन्छन्। **आँकुरा** (क.सं.) यसको राम्रो उदाहरण हो।

(ङ) यस चरणका कविताहरू भाव, भाषा-शैली एवं छन्द-लय विधानका दृष्टिले पनि समृद्ध र रमणीय रहेका पाइन्छन्।

३.२.४ (घ) तेस्रो चरणका (सन् १९७०-९०) का कवि र कविताहरू :

पहिलो र दोस्रो चरणमा देखापरेका कविहरूले पनि यस तेस्रो चरणमा कविता रचना गरेर सिक्किमेली नेपाली कवितालाई गतिशील बनाउन सहयोग पुऱ्याएका छन्। यस तेस्रो चरणमा पनि देखापरेका सिक्किमेली नेपाली कविहरूमध्ये चाहिँ गिर्मी सेर्पा, सन्तोष बरदेवा, रघुनन्द सापकोटा, जीवन थिङ, राजेन्द्र भण्डारी, तुलसीराम शर्मा 'कश्यप' आदि उल्लेखयोग्य रहेका पाइन्छन्।

(१) पवनकुमार चामलिङ र उनका कविता-कृतिहरू :

पवनकुमार चामलिङ 'किरण' सिक्किमका नेपाली कविताका दोस्रो चरणमा देखा परेका कवि हुन्। उनको जन्म २३ सेप्टेम्बर बुधवार, सन् १९५० मा दक्षिण सिक्किमको याङ्याङ बस्तीमा भएको थियो।[६४]

६४. कवि पवन चामलिङ 'किरण' बाट प्राप्त जानकारी।

उनका पिताको नाम आशबहादुर चामलिङ र माताको नाम आशरानी चामलिङ हो। उनको पुर्ख्यौली थलो दक्षिण सिक्किमको याङयाङ बस्ती हो भने हाल उनको स्थायी वासस्थान नाम्चीको घुर्पिसे हो। उनको बाल्यकाल याङयाङमा नै व्यतीत भएको थियो। उनले आफ्नो प्रारम्भिक शिक्षा पनि याङयाङबाट आरम्भ गरेका थिए।[६५]

कवि चामलिङको कर्ममय जीवन हेर्दा उनको अभिरूचि मूलतः जनसेवा कार्यमा रहेको देखिन्छ तापनि प्रवेशिका शिक्षा पूर्ण गरेपछि उनी प्रथमतः खेती-पाती र ठेकेदारी काममा र त्यसपछि सिक्किमको वन विभागमा कर्मचारीको रूपमा (सन् १९७६-१९८३) संलग्न भएको बुझिन्छ। त्यसपछि केही वर्ष पञ्चायत सभापति (सन् १९८३-१९८५) का रूपमा र केही वर्ष विधान सभाका सदस्य (१९८५-१९८९, १९८९-१९९२), केही वर्ष उद्योग, वाणिज्य, सूचना एवं जन सम्पर्क तथा छापाखाना विभागका मन्त्री[६६] र सन् १९९४ देखि यता सिक्किमका माननीय मुख्य मन्त्री पदमा कार्यरत रहेका छन्। कविता लेखनबाट साहित्यमा प्रवेश गरेका पवन चामलिङ साहित्यसँगसँगै राजनीतिमा पनि सक्रिय रहेका देखिन्छन्।

विद्यार्थी अवस्थादेखि नै कविता रचना गर्न शुरू गरेका कवि चामलिङले उनको आफ्नो जन्मस्थानको एकलास गाउँको सरल, स्वच्छ, शान्त र नैसर्गिक वातावरण अनि गाउँको शिरमा खड़ा रहेको भाले ढुङ्गाको अमेट प्रभाव र प्रेरणाले गर्दा कविता रचनातर्फ आकृष्ट भएको कुरा स्वीकार गरेका छन्।[६७] यसरी कहिले विद्यार्थी, कहिले खेतीवाला, ठेकेदार, सरकारी कर्मचारी, विधान सभाका सदस्य, कहिले मन्त्री र मुख्य मन्त्रीका आसनमा बसेका पवन चामलिङ विद्यार्थी अवस्थादेखि नै काव्य साधनामा सततः प्रयत्नशील रहेका देखिन्छन्। त्यसैले अहिलेसम्म उनले नेपाली साहित्य जगत्लाई **प्रारम्भिक कविताहरू** (कविता सङ्ग्रह; सन् १९७०-७८), **अन्तहीन सपना : मेरो विपना** (कविता सङ्ग्रह; सन् १९७९-८५), **पनेरियल ड्रीम** (अङ्ग्रेजी अनुवाद : सन् १९९२), **म को हुँ?** (कविता सङ्ग्रह : सन् १९८६-९२), **दामथाङ हिजो र आज** (अभिलेख सङ्ग्रह; सन् १९९५) जस्ता रचना-कृतिहरू दिएका छन्। यिनीहरूका अतिरिक्त उनले **निर्माण** (साहित्यिक पत्रिका, त्रैमासिक; सन् १९७९ देखि), **नवज्योति** (त्रैमासिक, साहित्यिक पत्रिका; सन् १९७९), र **प्रजातन्त्र** (मासिक पत्रिका; सन् १९७०) को सम्पादन कार्य पनि गरेको पाइन्छ। लगभग पच्चीस वर्षदेखि निरन्तर काव्य-साधनामा समर्पित बन्दैआएका कवि चामलिङका कविताहरू सिक्किम र भारतबाट प्रकाशित हुने विभिन्न पत्र-पत्रिकाहरूमा प्रकाशित भएका पाइन्छन्।

(२) कवि चन्द्रबहादुर सुवेदी र **हारेको कर्म :**

हारेको कर्म (गीति खण्डकाव्य, सन् १९७०) सिक्किमेली नेपाली कविताको दोस्रो चरणको कृति

६५-६६. कवि पवन चामलिङ 'किरण' बाट प्राप्त जानकारी।

६७. (क) पवनकुमार चामलिङ 'किरण'; 'भूमिका', **अन्तहीन सपना : मेरो विपना; निर्माण** प्रकाशन, दक्षिण सिक्किम; सन् १९७९-८५; पृ. ख।

(ख) पवनकुमार चामलिङ 'किरण'; 'भूमिका', **प्रारम्भिक कविता; निर्माण** प्रकाशन, दक्षिण सिक्किम; सन् १९७८; पृ. क।

रहेको छ। कवि चन्द्रबहादुर सुवेदी दोस्रो चरणका कवि हुन्। चन्द्रबहादुर सुवेदीको जन्म साउन २० गते, वि० सं० १९९७ (सन् १९४०) -मा पश्चिम सिक्किमको तोयाङ बस्तीको याङ्याङ भन्ने ठाउँमा भएको थियो। उनकी माताको नाम नैनकला सुवेदी र पिताको नाम नरदल सुवेदी थियो। उनले आफ्नो प्रारम्भिक शिक्षा गेजिङ स्कूलमा समाप्त गरेको जानकारी पाइन्छ।[६८] सन् १९५९ देखि १९६० सम्म शिक्षक पदमा र सन् १९७९ देखि वन विभाग (सिक्किम सरकार) -का कर्मचारीका रूपमा कार्यरत थिए।[६९]

कवि सुवेदीको विवाह २०१५, फाल्गुन ११ गते, (सन् १९५८) -मा कृष्णवदनसँग सम्पन्न भएको थियो।[७०]

उनका 'खेचीवेरीको दर्शन' र 'छाङ्गु पोखरी दर्शन' जस्ता एकाध फुटकर कविताहरू त्यसबेलाका एकाध पत्रिकाहरूमा सन् १९६१ मा प्रकाशित भएको जानकारी पाइन्छ। कवि सुवेदीलाई कविता-साहित्यप्रतिको रुचि स्कूले जीवनदेखि नै जागेको बोध हुन्छ। कवि लक्ष्मीप्रसाद देवकोटाको **मुनामदन** र लेखनाथ पौड्यालका कविताहरू अध्ययन गरेपछि उनी साहित्यप्रति अनुरक्त बन्दै गएका थिए।[७१] यिनैका प्रभाव र प्रेरणा अँगाल्दै कवि सुवेदी **हारेको कर्म** (गीति खण्डकाव्य; सन् १९७०) लेख्न प्रवृत्त भएका थिए। कवि सुवेदीको **हारेको कर्म**मा चेली-माइतीको सम्बन्ध देखाइएको पाइन्छ भने नेपाली समाजमा प्रचलित तीज जस्तो नारी पर्वको महत्वलाई पनि दर्शाइएको पाइन्छ।

हारेको कर्मका अतिरिक्त चन्द्रबहादुर सुवेदीका फुटकर कविताहरू **कञ्चनजङ्घा, प्रगति, हिमालय सन्देश** प्रभृति पत्र-पत्रिकातिर प्रकाशित भएका पाइन्छन्।

कवि सुवेदी प्रतिभाशाली थिए तापनि उनको प्रतिभा पल्लवित हुन नपाउँदै अल्पायुमै उनको देहान्त भएको थियो।

(३) कवि केदार गुरूङ र उनका कविता-कृतिहरू :

कवि केदार गुरूङ पनि सिक्किमका नेपाली कविताका दोस्रो चरणका कवि हुन्। उनको जन्म ९ जुलाई सन् १९४८ मा सार्दोङ बस्ती, लिंगचोक, पश्चिम सिक्किममा भएको हो। उनोक न्वरानको नाम केदारनाथ गुरूङ हो। उनकी माताको नाम सावित्री गुरूङसेनी र पिताको नाम लक्ष्मण गुरूङ हो। उनको पुर्ख्यौली थलो ताप्लेजुङ, २ नम्बर नेपाल हो। कवि गुरूङको बाल्यकाल सार्दोङ बस्तीमा गाई-बाख्रा चराएर र खेती-पातीमा लागेर नै बितेको थियो भन्ने जानकारी पाइन्छ।[७२]

६८-७०. कवि चन्द्रबहादुर सुवेदीका हितैषी मित्र केदार गुरूङबाट प्राप्त जानकारी।
७१-७२. कवि केदार गुरूङबाट प्राप्त जानकारी।

उनको प्रारम्भिक शिक्षा लिङ्चोक प्राथमिक पाठशालादेखि शुरू भएको थियो अनि दार्जीलिङ सरकारी महाविद्यालयबाट स्नातकको परीक्षा (सन् १९७०) दिएपछि उनको औपचारिक शिक्षा समाप्त पनि भएको थियो। कवि गुरूङको विवाह चन्द्रकुमारी राईसँग ९ फरवरी सन् १९७४ मा सम्पन्न भएको थियो। उनको कर्ममय जीवन सन् १९७१ को जून महीनादेखि शिक्षकका रूपमा साङ निम्न माध्यमिक विद्यालयमा, सन् १९७२ मार्चदेखि देन्ताम निम्न उच्च विद्यालयमा, सन् १९७२ अगस्तदेखि गेजिङ प्राथमिक पाठशालामा, सन् १९७३ मंईदेखि सन् १९९५ सम्म पेलिङ निम्न माध्यमिक पाठशालामा बितेको देखिन्छ।[७३]

कवि केदार गुरूङको पहिलो रचना 'चित्रकार' (कथा), **'धुवाँ'** मासिक पत्रिका (मार्च, सन् १९६६) -मा प्रकाशित भएको पाइन्छ र कविलाई कविता-साहित्यप्रति रुचि सानै उमेरदेखि जागेको बोध हुन्छ तापनि उनी मूलतः सन् १९७० मा **आज फेरि एउटा सम्झना र नयाँ दिनहरू** कविता सङ्ग्रह प्रकाशित गरेर सिक्किमेली जगत्मा देखा परेका हुनाले उनलाई पनि सिक्किमेली नेपाली कविताका तेस्रो चरणका कवि मान्नुपर्ने स्थिति रहेको पाइन्छ। उनको भनाइअनुसार प्रवेशिका परीक्षा सकेपछि विभिन्न विधाका पुस्तक र पत्रिकाहरू पढ़ेपछि कविताप्रतिको राग-आकर्षण बढ्दैगएको थियो। यिनै प्रभाव र प्रेरणाहरू अँगाल्दै कवि गुरूङ साहित्य सिर्जनामा प्रवृत्त भएका देखिन्छन्। उनलाई मन परेका साहित्यकार अच्छा राई 'रसिक' हुन् र मन परेको विधा चाहिँ कथा, कविता र आत्मपरक निबन्ध हो भन्ने उनको भनाइ छ।[७४]

कवि गुरूङका अहिलेसम्मका कविता-कृतिहरूमध्ये **आज फेरि एउटा सम्झना र नयाँ दिनहरू** (सन् १९७०); **तरङ्गमाथि लहर लागेर आएको अर्को प्रहर** (सन् १९७३); **महाशक्तिको पूजा** (सन् १९७९); **छाँगुहरू सँधै सेतै भएर बग्ने गर्छन्** (सन् १९८४) र **फैलिएका हातहरू, सूर्यग्रहण र नीला दहहरू** (सन् १९९५) उल्लेख्य छन्। यिनीहरूका अतिरिक्त कवि गुरूङको **आफ्नै पक्षहरू** (निबन्ध सङ्ग्रह; सन् १९९२); **सीमानामाथि चढ़ेर सुनाएका अग्ला होंचा कथाहरू** (कथा सङ्ग्रह, सन् १९९४); **समुद्रको पानी र बगरका बालुबाहरू** (निबन्ध सङ्ग्रह; सन् १९९४) पनि प्रकाशित छन्।

(४) देवीप्रसाद कौशिक र उनका कविता-कृतिहरू :

पश्चिम सिक्किम लुङ्चोक निवासी पिता श्रीकृष्ण र माता देवीमाया शर्माका काँहिला छोरा कवि देवीप्रसाद कौशिकको जन्म सन् १९३४ मा भएको थियो। सानै उमेरदेखि पारिवारिक समस्या सहन गर्दै उनले प्रारम्भिक शिक्षा घरबाटै प्रारम्भ गरेका थिए। त्यसपछि उनी सोमबारे मिशन स्कूलबाट तेस्रो श्रेणीमा उत्तीर्ण भएपछि एक दिन साथीसँग झगड़ा गरेर साथीलाई मरणासन्न अवस्थामा पुऱ्याएकाले उनले स्कूल छाड्नु परेको थियो र उनको औपचारिक शिक्षा त्यहीं समाप्त भएको थियो। त्यसपछि घरमै गाई-वस्तुको हेरचाह र

७३-७४. कवि केदार गुरूङबाट प्राप्त जानकारी।

खेतीपातीको काम गरेर राती गाउँकै गुरागाईं पुरोहितकहाँ ज्योतिष सिक्न जान्थे। यसरी पढ़ाइको उन्नति हुन सकेन र पनि उनले हिम्मत हारेनन्। उनका मितबाबु फुएँल पञ्चाङ्गकर्ताकहाँ गएर ज्योतिष विषयको पढ़ाइ चालु राखे। कामको बोझले गर्दा पढ़ाइमा बाधा भयो र कसैको अनुमतिबिना भागेर बनारस पुगे। त्यहाँ रणवीर संस्कृत विद्यालयमा संस्कृत, ज्योतिष, अङ्ग्रेजी र हिन्दीको दश वर्षसम्म अध्ययन गरेपछि र जयनारायण इण्टर मिडियट कालेजबाट आइ. ए. (सन् १९५६) गरेपश्चात् त्यही साल उनी आफ्नो घर सिक्किम फर्केका थिए।[७५]

सिक्किम आएर सर्वप्रथम तादोङ प्राथमिक पाठशालाका प्रधान शिक्षक बने। त्यसपछि नाम्ची, गेजिङ, साङ, सिङताम, रानीपूल जस्ता विभिन्न ठाउँहरूमा सरुवा भए। तर सरुवा भएर जहाँ-जहाँ पुगे पनि त्यहाँ उनी काव्य-साधनामा अटूट रूपमा लागिरहे।

कवि कौशिकको विवाह डम्बरकुमारी देवकोटासँग सन् १९६१ मा भएको थियो। उनका जीवनका धेरै वर्षहरू कर्मक्षेत्रमा भौंतारिंदै बितेका थिए। सन् १९७८ मा स्थायी रूपमा बस्ने उद्देश्यले रानीपूलमा घर बनाए तर वर्ष दिन नबित्दै दुर्भाग्यले सन् १९७९ को माघे संक्रान्तीका दिन उनको चोला उठ्यो।

उनको **सुस्केराहरू** (कविता सङ्ग्रह, सन् १९७१) प्रकाशित छ। उनका **प्रतीक्षाको संसार उसैको लागि** (उपन्यास), **प्रणयन** (कविता सङ्ग्रह), **तरङ्गिनी** (कविता सङ्ग्रह) पाण्डुलिपिमै छन् भन्ने जानकारी पाइन्छ।[७६]

उनका **सुस्केराहरू** कविता सङ्ग्रहका कविताहरू छन्द एवं गद्यमा रचिएका पाइन्छन् र ती कविताहरूमा निराशा, सुस्केरा, असन्तोष, खट्पटीका साथै प्रकृतिप्रेम, प्रणय र देशप्रेमको स्वर पनि मुखरित भएको पाइन्छ।

(५) गिर्मी सेर्पा 'गोपर्मा' र उनका कविता-कृतिहरू :

कवि गिर्मी सेर्पाको साहित्यिक नाम गिर्मी शेर्पा 'गोपर्मा' हो र उनको छद्म नाम जी. एम. नेपाली र जीवन शेर्पा हो। उनको जन्म १ दिसम्बर १९४८ मा पश्चिम सिक्किमको भरेङ बस्तीमा भएको थियो। उनका पिताको नाम सार्की लामा र माताको नाम दावा शेर्पा हो। सिक्किममा चार पुस्तादेखि बसोबास गर्दै आएका गिर्मीका परिवारमा जम्मा ९ जना सदस्यहरू छन्। उनको बिहे सन् १९७० मा एस. शर्मासँग भएको थियो।[७७]

उनको प्रारम्भिक शिक्षा पश्चिम सिक्किमको रिप्दी स्कूलमा र पाँचौ-छैटौं श्रेणीको पढ़ाइ पश्चिम

७५-७६. कवि देवीप्रसाद कौशिकका भाइ महानन्द शर्माबाट प्राप्त जानकारी।
७७. कवि गिर्मी सेर्पाबाट प्राप्त जानकारी।

सिक्किमको ओखरे स्कूलमा भएको थियो। त्यसपछि उनले पेलिङ स्कूलबाट सन् १९६६ मा प्रवेशिका दिएर त्यस परीक्षामा उतीर्ण भएपछि उनी दार्जीलिङको सरकारी कलेजमा भर्ना भए र त्यहाँबाट उनले सन् १९६७ मा प्रि-युनिभर्सिटी र सन् १९७० -मा स्नातक परीक्षा उत्तीर्ण गरेका थिए। सन् १९७६ मा कलकत्ता विश्वविद्यालयबाट स्नातकोत्तर (सोसल वर्क) डिप्लोमा प्राप्त गरे। सन् १९७७ मा 'ए न्युज एप्रोच टु लेबर एडमिनिस्ट्रेसन अर्गनाइजेसन एण्ड वेलफेयर, दिल्ली'; सन् १९८३ -मा अर्गनाइजेसन एण्ड मेथोड वर्क स्टडी र त्यही वर्ष वेहाभियनल स्कील्स, सन् १९८८ -मा एडमिनिस्ट्रेसन लिडरसीप एण्ड वेहभियर, दिल्ली आदि विभिन्न प्रशिक्षण केन्द्रहरूबाट विभिन्न थरीका प्रशिक्षण पनि प्राप्त गरेको ज़ानकारी पाइन्छ।[७८] सरकारी सेवामा संलग्न हुँदाहुँदै उनले यस्ता प्रशिक्षण प्राप्त गर्ने मौका पाएको बुझिन्छ।

उनी सन् १९७० को अक्टोबर महीनादेखि सिक्किम राष्ट्रियकृत परिवहन, उद्योग, श्रम, ग्रामीण विकास विभाग, खादी बोर्ड, गृह विभाग, सूचना एवं जन सम्पर्क विभाग, योजना अनि विकास विभाग, शहरी विकास विभाग जस्ता विभिन्न विभागमा कार्यरत रही र हाल सिक्किम जन सेवा विभाग (एस०पी०एस०सी०) -मा सचिवको पदमा कार्यरत छन्।[७९]

कवि गिर्मीलाई प्रारम्भिक कालमा कवि भानुभक्त आचार्य, कवि लेखनाथ पौड्याल, सिद्धिचरण श्रेष्ठ, धरणीधर शर्मा प्रभृति कविहरूका कविताबाट कविता रचना गर्ने रुचि बढ़ेको बुझिन्छ।[८०] यस्तै सातौं श्रेणीमा पढ्दा शिक्षक नरबहादुर भण्डारीबाट पनि उनलाई साहित्य रचना गर्ने प्रेरणा प्राप्त भएकाले गिर्मी सेर्पाले सर्वप्रथम **बिनायो** (हस्तलिखित) पत्रिका प्रकाशित गरेका थिए। त्यसपछि उनलाई कवितामा रूचि बढ्दै गएको थियो र उनी कविता रचनामा लागेका थिए।[८१] उनको पहिलो कविता 'के तिमी नेपाली हौ' सन् १९६५ -मा **कञ्चनजङ्घा**मा प्रकाशित भएको थियो। यसरी उनले आफ्नो कविता यात्रा सिक्किमेली नेपाली कविताको दोस्रो चरणमै थालेको देखिए तापनि खास गरेर **बाँझो दिनमाथि पह्लाएका केही फूलहरूको** प्रकाशन (सन् १९७८) पछि मात्र उनी साहित्य जगत्मा परिचित र प्रसिद्ध हुन पुगेको हुनाले उनलाई पनि तेस्रो चरणकै कवि मान्नुपर्ने स्थिति रहेको देखिन्छ।

अहिलेसम्म उनका **बाँझो दिनमाथि पह्लाएका केही फूलहरू** (कविता सङ्ग्रह, सन् १९७८) र **हिपोक्रिट चाँप गुराँस र अन्य कविता** (कविता सङ्ग्रह, सन् १९८८) प्रकाशित छन्। कविताका अतिरिक्त निबन्ध, समालचोनात्मक लेखहरू पनि **कञ्जनजङ्घा, आमा, उदय, नवज्योति, खोजी, अर्चना** आदि साहित्यिक पत्र-पत्रिकाहरूमा प्रकाशित भएका पाइन्छन्।

७८-८१. कवि गिर्मी सेर्पासँग लिइएको अन्तर्वार्ताबाट।

(६) राजेन्द्र भण्डारी र उनका कविता-कृतिहरू :

कवि राजेन्द्र भण्डारीको जन्म २८ सितम्बर सन् १९५६ मा कालेबुङको बमबस्तीमा भएको हो। उनको पिता भगिरथ भण्डारी र माता सावित्रीदेवी हुन्। उनी परिवारका कान्छा छोरा हुन्।[८२]

उनको बाल्यकाल आफ्नो जन्मथलो कालेबुङमै व्यतीत भएको पाइन्छ। उनले आफ्नै गाउँको गणेश प्राथमिक पाठशालाबाट प्राथमिक शिक्षा लाभ गरेका थिए। त्यसपछि कालेबुङको कुमुदिनी विद्याश्रमबाट सन् १९७६ -मा उच्च माध्यमिक परीक्षा उत्तीर्ण गरेर कालेबुङ कलेजबाट सन् १९७९ -मा स्नातक परीक्षा उत्तीर्ण गरेका थिए। उत्तर बङ्ग विश्वविद्यालयबाट सन् १९८१ -मा स्वतन्त्र परीक्षार्थीका रूपमा नेपाली विषयमा परीक्षा दिएर उनले स्नातकोत्तर (एम.ए.) परीक्षा उतीर्ण गरेको पाइन्छ।[८३]

कवि भण्डारीको कर्ममय जीवन सन् १९७७ देखि केही काल स्टेट व्याङ्कमा, सन् १९८०-८३ मा सोरेङ उच्च माध्यमिक पाठशालामा पी.जी.टी. शिक्षकका रूपमा व्यतीत भएको पाइन्छ भने सन् १९८६ देखि यता उनी सिक्किम सरकारी महाविद्यालयमा प्राध्यापकको कार्यमा संलग्न रहेका छन्।

स्वभावैले मिलनसार, ज्यादै संवेदनशील, सहयोगी, उदार र विद्यार्थीहरूका प्रिय शिक्षक, सहकर्मी मित्रहरूका प्रिय मित्र भण्डारी स्वतन्त्रताप्रिय तथा विनोदी स्वभावका देखिन्छन् भने अर्कातिर आध्यात्मिक तर्क र चिन्तन गर्न पनि रूचाउँछन्।

पूर्वीय एवं पाश्चात्य जगत्का कवि र काव्यबाट प्रभाव र प्रेरणा ग्रहण गरेर काव्य साधनामा लागेका कवि भण्डारी विभिन्न साहित्यिक कार्यक्रममा र धार्मिक सम्मेलनमा पनि भाग लिने गर्दछन्। उनका कविताहरू नेपाल, भारत दुवैतिरबाट प्रकाशित हुने पत्र-पत्रिकामा प्रकाशित भएका पाइन्छन्। कविताबाहेक समालोचनात्मक लेखमा पनि उनको कलम चलेको देखिन्छ।

कवि भण्डारीका **हिउँदे यी चिसा रातका पर्दाहरूमा** (कविता सङ्ग्रह, सन् १९७९), **यी शब्दहरू : यी हरफहरू** (कविता सङ्ग्रह, सन् १९८६) र **क्षर-अक्षर** (कविता सङ्ग्रह, सन् १९८९) प्रकाशित भएका पाइन्छन्। **प्रतिमान** (समालोचना सङ्कलन; सन् १९८६) को सम्पादक रहेका कवि भण्डारीले गद्य-पद्य दुवै विधामा कलम चलाएका छन्। काव्य साधनामा पूर्णतः समर्पित कवि भण्डारीका कविताहरूमा ग्रामीण

८२-८३. कवि राजेन्द्र भण्डारीबाट प्राप्त जानकारी।

जीवनको यथार्थ चित्रण, जीवन-जगत्का रहस्यहरूको उद्घाटन, आध्यात्मिक एवं दार्शनिक चिन्तन अभिव्यक्त भएको पाइन्छ। उनी सन् १९८७ मा दियालो पुरस्कार; सन् १९९८ मा शिवकुमार राई स्मृति पुरस्कार र डा० शोभाकान्ति थेगिम लेप्चा स्मृति पुरस्कारले पुरस्कृत अनि सम्मानित भएका छन्।

(७) सन्तोष बरदेवा र उनका कविता-कृतिहरू :

सन्तोष बरदेवाको जन्म १४ अप्रेल १९४८ मा गान्तोकमा भएको थियो। उनको न्वारनको नाम शान्तिकुमार हो। पिताको नाम हर्कबहादुर सेण्डो बरदेवा र माताको नाम कलावती देवी हो। कवि बरदेवाको पुर्ख्यौली देवराली नान्डूक हो। उनको बाल्यकाल गान्तोकमै बित्यो। गान्तोकको टी. एन. एकाडेमीबाट उनले आइ. एस्सी. (सन् १९६५) समाप्त गरेपछि दार्जीलिङ सन्त जोसेफ्स कलेजबाट विज्ञानमा स्नातक (सन् १९६८), कलकत्ताबाट उद्योग प्रबन्ध विज्ञानमा स्नातक (सन् १९७५) गरी डब्ल्यू. बी. आइ. डी. सी. सँग संलग्न भए। त्यसपछि बेलायतबाट विकास प्रशासनमा स्नातकोत्तर (सन् १९७९-८०) गरेपछि उनले कर्ममय जीवनमा प्रवेश गरेको पाइन्छ। सरकारी पेशामा लागेपछि पेशा सँगसँगै साहित्यिक, सामाजिक, शैक्षिक र सांस्कृतिक कार्यहरूमा पनि उनी सक्रिय रहेका देखिन्छन्। यसरी उनले आफूलाई साहित्य र सङ्गीतमा समर्पित गरेका हुन्। शशिकान्त राई र शोभाकान्ति चामलिङसँग उनको प्रेम-विवाह भएको जानकारी पाइन्छ।[८४]

'म ओइलाएको फूल हुँ' (सन् १९६३) **कञ्चनजङ्घा**मा प्रकाशित उनको पहिलो कविता हो। उनको **अस्तित्व तिम्रो र मेरो** (कविता सङ्ग्रह, सन् १९८१) एउटै मात्र प्रकाशित कविता सङ्ग्रह हो। कवि लक्ष्मीप्रसाद देवकोटा, जे. बी. सुब्बा, रामदत्तलाल ठाकुर प्रभृति प्रतिभाहरूबाट र सिक्किमको सुरम्य प्राकृतिक दृश्य, टिस्टा-रङ्गीतको गतिशील बहाऊ, कञ्चनजङ्घाको श्वेत मुकुट आदिबाट प्रभावित र प्रेरित भई उनले आफूलाई साहित्य सिर्जनामा संलग्न गराएको पाइन्छ।[८५] उनका फुटकर कविताहरू भारत र सिक्किमबाट प्रकाशित हुने पत्र-पत्रिकातिर प्रकाशित भएका देखिन्छन्। यसका अतिरिक्त उनले **नवज्योति** (सन् १९६६), **प्रतिबिम्ब** (सन् १९८०-८१), **हिमाली आभास** (सन् १९९८) साहित्यिक पत्र-पत्रिकाको सम्पादन कार्य पनि गरेको पाइन्छ।

अस्तित्व तिम्रो र मेरोमा प्रकृतिको चित्रण र स्वच्छन्दतावादी-प्रगतिवादी स्वर मुखरित भएको पाइन्छ। यसमा नेपालीहरूको जीवनको यथार्थ चित्रण, टुक्रिएको अस्तित्व र मानसिक अवस्थाको चित्रण पनि पाइन्छ।

८४-८५. कवि सन्तोष बरदेवासँग लिइएको अन्तर्वार्ताबाट प्राप्त जानकारी।

(८) जीवन थिङ र उनका कविता-कृतिहरू :

जीवन थिङको जन्म सन् १९५५ मा भएको थियो। उनले प्रारम्भिक शिक्षा सर टासी नामगेल स्कूलबाट प्राप्त गरेका थिए। सन् १९७५ मा उनले दार्जीलिङ सन्त जोसेफ्स कलेजबाट स्नातक समाप्त गरेर उत्तर बङ्ग विश्वविद्यालयबाट सन् १९७७ मा राजनीतिशास्त्रमा स्नातकोत्तर परीक्षा उत्तीर्ण गरेका थिए।

कवि थिङका काव्य यात्रालाई दुइ भागमा बाँड़ेर हेर्नसकिन्छ - विद्यालय र महाविद्यालयको छात्रकालमा लेखेका कविताहरू र सन् १९७३ मा भएको सिक्किमको विराट् जन आन्दोलनकाल र त्यसपछि लेखिएका कविताहरू पत्र-पत्रिकामा प्रकाशित उनका 'प्यारालाइज्ड चिन्तन र एउटा च्यातिएको युग' (कविता, **नर्थ पोइन्टर**, सन् १९७१-७२), 'प्रतिबिम्बहरू' (संस्मरण, **नर्थ पोइन्टर**, सन् १९७२-७३), 'नेपाली कविता साहित्यमा प्रगतिवाद' (लेख, **नर्थ पोइन्टर** सन् १९७३-७४), 'नर्थ पोइन्टरलाई मेरो सम्झनाभरिको सलाम' (कविता, **नर्थ पोइन्टर**, सन् १९७४-७५), 'निकोटिन गह्राउने एउटा रात - पहेंलिसकेका औंलाहरू' (कविता, **नर्थ पोइन्टर**, सन् १९७५-७६) आदि उल्लेखनीय कविता हुन्। लगभग १३ अङ्कसम्म उनले **नर्थ पोइन्टर** पत्रिकाको सम्पादन पनि गरेका थिए।

सिक्किम भारतमा विलय भएपछि रचिएका उनका कविता, गीत र लेखहरू **साङ्लीभित्र बाँधिएका घोड़ाका टापहरू** (सन् १९८३) -मा सङ्कलित भई प्रकाशित भएका पाइन्छन्। यसमा सङ्कलित कविताहरूमा जाति, भाषा, संस्कृति र जन्मभूमि सिक्किमप्रति अगाध श्रद्धा एवं प्रेमभाव अभिव्यक्त भएको पाइन्छ। आफ्नो प्रिय स्वतन्त्र देश भारतमा विलय भएको चोट र पीड़ाले मर्माहत भई छट्पटाएका कवि थिङका कवितामा व्यङ्ग्यात्मक कथन, विद्रोही स्वर, तीव्र आलोचनात्मक तथ्य, प्रतिक्रियात्मक उद्बोधहरू उद्घोषित भएका पाइन्छन्। उनले उनको मृत्युभन्दा केही दिन अघि मात्र लेखिसिध्याएको ६ खण्डको **नार्सिसस** खण्डकाव्य पनि यही **साङ्लीभित्र बाँधिएका घोड़का टापहरूमा** सङ्कलित भई प्रकाशमा आएको छ।

उनी अगमसिंह गिरी, हरिभक्त कटुवाल, भूपि शेरचन, ईश्वरवल्लभ प्रभृति कविहरूबाट पनि प्रभावित र प्रेरित देखिन्छन्। सन् १९७० -का छेउछाउदेखि काव्य साधनामा लागेका कवि थिङ सन् १९७८ -मा २३ वर्षको कलिलो उमेरमा बितेर गए।

(९) प्रद्युम्न श्रेष्ठ र उनका कविता-कृतिहरू :

प्रद्युम्न श्रेष्ठको जन्म २१ मार्च १९५४ -मा पश्चिम सिक्किमको देन्ताम बजारमा भएको थियो। उनको न्वारनको नाम प्रेमराज थियो। उनका पिताको नाम कृष्णचन्द्र श्रेष्ठ र माताको नाम इन्द्रमाया श्रेष्ठ हो।

उनका पुर्खा पाँच पुस्तादेखि देन्तामामै रहँदैबस्तै आएको देखिन्छ।[८६]

प्रद्युम्न श्रेष्ठले प्रारम्भिक शिक्षा देन्ताम स्कूल र सोरेङ स्कूलबाट प्राप्त गरेका थिए। उनले आइ. एस्सी. परीक्षा अमृत साइन्स कलेज, काठमाडौंबाट (सन् १९७९) उत्तीर्ण गरेका थिए। उनको बी. ई. (सिभिल) इलाहवाद विश्वविद्यालयबाट पूरा भएको पाइन्छ। उनको व्रतबन्ध १४ वर्षको उमेरमा भएको थियो र सन् १९७८ मा उनको बिहे सुभद्रा प्रधानसँग भएको थियो।[८७]

कवि श्रेष्ठको कर्ममय जीवन सरकारी सेवाबाट शुरू भएको देखिन्छ। उनी सिक्किम सिंचाई विभागमा प्रामाण्डलिक अभियन्ताका रूपमा धेरै समय सेवारत रहेका थिए र हाल उनी शहरी विकास विभागमा एस० ई० (अधीक्षक अभियन्ता) -का रूपमा कार्यरत छन्।

उनको 'धनको तत्त्ववर्णन' इलाहवादबाट निस्कने **जमार** नामक पत्रिकामा (सन् १९७८-७९) प्रकाशित भएको पाइन्छ। उनी विद्यार्थी जीवनमै शिक्षकहरूबाट प्रभाव र प्रेरणा पाएर काव्य साधनामा लागेका हुन् भन्ने जानकारी पाइन्छ। उनले उनको आफ्नो रुचिअनुसार यात्रा संस्मरणहरू पनि लेखेका छन् भन्ने उनको भनाइ छ।[८८] कवि लक्ष्मीप्रसाद देवकोटा, वी० पी० कोइराला, लेखनाथ पौड्याल उनलाई मनपरेका साहित्यकार हुन् भने उनलाई मनपरेका विधा चाहिँ कविता र संस्मरण हुन्।[८९]

उनको **पुष्प वाटिका** (कविता सङ्ग्रह; सन् १९८५), **मेरा केही स्मृतिहरू** (स्मृति सङ्कलन; सन् १९९४), **मेरा केही यात्रा संस्मरणहरू** (संस्मरण; सन् १९९५), **मह** (कविता सङ्ग्रह; सन् १९९७) र प्रकाशोन्मुख **आत्मसाक्षात्कार** (आध्यात्मिक लेख सङ्कलन) गरी जम्मा पाँचवटा काव्य-कृतिहरू पाइन्छन्।

पुष्प वाटिका कविता संग्रहमा जम्मा ४९ वटा कविता छन्; ती कविताहरूमध्ये पद्य शैलीका १६ र ३३ वटा गद्य शैलीमा रचिएका छन्। **पुष्प वाटिका**का कविताहरूमा मूलतः स्वच्छन्दतावादी, प्रगतिवादी र राष्ट्रिय स्वर मुखरित भएको पाइन्छ।

(१०) बलि सुब्बा र उनको कविता-कृतिहरू :

बलि सुब्बा सिक्किमेली नेपाली कविताको तेस्रो चरणका कवि हुन्।

८६-८७. कवि प्रद्युम्न श्रेष्ठबाट प्राप्त जानकारी।
८८-८९. कवि प्रद्युम्न श्रेष्ठसँग लिइएको अन्तर्वार्ताबाट प्राप्त जानकारी।

बलि सुब्बा सन् १९५७ मा दक्षिण सिक्किम, नाम्चीछेउको चेम्चे भन्ने बस्तीमा जन्मिएका थिए। उनका पिताको नाम चन्द्रबहादुर सुब्बा र माताको नाम पद्ममाया राई हो। उनको पुर्ख्यौली थलो दक्षिण सिक्किम नाम्चीको किताम बस्ती हो। उनको न्वारानको नाम बीरबहादुर सुब्बा थियो तापनि उनी नेपाली साहित्य जगत्मा बलि सुब्बाको नामले परिचित र प्रसिद्ध रहेका छन्।[६०]

बलि सुब्बाको बाल्यकाल उनको आफ्नो जन्मथलो चेम्चेमा नै व्यतीत भएको थियो। उनले त्यहाँबाट प्राथमिक शिक्षा प्राप्त गरेका थिए र सन् १९८० -मा नाम्चीको सरकारी उच्च विद्यालयबाट माध्यमिक परीक्षा उत्तीर्ण गरेपछि र कुलभास्कर विश्वविद्यालय, इलाहावादमा सन् १९८६ -मा भर्ना भएर त्यहींबाट सन् १९८८ मा एग्रिकल्चर विषयमा आइ.एस.सी. परीक्षा उत्तीर्ण गरेका थिए र सन् १९९१ -मा स्नातक परीक्षा उत्तीर्ण गरेका थिए। सन् १९८४ -मा तादोङ निवासी रीता गुरूङलाई विवाह गरेर उनले घरजम गरेका थिए। बलि सुब्बाले सन् १९८८ देखि सन् १९९८ सम्म सिक्किम सरकारको कृषि विभागमा रही निरीक्षकको पदभार सम्हालेका थिए।[६१]

बलि सुब्बालाई साहित्य जगत्मा प्रवेश गर्ने प्रभाव र प्रेरणा महानन्द पौड्याल र बालकृष्ण श्रेष्ठबाट प्राप्त भएको थियो[६२] र उनी साहित्य सिर्जनामा लागेका थिए भन्ने जानकारी पाइन्छ। कवि पवनकुमार चामलिङ 'किरण' पनि कवि सुब्बाका मनपरेका प्रिय कवि-साहित्यकार हुन् भन्ने भनाइ छ।[६३]

बलि सुब्बाको पहिलो कृति **मेरो बस्ती** (कविता सङ्ग्रह) सन् १९८५ -मा प्रकाशित भएको पाइन्छ। उनको **गीतै भो आधार** (गीत सङ्ग्रह) पनि सन् १९९५ -मा रेकर्ड भएको देखिन्छ। कवि बलि सुब्बाका एकाध फुटकर कविताहरू **स्रष्टा**, **निर्माण** प्रभृति पत्र-पत्रिकामा प्रकाशित भएका पाइन्छन्। उनले **नाकिमा** पत्रिकाको सम्पादन पनि गरेको देखिन्छ।

बलि सुब्बा कविका साथै गायक, सङ्गीतकार, शब्दकार पनि थिए। उनी फरसाइला, मिष्टभाषी, स्पष्टवक्ता पनि थिए। सन् १९९८ को अक्टोबर महीनामा सिङतामको समीप कार्यालयबाट घर फर्किंदै गर्दा अलैंचेको भयानक पैहोमा परेर ४१ वर्षको उमेरमा नै कवि बलि सुब्बाको आकस्मिक निधन हुन गयो।

उनको **मेरो बस्ती** कविता सङ्ग्रहमा जम्मा २९ वटा कविताहरू सङ्कलित भई प्रकाशित भएका पाइन्छन्। यी कविताहरू सन् १९८० देखि सन् १९८५ सम्म रचिएका देखिन्छन्। कविताहरू पद्य र गद्यमा छन्। कविताहरूको मूल भाव सामाजिक जीवनका समस्या र संघर्ष दुवै रहेको पाइन्छ।

६०-६३. कवि बलि सुब्बासँग लिइएको अन्तर्वार्ताबाट प्राप्त जानकारी।

(११) शिव प्रधान र उनका कविता-कृतिहरू :

शिव प्रधानको जन्म सन् १९४६ मा सौरेनीमा भएको थियो। उनका पिताको नाम पदमलाल प्रधान र माताको नाम हर्कमाया प्रधान थियो। आफ्नो पुर्ख्यौली थलो पनि सौरेनी नै भएकोले शिव प्रधानको बाल्यकालको आधा भाग त्यहीं व्यतीत भएको थियो र आधा भाग चाहिँ कालेबुङमा व्यतीत भएको थियो। उनले आफ्नो प्राथमिक शिक्षा पनि कालेबुङबाटै आरम्भ गरेका थिए र पछि उनले उनको उच्च शिक्षा त्रिभुवन विश्वविद्यालय काठमाडौंबाट समाप्त गरेका थिए। २५ वर्षको उमेरमा (सन् १९७१) -मा उनको बिहे नामासाङ ल्हमूसँग भएको थियो। पेशागत रूपमा आफ्नो छापाखाना र पत्रकारिताका काममा उनी संलग्न रहेका देखिन्छन्।[६४]

उनको प्रथम रचना 'प्रयास' **धुवाँ** पत्रिकामा सन् १९६४ -मा प्रकाशित भएको पाइन्छ। आफ्नी आमाबाट उनले साहित्यिक प्रेरणा वा प्रभाव प्राप्त गरेका थिए भन्ने उनको भनाइ रहेको छ। सलमान रूस्दीको **सटानिक भर्सेस** र **कन्फेसन्स** उनका मनपरेका कृति रहेका छन् भने उनका मनपरेका साहित्यकार सलमान रूस्दी र रूसो जाजक नै प्रमुख रहेका छन्। समालोचना र अनुसन्धानपूर्ण खोज उनलाई मनपरेका विधा रहेको पाइन्छ। उनले लगभग २३ वटा जति समीक्षात्मक लेख विभिन्न पत्र-पत्रिकामा प्रकाशित गराएका छन्। यिनीहरूका अतिरिक्त उनले धेरै वर्षदेखि समाचारपत्र **गान्तोक** नेपाली र अङ्ग्रेजी भाषामा सम्पादन गरी आफैले प्रकाशन र मुद्रण गरिरहेका छन् भने प्रसिद्ध समालोचकहरूको समालोचना सङ्कलन **वृहत् समालोचना** (सन् १९८५) पनि सम्पादन गरेका छन्। उनका कविताहरूमा वर्तमान मानिसहरूको दुर्दशा, अस्तित्व, विसङ्गति, आर्थिक दुर्दशा आदिको अभिव्यक्ति पाइन्छ।

(१२) गोपाल गाउँले र उनका कविता-कृतिहरू :

गोपाल गाउँलेको पूरा नाम गोपालप्रसाद दाहाल हो। उनका पिताको नाम एकनाथ दाहाल र माताको नाम दमयन्ती दाहाल हो। कवि गाउँलेको जन्म सन् १९४८ -मा नेपालको कोशी अञ्चलमा पर्ने मादी जिल्लाको सङ्खुवा भन्ने गाउँमा भएको थियो। उनका पुर्ख्यौली थलो पनि मादी नै भएकाले उनको बाल्यावस्थाको धेरजसो भाग मादीमा नै व्यतीत भएको जानकारी पाइन्छ।[६५] त्यसपछि उनी केंही काल झापा (नेपाल) तिर बसेका थिए र हालमा १५/२० वर्षदेखि (सन् १९८५) देखि यता सिक्किमको गान्तोकमा रहँदै आएका छन्। उनले मादीमा नै दशौं कक्षासम्म पढ़ेका थिए भने उनले धरान महाविद्यालयबाट स्नातक सन् १९७० का छेउछाउतिर समाप्त गरेका थिए। उनको विवाह मुना शर्मासँग भएको थियो।[६६]

---

६४. कवि शिव प्रधानबाट प्राप्त जानकारी।
६५-६६. कवि गोपाल गाउँलेबाट प्राप्त जानकारी।

गोपाल गाउँलेको प्रथम प्रकाशित कविता 'हिमाल' सन् १९६७ -मा दमक झापाबाट प्रकाशित भएको थियो। कार्ल माक्सबाट उनले साहित्यिक प्रेरणा प्राप्त गरेको बुझिन्छ। उनलाई मनपरेको रचना 'म लिन होइन दिन आएको' कविता हो भने मनपरेको विधा नै कविता हो। उनका **अझै एउटा छोरो जन्माउन बाँकी छ** (सन् १९८२) र **केही अभिव्यक्ति स्वाभिमानका** (सन् १९८६) **स्वाभिमानका कुरा** गरी तीनवटा कविता सङ्ग्रह प्रकाशित भएका पाइन्छन्। **प्रजातान्त्रिक आन्दोलनको इतिहास** एउटा खोजपूर्ण ग्रन्थ सन् १९९६ मा प्रकाशित भएको पाइन्छ।

गोपाल गाउँलेको जीवनको अन्तिम भाग सिक्किम (गान्तोक) मा नै व्यतीत भयो। उनी तत्कालीन राजनैतिक नेताहरूका निकटमा थिए र उनीहरूकै आश्रयमा उनले आफूलाई समर्पित गरेका थिए। **सिक्किम बोल्छ** (पार्टीको मुखपत्र) -का सम्पादक गाउँलेले निर्माण प्रकाशनबाट प्रकाशित गरिएको **सिक्किम-संस्कृति अङ्क** (सन् १९९९) को पनि सम्पादन गरेका थिए। **सिक्किम-संस्कृति अङ्क**को दोस्रो खण्ड प्रकाशमा ल्याउने तरखर गर्दा-गर्दै सन् २००० -को मई महीनामा हृदयाघातले उनको असामयिक निधन भयो।

(१३) राज के श्रेष्ठ र उनका कविता-कृतिहरू :

राज के. श्रेष्ठको जन्म ४ जनवरी सन् १९४२ मा डुवर्सको बाँदरहाटमा भएको थियो। उनको न्वारानको नाम पृथ्वीनारायण श्रेष्ठ हो। उनका पिताको नाम स्व. जे. एन. श्रेष्ठ थियो। उनका पुर्ख्यौली थलो नेपाल हो। कवि श्रेष्ठको बाल्यकाल प्रथमतः डुवर्समा नै व्यतीत भएको थियो र त्यहींबाट उनले प्राथमिक शिक्षा हासिल गरेपछि उच्च शिक्षाको लागि उनी कालेबुङ र कलकत्ता गएको बुझिन्छ।[६७]

उनको विवाह सन् १९७३ -मा रेनुका थापासित भएको थियो। सर्वप्रथम उनले भोटाङमा शिक्षकता गरेका थिए; त्यसपछि सिक्किम पसेर (सन् १९८० तिर) उनी विभिन्न पत्र-पत्रिकाको सम्पादन कार्यमा लागेको बुझिन्छ। उनको पहिलो रचना 'उ त्यहाँबाट अल्प्यो' **दीयो**मा प्रकाशित भएको पाइन्छ। उनलाई मनपरेको विधा कविता र निबन्ध हो। **हामी दुइका मुक्तक** (सन् १९८०), भूपेन्द्र अधिकारी र राज के. श्रेष्ठ दुवैको प्रयासबाट प्रकाशित भएको देखिन्छ। उनको अर्को कविता सङ्ग्रह **यात्राक्रम** (सन् १९८०) पनि प्रकाशित भएको छ। **हामी दुइका मुक्तक**का मुक्तकमा सामाजिक मूल्य र मान्यता, मानवीय मूल्य र अधिकार एवं प्रकृतिको रहस्यको उद्घाटन हुन सकेको पाइन्छ।

६७. राज० के० श्रेष्ठबाट प्राप्त जानकारी।

(१४) वीरभद्र कार्कीढोली र उनका कविता-कृतिहरू :

वीरभद्र कार्कीढोलीको जन्म सन् १९६० मा पश्चिम सिक्किमको सिकताममा भएको थियो। उनका पिताको नाम भक्तबहादुर कार्कीढोली र माताको नाम रत्नकुमारी कार्कीढोली हो। उनको पुर्ख्यौली थलो दार्जीलिङ भएकोले उनको बाल्यकाल वहीं व्यतीत भएको बुझिन्छ। उनको बिहे यशोदासँग सन् १९८५ -मा भएको थियो।[९८]

कविता विधाप्रति विशेष रुचि राख्ने वीरभद्र कार्कीढोलीको पहिलो फुटकर रचना 'कविता' सन् १९७८ मा प्रकाशित भएको पाइन्छ। वैरागी काँइला, गुमानसिंह चामलिङ, अमृता प्रितम, राजनारायण प्रधानबाट साहित्यिक प्रभाव प्रेरणा प्राप्त गरेका कवि कार्कीढोलीका मनपरेका साहित्यकारहरूमा पनि गुमानसिंह चामलिङ, अमृता प्रितम नै हुन्। यिनीहरूका अतिरिक्त अटल बिहारी वाजपेयी पनि उनका मनपरेका साहित्यकारहरूमध्ये प्रमुख मानिन्छन्।[९९]

अहिलेसम्मका कवि कार्कीढोलीका **निर्माण त्यो मोड़सम्मको** (सन् १९८३), **आभास** (सन् १९८६), **कविता पर्खिएर आधारातसम्म** (सन् १९८८) र **एक मुट्ठी कविता** (सन् १९९४) गरी जम्मा चारवटा कविता सङ्ग्रहहरू प्रकाशित भएका पाइन्छन्। यिनका कवितामा साम्यवादी विचारधारा, आफ्नो जातिको प्रगतिको चाहना व्यक्त हुन सकेको पाइन्छ।

यसै चरणमा देखापरेका अन्य कविहरूमा उपमान बस्नेत, देवकुमार दुमी, विजय बान्तवा उल्लेखनीय छन्। उपमान बस्नेतका **यी सुस्केरा देवराली, चौतारी र वर-पिपलका** (सन् १९८४), **मूर्त-अमूर्त अभिव्यक्ति** (सन् १९८५), तारादेवी प्रधान र देवकुमार दुमीका **दोभान** (सन् १९८७), विजय बान्तवाका **आफैभित्र आफैलाई सुनौं** (सन् १९८८) आदि कविता सङ्ग्रह उल्लेखनीय रहेका छन्। यसैगरी उदयचन्द्र वशिष्ठको **अष्टावक्र गीता** (नेपाली श्लोकानुवाद, सन् १९८६-८७), गङ्गाधर खत्री घिमिरेको **सर्वगुण सवाई** (सन् १९८६), घनश्याम नेपाल र राधाकृष्ण शर्माका सह-सम्पादनमा प्रकाशित **कविता सागर** (सन् १९८९), चक्रबहादुर राईको **पहाड़को बालुवा** (सन् १९८८), रामदत्तलाल ठाकुरको **राम अपतनका केही कविताहरू** (सन् १९८९), सुश्री चन्द्र चामलिङको **नयाँ किरण** (सन् १९९०) र लोकबहादुर बस्नेतको **शरद सयपत्री** (सन् १९९०) प्रभृति काव्यकृतिहरू प्रकाशित भएका पाइन्छन्।

उपर्युक्त कवि वा काव्य कृतिहरूका अतिरिक्त यस चरणमा देखापरेका अन्य केही प्रमुख कवि-

---

९८-९९. कवि वीरभद्र कार्कीढोलीबाट प्राप्त जानकारी।

कवयित्रीहरूमध्ये घनश्याम नेपाल, दुर्गानारायण प्रधान, खुसेन्द्र राई, भूपाल कौशिक, गोपालप्रसाद दाहाल, शान्ति प्रधान, सरला राई, लता राजालिम, डि. बी. राजालिम, शान्ति सहारा, प्रेम मुखिया, वैरागी, कालुसिंह रणपहेंली, अगम, उषा सुब्बा, डम्बर राहुल, ध्रुव अधिकारी, चक्रपाणि भट्टराई, भास्कर पौड्याल, खड़कीमाया गुरूङ, भास्कर भट्टराई, विमला भट्टराई, जुनु राई, वीरेन्द्र तुम्बायो प्रतीक, विमल काफ्ले, आशा मुरिङ्ला, विन्देश्वरी प्रसाद, तारा साम्पाङ, प्रकाश शर्मा, काजी गजमेर, भानुप्रकाश मार्मिक, आनन्दप्रकाश नेपाल, बी. बी. सुब्बा, भास्कर बस्नेत, कृष्णा दीक्षित, सुवास दीपक बीणाश्री खरेल आदि उल्लेख्य रहेका छन्।

३.२.४.१. निष्कर्ष :

सन् १९७० देखि सिक्किमेली नेपाली कविताले सन् १९९० सम्म आइपुग्दा आफ्नो यात्राको तेस्रो चरण पूरा गरेको देखिन्छ र सिक्किमेली नेपाली कविता यात्राको तेस्रो चरणका कविता-कृतिहरूले पहिलो र दोस्रो चरणका तुलनामा नेपाली कविताको विकासमा थप सहयोग पुऱ्याएको पाइन्छ। यहाँ सिक्किमेली नेपाली कविता यात्राको दोस्रो चरणका मुख्य-मुख्य उपलब्धीलाई निम्नलिखित बुँदाहरूमा समेट्न सकिन्छ :

(क) यस चरणका सिक्किमेली नेपाली कविहरूले प्रथम र दोस्रो चरणका एकाध प्रभृति अँगाल्दै अनि नेपाली, हिन्दी, जापानेली काव्य जगत्बाट पनि विभिन्न प्रभाव-प्रेरणाहरू लिँदै सिक्किमेली नेपाली कवितालाई नयाँ गति दिने प्रयास गरेका छन्। यस अवधिमा विभिन्न साहित्यिक पत्र-पत्रिकाहरूको प्रकाशन गरेर सिक्किमेली नेपाली कवि तथा साहित्यकारहरूले सिक्किमको नेपाली कवितालाई नयाँ मोड़तिर अग्रसारित गरेका छन् र खास गरेर मुक्तक, हाइकु, गद्य-शैली अँगालेर कवितालाई नयाँ गति दिने प्रयास गरेका छन्।

(ख) यस चरणका सिक्किमेली नेपाली कविहरूले फुटकर कविताका अतिरिक्त मुक्तक-संग्रह, श्लोक-संग्रह, सवाई-संग्रह, खण्डकाव्य, महाकाव्य, गीतिनाटक (गीति खण्डकाव्य) आदि जस्ता कविता-कृतिहरू प्रकाशनमा ल्याएर सिक्किमेली नेपाली कवितालाई अझ बढ़ी गतिशील बनाउने प्रयास गरेका छन्। यस सन्दर्भमा पुरुषोत्तम प्रधानका **मुटुभित्रका आवाजहरू** (सन् १९७०), चन्द्रबहादुर सुवेदीको **हारेको कर्म** (सन् १९७०), जीवन थिङको **साङ्लीभित्र बाँधिएका घोड़ाका टापहरू** (सन् १९८३), राजेन्द्र भण्डारीको **यी शब्दहरू : यी हरफहरू** (सन् १९८६) र गिर्मी सेर्पाको **हिपोक्रिट चाँप, गुराँस र अन्य कविता** (सन् १९८८), आदि कविता-कृतिहरू उल्लेखनीय रहेका छन्। खास गरेर तुलसीराम शर्मा 'कश्यप' ले यस चरणमा आएर सिक्किमेली नेपाली कवितालाई अझ गति प्रदान गर्ने प्रयास गरेका छन्। यस सन्दर्भमा उनको **जन्मभूमि** (महाकाव्य, सन् १९८६), **आमा** (महाकाव्य, सन् १९८८), **ऋतुराग** (खण्डकाव्य, सन् १९८९)

र **अनुराग** (खण्डकाव्य, सन् १९९०) कविता-कृतिहरूले नेपाली कविताको विकासमा उल्लेखयोग्य सघाउ पुऱ्याएका पाइन्छन्।

(ग) यस चरणका कविहरूले पहिलो र दोस्रो चरणकै एकाध प्रवृत्तिहरूलाई समेत अँगालेको पाइन्छ र भक्तिभावप्रधान, राष्ट्रप्रेमपरक कविताहरूका साथै स्वच्छन्दतावादी, प्रगतिवादी, प्रयोगवादी, अस्तित्ववादी, आयमेली भावधाराका कविता रचना गरेर सिक्किमेली नेपाली कवितालाई नयाँ दिशा दिने प्रयास गरेको पाइन्छ।

(घ) यस चरणका धेरैजसो कविताहरू गद्य-शैली अँगालेर रचिएका छन् तापनि **जन्मभूमि, आमा, ऋतुराग, अनुराग** आदि कविता-कृतिहरू चाहिँ शार्दूलविक्रीड़ित, स्रग्धरा, वसन्ततिलका, अनुष्टुप आदि जस्ता वर्णमात्रिक छन्दमा, हारेको कर्म नेपाली लोकलयको झ्याउरे छन्दमा, सवाई संग्रह (पैह्रोको सवाई) प्रभृति सवाई छन्दमा रचिएका पाइन्छन्।

(ङ) यस चरणमा गद्य शैली अँगालेर रचिएका फुटकर कविता संग्रहका अतिरिक्त गद्य शैली अँगालेरै रचिएका खण्डकाव्यहरू, सामूहिक कविता संग्रहरूको पनि रचना र प्रकाशन हुन सकेको पाइन्छ।

३.३ सिक्किमेली नेपाली कविताको विकास प्रक्रिया (सन् १९४०-१९९०) का सन्दर्भमा उपलब्ध कविता-कृतिहरूको तालिका :

यसरी नेपाली कविताको लेख्य परम्परा र विकास क्रम (सन् १९६९-१९९०) का सन्दर्भमा उपलब्ध सिक्किमेली नेपाली कविता-कृतिहरूको परिचयात्मक विवरणबाट सिक्किममा नेपाली कविताको लेख्य परम्परा सन् १९४० को छेउछाउबाट [समग्र नेपाली कविताको सन्दर्भमा आधुनिक कालको दोस्रो चरण (वि० सं० १९९१; सन् १९३४) पछि] शुरू हुन सकेको पाइन्छ। **ज्ञान विनोद** (सन् १९४४) देखि सन् १९९० सम्म आइपुग्दा सिक्किमेली नेपाली कविहरूले रचना गरेका प्रमुख एवं उपलब्ध कविता-कृतिहरूलाई निम्नलिखित तरीकाले सूचीबद्ध गरेर देखाउन सकिन्छ :

चरण	क्रम सङ्ख्या	कवि	कविता-कृति	रचनाकाल	प्रकाशनकाल
पहिलो चरण	१	चन्द्रदास सापकोटा	ज्ञान विनोद	१९४४	१९४४
	२	"	वैराग्य पुष्पाञ्जलि	१९४६	१९८४
	३	"	योगसागरको सवाई	१९४६	१९४६
	४	मनोरथ दाहाल	उद्देश्य भाषा श्लोक	१९४६	१९४६
	५	पं. हिमकर उपाध्याय	एकता विज्ञान वाटिका	१९४८	१९४८
	६	पं. भवानीशङ्कर पोखरेल	पुत्र शिक्षा	१९४७	१९४९
दोस्रो चरण	७	शिवनाथ मिश्र र तुलसीबहादुर छेत्री (सम्पा.)	इन्द्रकील पुष्पाञ्जलि (कविता सङ्ग्रह)	१९५०	१९५०
	८	कवि प्रज्ञारत्न शाक्य (विरही)	कुनाको सौगात	१९६२	१९६२
	९	कवि चन्द्रप्रसाद चालिसे	दामोदर स्तोत्र	१९६४	१९६४
	१०	कवि तुलसीराम शर्मा 'कश्यप'	आँकुरा	१९६५	१९६५
	११	"	कला-कमल	१९६७	१९६७

चरण	क्रम सङ्ख्या	कवि	कविता-कृति	रचनाकाल	प्रकाशनकाल
	१२	कवि जगत बी. सुब्बा	पाइलाका छापहरू	१९६८	१९६८
तेस्रो चरण	१३	पवनकुमार चामलिङ	प्रारम्भिक कविताहरू	१९७०	१९७८
	१४	स्व. चन्द्रबहादुर सुवेदी	हारेको कर्म	१९७०	१९७०
	१५	कवि पुरूषोत्तम प्रधान	मुटुभित्रका आवाजहरू	१९७०	१९७०
	१६	कवि केदार गुरूङ	आज फेरि एउटा सम्झना र नयाँ दिनहरू	१९७०	१९७०
	१७	कवि देवीप्रसाद कौशिक	सुस्केराहरू	१९७१	१९७१
	१८	कवि रघुनाथ सुवेदी	अजम्बरी	१९७२	१९७२
	१९	कवि पदमलाल चालिसे	सवाई सङ्ग्रह	१९६८	१९७३
	२०	कवि केदार गुरूङ	तरङ्गमाथि लहर लागेर आएको अर्को प्रहर	१९७३	१९७३
	२१	"	महाशक्तिहरूको पूजा	१९७५	१९७५
	२२	कवि अर्जुन राई 'मामा'	एक थोपा	१९७७	१९७७
	२३	कवि गिर्मी शेर्पा 'गोपर्मा'	बाँझो दिनमाथि पह्लाएका केही फूलहरू	१९७८	१९७८
	२४	कवि राजेन्द्र भण्डारी	हिउँदे यी चिसा रातका पर्दाहरूमा	१९७८	१९७८
	२५	राज के. श्रेष्ठ (सम्पा.)	कविता	१९८०	१९८०
	२६	कवि जगत बी. सुब्बा	आकाशपारिको देश	१९८०	१९८०
	२७	कवि सन्तोष बरदेवा	अस्तित्व तिम्रो र मेरो	१९८१	१९८१
	२८	कवि पूर्णबहादुर बिष्ट	निम्तो	१९८२	१९८२
	२९	नयनसिंह सुब्बा	आँधी बेहेरी र सुसमीर	१९८२	१९८२

चरण	क्रम सङ्ख्या	कवि	कविता-कृति	रचनाकाल	प्रकाशनकाल
	३०	कवि भूपेन्द्र अधिकारी र कवि राज के. श्रेष्ठ	हामी दुइका मुक्तक	१९८३	१९८३
	३१	कवि नारायण प्रधान	संघर्षमय रेखा	१९८३	१९८३
	३२	कवि जीवन थिङ	साङ्लीभित्र बाँधिएका घोड़ाका टापहरू	१९८३	१९८३
	३३	कवि वीरभद्र कार्कीढोली	निर्माण त्यो मोड़सम्मको	१९८३	१९८३
	३४	कवि रघुनन्द सापकोटा	जीवनको भँगालोमा फैलिएका अनुभूतिहरू	१९८४	१९८४
	३५	कवि केदार गुरूङ	छाँगुहरू सधैं सेतै भएर खस्ने गर्छन्	१९८४	१९८४
	३६	कवि शिव प्रधान	रेशाहरू	१९८४	१९८४
	३७	पं. हिमकर उपाध्याय	तारतम सागर	१९८४	१९८४
	३८	कवि उपमान बस्नेत	यी सुस्केरा देवराली चौतारी र वर-पिपलका	१९८४	१९८४
	३९	"	मूर्त-अमूर्त अभिव्यक्तिहरू	१९८५	१९८५
	४०	कवि बलि सुब्बा 'बसन्त'	मेरो बस्ती	१९८५	१९८५
	४१	कवि प्रद्युम्न श्रेष्ठ	पुष्पं वाटिका	१९८५	१९८५
	४२	कवि गोकुलसिंह सुब्बा	नयनमाझका सौन्दर्य दृश्यहरू	१९८५	१९८५
	४३	कवि शिव प्रधान	संघात	१९८५	१९८५
	४४	कवि वीरभद्र कार्कीढोली	आभास	१९८६	१९८६
	४५	कवि रविन गुरूङ	सोक्पा	१९८६	१९८६

चरण	क्रम सङ्ख्या	कवि	कविता-कृति	रचनाकाल	प्रकाशनकाल
	४६	कवि रविन गुरूङ	कोपिला	१९८६	१९८६
	४७	कवि तुलसीराम शर्मा 'कश्यप'	जन्मभूमि	१९८६	१९८६
	४८	कवि राजेन्द्र भण्डारी	यी शब्दहरू : यी हरफहरू	१९८६	१९८६
	४९	कवि पवनकुमार चामलिङ	अन्तहीन सपना : मेरो विपना	१९८६	१९८६
	५०	कवि गोपाल 'गाउँले'	केही अभिव्यक्ति : स्वाभिमानका	१९८६	१९८६
	५१	शिवाकोटी कवि राजेन र कवयित्री चन्द्रा	युगले बोकेको कथा	१९८६	१९८६
	५२	कवि उदयचन्द्र वशिष्ठ	अष्टावक्र गीता	१९८७	१९८७
	५३	कवि गङ्गाधर घिमीरे खत्री	सर्वगुण सवाई	१९८७	१९८७
	५४	कवयित्री तारादेवी प्रधान र कवि देवकुमार दुमी	दोभान	१९८७	१९८७
	५५	कवि पवनकुमार चामलिङ	म को हुँ?	१९८६-९२	१९८६-९२
	५६	तुलसीराम शर्मा 'कश्यप'	आमा	१९८८	१९८८
	५७	वीरभद्र कार्कीढोली	कविता पर्खिएर आधारातसम्म	१९८८	१९८८
	५८	गिर्मी शेर्पा 'गोपर्मा'	हिपोक्रिट चाँप गुराँस र अन्य कविता	१९८८	१९८८
	५९	विजय बान्तवा	आफैभित्र आफैलाई सुनौं	१९८८	१९८८
	६०	कृष्णबहादुर राई	स्मृति	१९८८	१९८८
	६१	घनश्याम नेपाल र राधाकृष्ण शर्मा (सम्पा.)	कविता सागर	१९८९	१९८९

चरण	क्रम सङ्ख्या	कवि	कविता-कृति	रचनाकाल	प्रकाशनकाल
	६२	चन्द्रबहादुर राई	पहाड़को बालुवा	१९८८	१९८८
	६३	केदार गुरूङ	फैलिएका हातहरू सूर्यग्रहण र नीला दहहरू	१९८९	१९८९
	६४	तुलसीराम शर्मा 'कश्यप'	ऋतुराग	१९८९	१९८९
	६५	रामदत्तलाल ठाकुर	राम 'अपतन' का केही कविता	१९८९	१९८९
	६६	सुश्री चन्द्र चामलिङ	नयाँ बिहानी	१९९०	१९९०
	६७	लोकबहादुर बस्नेत	शरद सयपत्री	१९९०	१९९०
	६८	रोबर्ट रोजर रूछेंनबुङ राई	रमाइलो बिहानको कथा	१९९०	१९९०
	६९	राज के. श्रेष्ठ	जिन्दगीका बटुलाइहरू	१९९०	१९९०
	७०	"	गोजिका	१९९०	१९९०
	७१	तुलसीराम शर्मा 'कश्यप'	अनुराग	१९९०	१९९०

३.४ सिक्किमेली नेपाली कविताका चरणगत प्रवृत्तिहरू :

३.४.१ पहिलो चरण (सन् १९४० को छेउछाउदेखि सन् १९४९)

सिक्किमेली नेपाली कविताको विकास-प्रक्रियाको विवेचना गरेर हेर्दा चन्द्रदास सापकोटा, मनोरथ दाहाल, हिमकर उपाध्याय, भवानीशङ्कर पोखरेल र अपतन साहित्य परिषद्का तुलसी 'अपतन' प्रभृति कविहरू सिक्किमेली नेपाली कविताको पहिलो चरण (सन् १९४०- सन् १९४९) -का कवि रहेका देखिन्छन्। यस चरणका सिक्किमेली नेपाली कविताहरू मूलतः धार्मिक-आध्यात्मिक भक्तिभावप्रधान, नीति-उपदेशप्रधान र राष्ट्रप्रेमपरक रहेका पाइन्छन्। 'अपतन साहित्य परिषद्' -का एकाध कविहरूले जातिप्रेममूलक र राष्ट्रप्रेममूलक कविता रचना गरेर र पत्र-पत्रिकाहरूमा प्रकाशित गराएर सिक्किमेली नेपाली कवितालाई गतिशीलता प्रदान गर्न र नेपाल अथवा भारतीय नेपाली कविताका मूल प्रवाह सँगसँगै विकसित गराउन यथासम्भव प्रयास

गरेको देखिन्छ। तर उल्लेख्य के छ भने **अपतन साहित्य परिषद्**का कविहरू र उनीहरूका एकाध कविताहरू पहिलो चरणमा देखा परे तापनि उनीहरू **इन्द्रकील पुष्पाञ्जलि** (कविता सङ्ग्रह) को प्रकाशन (सन् १९५३) पछि मात्र चर्चामा आएका हुनाले उनीहरूले अँगालेका प्रवृत्तिहरूको चर्चा दोस्रो चरणमा गरिएको छ। यस चरणका कविहरूको भाषा-शैली साधारणतः सरल-सहज रहेको पाइन्छ तापनि त्यहाँ परिष्कार परिमार्जनको कमी रहेको पनि पाइन्छ। 'अपतन साहित्य परिषद्' -का कविहरूको भाषा-शैली चाहिँ केही परिष्कृत परिमार्जित रहेको पाइन्छ।

यस चरणका कविहरूले शार्दूलविक्रीड़ित, वसन्ततिलका, इन्द्रवज्रा जस्ता एकाध वर्णमात्रिक छन्दलाई र सवाई जस्ता नेपाली लोक लयलाई आफ्ना काव्यात्मक अभिव्यक्तिको शैली बनाएका छन्; 'अपतन साहित्य परिषद्' -का कविहरूले मात्रिक छन्दको पनि प्रयोग गरेका छन्। वर्णमात्रिक छन्दका कविताहरूमा छन्दशास्त्रीय परिपाटीको पूर्ण पालन हुनसकेको पाइन्न र छन्द शैली त्यति रमणीय वा प्रभावकारी बन्नसकेको पनि थोरै मात्र अनुभव हुन्छ। कलात्मक वा आलङ्कारिक दृष्टिले पनि यस चरणका कविताहरू त्यति समृद्ध वा उल्लेख्य रहेका पाइन्नन्।

भवानी शङ्कर पोखरेल, हिमकर उपाध्याय र 'अपतन साहित्य परिषद्' -का तुलसी 'अपतन' यस चरणका उल्लेख्य कवि रहेका छन्।

३.४.२ दोस्रो चरण (सन् १९५०-१९६९) :

अपतन साहित्य परिषद् सिक्किमेली नेपाली कविताको विकास प्रक्रियामा पहिलो चरणमै देखा परेको साहित्य परिषद् हो र यस परिषद्का कविहरूले पहिलो चरणमै कविता रचना गरेर आफ्नो कविता यात्रा थालेको र सिक्किमेली नेपाली कवितालाई गति दिने प्रयास गरेको पाइन्छ तापनि उनीहरूका कविताहरूको सङ्कलन **इन्द्रकील पुष्पाञ्जलि** चाहिँ सिक्किमेली नेपाली कविताको दोस्रो चरणमा आएर मात्र प्रकाशित भएको पाइने हुनाले यहाँ **अपतन साहित्य परिषद्**लाई यस दोस्रो चरणमा राखेर चर्चा गरिएको छ।

सिक्किमेली नेपाली कविताको दोस्रो चरण (सन् १९५०-६९) को महत्वपूर्ण उपलब्धि हो 'अपतन साहित्य परिषद्' -को **इन्द्रकील पुष्पाञ्जलि** (कविता सङ्ग्रह; सन् १९५३) को प्रकाशन। शिवनाथ मिश्र, अगमसिंह तामाङ, पद्मसिंह सुब्बा, तुलसी बहादुर छेत्री, रामदत्तलाल ठाकुर, सन्तवीर लिम्बु, तुलसीराम शर्मा 'कश्यप', पवन चामलिङ, चन्द्रबहादुर सुवेदी, पुरूषोत्तम प्रधान, केदार गुरूङ प्रभृति कविहरू सिक्किमेली नेपाली कविताको दोस्रो चरण (सन् १९५०-सन् १९६९) का उल्लेख्य कवि रहेका देखिन्छन्। यस चरणका सिक्किमेली नेपाली कविताहरूमा मूलतः जातिप्रेम, साहित्यप्रेम, र राष्ट्रप्रेमका भावनाहरू व्यक्त भएका

पाइन्छन्। यस चरणका कविताहरूमा जातीय जागरणको स्वर पनि अभिव्यक्त हुन सकेको पाइन्छ। यस चरणका केही कविहरूले धार्मिक वा आध्यात्मिक र प्रकृतिपरक कविता पनि रचेका छन्। निम्नवर्गीय पीड़ित तथा लाञ्छितवर्गप्रति करूणा भाव दर्शाइएका र समाज एवं राष्ट्रनिर्माणका निम्ति आह्वान गरिएका अभिव्यक्ति लिएर देखापर्ने यस चरणका प्रमुख कवि हुन् - अगमसिंह तामाङ। यिनका 'निवेदन', 'राष्ट्रिय पथिक', 'भिखारी' आदि यसका राम्रा उदाहरण हुन्।

पद्मसिंह सुब्बाका कवितामा पनि जातिप्रेम, साहित्यप्रेमका भावहरू अभिव्यक्त भएका पाइन्छन्। धरणीधर कोइराला, महानन्द सापकोटाका कविहरू जस्तै यिनका कविताहरू जातीय जागरणमूलक वा उद्बोधन्मूलक रहेका पाइन्छन्। सहज अभिव्यक्ति, सरल र सरस भाषा-शैली पद्सिंह सुब्बाका कवितामा पाइने विशेषताहरू हुन् भन्न सकिन्छ।

'अपतन' समूहका ओजस्वी तथा केन्द्रीय कवि तुलसीबहादुर छेत्री प्रकृतिका अनन्य उपासकका रूपमा चिनिन्छन्। यिनले प्रकृतिलाई प्रेरणा स्रोत मानेका छन्। 'सिक्किम', 'अदृष्ट छाँगु', 'वन श्री', 'हर्षित पुष्प' आदि उनका यस खेमाभित्र पर्ने उत्कृष्ट प्रकृतिपरक कविताहरू हुन्। यिनका कविताहरूमा जातिप्रेम, राष्ट्रप्रेम, जनजागृति युगवोध आदि भावना प्रखर रूपमा अभिव्यक्त भएको पाइन्छ। उनको 'मातृभाषा' -मा स्वजाति र स्वभाषाप्रेम पाइन्छ तथा 'फाटेको जुत्ता' -मा परार्थमहत्व देखाइएको छ। विभिन्न छन्द अलङ्कारको कुशल प्रयोग, उपयुक्त शब्द चयन आदि उनका काव्यगत वैशिष्ट्य हुन्।

राम अपतन, अपतन साहित्य परिषद्का एकजना अनेपाली तर नेपाली भाषामा कलम चलाउने सशक्त प्रतिभा हुन्। 'प्रभात' उनका प्रकृतिपरक सुन्दर कविता हो। गेयगुण र कोमलताको पुट पाइने उनका कविताहरू सरल, सहज र लयात्मक रहेको बोध हुन्छ। सबै अपतनकालीन 'अपतन' समूहका कविहरूका गुरूकवि मानिएका शिवनाथ मिश्रका कवितामा कल्पनाधिक्य, वाग्वैशिष्ट्य, आदर्श जस्ता विशेषताहरू रहेका पाइन्छन्। "सिक्किमको पुरावृत्त" कवितालाई उनको आञ्चलिक भावभूमिको हृदयस्पर्शी एवं स्तरीय कविता मान्न सकिन्छ। यिनीहरूका अतिरिक्त श्रीमन (मनबहादुर सुब्बा), श्रीसन्त (सन्तवीर लिम्बु), भूपाल लामिछाने प्रभृति कविहरूका प्रकृतिपरक कविताहरूमा प्राकृतिक सौन्दर्य, गान्तोकको मनोहर दृश्यको चित्रण आदिको वर्णन पाइन्छ। सन् १९६० -को दशकदेखि काव्य क्षेत्रमा देखा परेका तुलसीराम कश्यपका रचनाहरू - **कला कमल** (खण्डकाव्य, सन् १९६७), **आँकुरा** (कविता सङ्ग्रह, सन् १९६५) आदि रचनाहरू दोस्रो चरणका प्रकाशित रचनाहरू हुन्। **आँकुरा**मा सङ्कलित कविताहरू ईश वन्दना, प्रकृतिप्रेम, कर्तव्यवोध, साहित्यको महत्व, प्रणय याचना, दार्शनिकता जस्ता विषयहरूका सेरोफेरोभित्र रचित छन्। **कला कमल** खण्डकाव्यमा **मुना मदन** झैं मार्मिकता, हृदयस्पर्शिता र कोमलता पाइन्छ तर कतिपय श्लोकहरूमा पाइने अमेल पदविन्यास विश्रृङ्खल छन्द र अतिभावुक अभिव्यक्तिले यसको प्रभावकारिता केही शिथिल भएको अनुभव हुन्छ।

सिक्किमको काव्य क्षेत्रमा कवि कश्यपको **कला कमल**ले पहिलो खण्डकाव्य हुने श्रेय पाएको हुनाले यसको आफ्नै महत्व रहेको छ। यसमा कामुकता अर्थात् वासनात्मक प्रेमलाई नकारेर शुद्ध प्रेम र उत्सर्गको पक्ष लिएको पाइन्छ।

सन् १९६८ -मा पदमलाल चालिसेको सवाई छन्दमा लेखिएको **पैह्रोको सवाई** (६८ सालको पैह्रो) प्राकृतिक प्रकोपबाट भएको नरसंहार र क्षतिको वर्णन गरिएको सवाई काव्य हो।

सन् १९७० -मा प्रकाशित हुने **हारेको कर्म** गीति खण्डकाव्यमा निम्नवर्गीय ग्रामीण नेपाली नारीका विरह र कुण्ठाको लोकाभिव्यक्ति छ। झ्याउरे छन्दको राम्रो निर्वाह गरेको यस कृतिमा लोकजीवनको एउटा पक्षलाई टड्कारो गरी प्रस्तुत गरिएको छ।

यसप्रकार सिक्किमेली काव्य विकासको दोस्रो चरणको यात्राक्रममा परिष्कारवादी र स्वच्छन्दतावादी धाराप्रमुख रूपमा रहेको पाइन्छ। सिक्किमेली नेपाली कवितालाई प्रथम चरणदेखि दोस्रो चरणमा निम्त्याउने श्रेय 'अपतन साहित्य परिषद्' -लाई नै जान्छ। यस परिष्कारवादी तथा पौराणिक परिपाटीका समर्थक तथा केन्द्रीय कविहरू तुलसीबहादुर छेत्री, तुलसीराम कश्यप प्रभृति कविहरूले विभिन्न भावधाराका कविता रचना गरेर सिक्किमेली नेपाली कवितालाई डोहोऱ्याउने प्रयास गरेको देखिन्छ। यस चरणका कविहरूले कविताको शैली, शिल्पलाई पनि परिष्कार गरी सिक्किमेली नेपाली कवितालाई सुन्दर, रमणीय तुल्याउने र स्तरीयता प्रदान गर्ने प्रयत्न गरेको बोध हुँदछ। लेख्य व्याकरणको अनुशासनमा रही कविताका भाव, लय, भाषा-शैली र शिल्प-संरचनामा सन्तुलन ल्याएर कविता सृजना गर्नेहरूमा तुलसीबहादुर छेत्री, शिवनाथ मिश्र, तुलसीराम कश्यप प्रभृति कविहरू प्रमुख मानिन्छन्। यस चरणमा स्वच्छन्दतावादी प्रवृत्तिका साथै प्रगतिवादी धाराका प्रवृत्तिलाई पनि अँगालेर कविता रचना गर्नेहरूमा केदार गुरूङ, चन्द्रबहादुर सुवेदी, देवीप्रसाद कौशिकको नाम लिन सकिन्छ।

सिक्किमेली नेपाली कविताको दोस्रो चरण (सन् १९५०-सन् १९६९) लाई नवोन्मेषकाल पनि भन्न सकिन्छ; किनभने यही चरणदेखि सिक्किमेली नेपाली कविताले नयाँ काँचुली फेरेको छ र सिक्किमेली नेपाली कवितामा नयाँ युगको सूत्रपात भएको छ।

३.४.३ तेस्रो चरण (सन् १९७०-१९९०) :

सिक्किममा सन् १९७३ -मा भएको विशाल जनक्रान्ति र सन् १९७५ सालमा भारत-सिक्किम विलय भएको घटनाले पनि नेपाली कवि र कवितालाई नयाँ मोड़ दिन सघाउ पुऱ्याएको बोध हुन्छ। सन् १९७०

-तिर पुरूषोत्तम प्रधानका **मुटुभित्रका आवाजहरू** (कविता सङ्ग्रह) ले उठान गरेको गद्य कविताको परम्परालाई केदार गुरूङले अझ दह्रो बनाएर अघि बढ़ाएको पाइन्छ। कवि गुरूङका **तरङ्गमाथि लहर लागेर आएको अर्को प्रहर** (सन् १९७३) -मा युगचेतना, विद्रोह, नैराश्य, स्वदेशप्रेमका भावनाहरू अभिव्यक्त भएका पाइन्छन्। मोहन कोइरालाको शैलीबाट धेरथोर प्रभावित यी कविका कवितामा प्रशस्तै जटिलता, श्रृङ्खलाविहीन पदावली, अभिव्यक्तिका लागि प्रयोग गरिने बिन्दु, विस्मयवोधक चिन्ह, प्रश्न चिन्ह आदि भाषेतर सङ्केतहरूको अत्यधिक प्रयोग पाइन्छ र यिनका कविता केही जटिल रहेका पाइन्छन्।

कवि गुरूङका समकालीन कवि गिर्मी सेर्पाका **बाँझो दिनमाथि पह्लाएका केही फूलहरू** (सन् १९७८) र **हिपोक्रिट चाँप गुराँस र अन्य कविता** (सन् १९८९) -मा कविले आजको समाजमा व्याप्त छल-कपट, अविश्वास, आडम्बर, अत्याचार, दुराचार आदि अभिव्यक्ति दिएका छन। कवि गिर्मीमा प्रकृति चेतना बढ़ी छ र उनी मानवताका उपासक देखिन्छन्। उनका कविताहरूमा नयाँ-नयाँ बिम्ब, प्रतीक, अलङ्कार प्रयोग हुनसकेको पाइन्छ। यस चरणका रघुनन्द सुवेदी, सन्तोष बरदेवाले पनि युगीन सन्दर्भलाई अँगालेर कविता रचना गर्ने प्रयास गरेको पाइन्छ।

सिक्किमेली नेपाली कविताको तेस्रो चरणका चर्चित कवि जीवन थिङको **"साङ्लीभित्र बाँधिएका घोड़ाका टापहरू"** (कविता सङ्ग्रह, सन् १९८३) उल्लेख्य कृति रहेको छ। उनका कवितामा सिक्किमका खोला-नाला सुसाएका छन्। पहाड़-पर्वत मुस्काराएका छन्, नद-नदी आँसु बनी उर्लिएका छन्। पवनकुमार चामलिङ 'किरण' पनि यस चरणका कवि हुन्। उनका कवितामा अन्याय-अत्याचारको विरोध छ, दीन-हीनप्रति सहानुभूति छ र पाखण्डीहरूलाई क्रान्तिको हाँक छ। यस चरणका अर्का चर्चित कवि हुन् राजेन्द्र भण्डारी। यिनका **हिउँदे यी चिसा रातका पर्दाहरूमा** (कविता सङ्ग्रह, सन् १९७८) र **यी शब्दहरू : यी हरफहरू** (कविता सङ्ग्रह, सन् १९८९) उल्लेख्य कविता-कृति हुन्। आफ्नै परिवेश, पाखा-पखेरा, लेक-बेंसी, खोला-नाला, वन-जङ्गल र कृषक-ग्वालाहरूको संसारलाई कविता-शैलीबाट छर्लङ्ग्याउन र दर्शाउनसक्नु, परिमाणमाभन्दा गुणमा कविताको मर्म छर्लङ्ग्याउनसक्नु उनको काव्य-वैशिष्ट्य रहेको छ। कवि भण्डारीका कविताहरूमा जीवनमूल्यप्रतिको आस्था, मानव संस्कृतिप्रति श्रद्धा, सौन्दर्यप्रेम, स्वस्थ सुन्दर जीवन निर्माण गर्ने रहरहरू अभिव्यक्त भएका पाइन्छन्। कवि भण्डारी वर्डस्वर्थको सशक्त अनुभूतिको अजस्त्र प्रवाहको धेरै नजिक छन् र सरल पारदर्शक प्रतीकहरूको प्रयोग गरेर ईश तत्वको खोजी गर्ने लक्ष्य राखेको बोध हुन्छ कवि भण्डारीले। उनको अभिव्यक्तिको सामर्थ्यले जीवन-जगत्को रूप नियाल्ने प्रयास गरेको छ। आफूले भोगेका जीवनको गीत गाएका छन् कवि भण्डारीले। एकातिर यी जगत्-जीवनको मङ्गलपक्ष मनपराउँछन् भने अर्कातिर मनुष्यका अन्तर्ज्वालालाई सर्वजनीनता दिन पनि रूचाउँछन्। वर्तमान शिक्षित मनका विद्रोह, कुण्ठा, जीवनपरिधि, समाजका ढोंगी, ढाँचा र विश्वतरङ्गले ल्याएका समस्यालाई अध्यात्मवादी दर्शनको प्रकाशमा हेरेर पथभ्रान्त मानिसहरूलाई पथनिर्देश गर्ने प्रयास गरेको बोध हुन्छ कवि भण्डारीले।

३.४ निष्कर्ष :

सिक्किमेली नेपाली कविताका (सन् १९४०-९० सम्मको) चरणगत प्रवृत्तिहरूको उपर्युक्त चर्चाबाट प्राप्त निष्कर्षलाई संक्षेपमा केही बुँदाहरूमा समेटेर निम्नलिखित तरीकाले प्रस्तुत गर्न सकिन्छ :

(क) प्रथम चरणका सिक्किमेली नेपाली कविहरूले धार्मिक, आध्यात्मिक भावभूमिलाई अँगालेर कविता रचना गरेको पाइन्छ। यस चरणका रचनाहरूमा उपदेशात्मक तत्त्व बढ़ी पाइन्छ। यस चरणका कविहरूले मूलतः भगवत्-भक्तिलाई काव्यको विषयवस्तु बनाएर धार्मिक, आध्यात्मिक चेतना उद्‌बोधन गरी मानव मात्रलाई मोक्ष मार्गतर्फ उन्मुख हुन आह्वान वा सङ्केत गरेका छन्।

(ख) चन्द्रदास सापकोटाका धार्मिक, आख्यानात्मक भक्ति र स्तुतिपरक **ज्ञान विनोद**मा साकार उपासनालाई ग्रहण गरेको पाइन्छ। **उद्देश्य भाषा श्लोक**मा वैराग्यमा जोड़ दिई आत्मशुद्धिका निमित्त हरिनाम स्मरण गरे मोक्षप्राप्ति हुन्छ भन्ने भाव प्रकट गरिएको पाइन्छ। यस चरणका **पुत्र शिक्षा, एकता विज्ञान वाटिका** जस्ता काव्य-कृतिहरू आध्यात्मिक भक्तिभावप्रधान कृति रहेका पाइन्छन्।

(ग) सिक्किमेली नेपाली कविताको दोस्रो चरणका कविहरूले धार्मिक, पौराणिक, नैतिक उपदेशात्मक परिपाटीका साथै जातिप्रेम, देशप्रेम, समाजसुधार जस्ता विषयहरूलाई पनि कविताको विषयवस्तु बनाएर कविता रचना गरेको देखिन्छ। **इन्द्रकील पुष्पाञ्जलि** (कविता सङ्ग्रह, सन् १९५३) प्रकाशित भएपछि राष्ट्रवादको तीव्र स्वर सिक्किमेली नेपाली कवितामा क्रमशः मुखरित हुनथालेको देखिन्छ। दरवारी नियन्त्रणपूर्ण स्थितिमा देशमा आर्थिक, सामाजिक शोषणको विरोध गर्ने र प्रजातन्त्रको निम्ति क्रान्तिको आह्वान गर्ने साहित्यको रचना हुनु असम्भव थियो तापनि दोस्रो चरणका कविहरूले देशप्रेम र जातिप्रेमको भावना कवितामा व्यक्त गरी जनसाधारणलाई स्व-अस्तित्व बोध गराउने प्रयास गरेको पाइन्छ।

(घ) दोस्रो चरणका कविहरूमा तुलसी 'अपतन', अगमसिंह तामाङ, तुलसी कश्यप प्रभृति उल्लेख्य रहेका छन् भने यिनीहरूका कविता-कृतिहरूमा **इन्द्रकील पुष्पाञ्जलि** (सन् १९५३), **आँकुरा** (कविता सङ्ग्रह, सन् १९६५) उल्लेख्य रहेका पाइन्छन्।

(ङ) सिक्किमेली कविताको तेस्रो चरणमा सिक्किममा राजनैतिक परिवर्तन आएको हुनाले सिक्किमेली नेपाली कविता पहिलेकोभन्दा केही गतिशील बन्नसकेको बोध हुन्छ। यस चरणमा **प्रतिबिम्ब** (सन् १९७७), **शिखर** (सन् १९७७), **सुधा** (सन् १९७८), **अर्चना** (सन् १९७८), **स्रष्टा** (सन् १९७८)

जस्ता साहित्यिक पत्र-पत्रिकाहरूको प्रकाशनले सिक्किमेली नेपाली कविताको विकासमा सहयोग पुऱ्याएको छ। आर्थिक, सामाजिक, राजनैतिक, सांस्कृतिक, मानसिक शोषणको व्यङ्ग्य र विरोध नै तेस्रो चरणका सिक्किमेली नेपाली कविताको मूल प्रवृत्ति रहेको पाइन्छ। यसै चरणमा आएर संख्यात्मक एवं गुणात्मक दृष्टिले सिक्किमली नेपाली कविताको विकास हुन सकेको पाइन्छ। रोमाण्टिक एवं रोमाण्टिक प्रगतिवादी धारा, यथार्थवादी धारा, समसामयिक धारा, प्रयोगवादी धाराका प्रवृत्तिहरूलाई अँगालेर सिक्किमेली नेपाली कविताले नयाँ रूप र नयाँ गति लिन सकेको छ।

(च) यस चरणमा आएर सिक्किमेली नेपाली कविताले आफ्नो स्वरूप, भाव र शैली तीनै क्षेत्रमा व्यापक परिधिलाई अँगाल्न सकेको पाइन्छ। यहीं आएर महाकाव्य र खण्डकाव्यजस्ता काव्यका वृहत् स्वरूप पनि निर्माण हुन सकेको पाइन्छ। प्रकृतिप्रेम, जातिप्रेम, देशप्रेम, मानवीय भावना, युगीन चेतना, सामाजिक, आर्थिक विषमता र विसङ्गति आदि यस चरणका कवितामा पाइने मूलभूत विशेषता हुन्। भाषा-शैलीका दृष्टिले यस चरणका कविताहरू सरल, सहज र परिष्कृत-परिमार्जित रही सम्प्रेषणीय पनि बन्न सकेका पाइन्छन्।

(छ) शैलीका दृष्टिले पनि तेस्रो चरणका कवितामा विविधता पाइन्छ। परम्परागत शास्त्रीय छन्दको प्रयोग साथसाथै गद्य कविताको विकास पनि यसै चरणमा हुन सकेको पाइन्छ। समाजका प्रत्येक स्तरका पाठकका निम्ति सरल अभिव्यक्ति दिँदै देखापर्ने कवि जीवन थिङ, गिर्मी शेर्पा, केदार गुरूङ, पवनकुमार चामलिङ, राजेन्द्र भण्डारी, तुलसीराम शर्मा 'कश्यप' प्रभृति केही कविहरू दोस्रो चरणदेखि नै कविता लेखनमा संलग्न रहेका हुनाले उनीहरूका यस चरणका कविता पनि दोस्रो चरणका काव्य प्रवृत्तिबाट पूर्णतः मुक्त हुननसकेका पाइन्नन्। तापनि कवि शेर्पाका **बाँझो दिनमाथि पल्लाएका केही फूलहरू, हिपोक्रिट चाँप गुराँस र अन्य कविता**, केदार गुरूङका **आज फेरि एउटा सम्झना र नयाँ दिनहरू, तरङ्गमाथि लहर लागेर आएको अर्को प्रहर, महाशक्तिहरूको पूजा, छाँगुहरू सधैं सेतै भएर खस्ने गर्छन्** आदि कविता सङ्ग्रहहरूमा वर्तमान मानिसका जीवनगत् बिडम्बना र विद्रुपको विरोध पाइन्छ। कवि थिङको **साङ्लीभित्र बाँधिएका घोड़ाका टापहरूमा** प्रयोगकालीन आयामवादी काव्य शैलीको प्रभाव पाइए तापनि कवि थिक्षका आफ्नो मौलिक काव्य शैली र अभिव्यक्ति कौशल पनि पाइन्छ। यसै चरणका अझ अधिक अभिव्यञ्जनामूलक शैलीका प्रयोक्ताका रूपमा देखा परेका कवि हुन् - राजेन्द्र भण्डारी। गाउँले जीवनका कष्ट, वाधा, अभाव, पीड़ा, दीनताका साथै अध्यात्मवादी दर्शन पनि उनका कवितामा अभिव्यक्त भएको पाइन्छ। भ्रष्टाचार, पाखण्डीपन, निम्नवर्ग र अशिक्षितहरूमाथिको शोषण, थियोमिचो, जनताको कष्ट, अभाव आदि विषयहरूमा आफ्नो अभिव्यक्ति प्रकट गर्ने कविहरूको डफ्फामा कवि

पवनकुमार चामलिङ पनि देखा पर्दछन्। यसप्रकार सिक्किमेली नेपाली कविताको तेस्रो चरणमा मोटामोटी अभिव्यञ्जनात्मक भाषा-शैलीको विकास हुन सकेको, लघुकाव्य, खण्डकाव्य, फुटकर कविता संग्रहहरूका साथै महाकाव्यहरूको पनि रचना हुन सकेको र नयाँ-नयाँ भाव एवं शिल्प-शैलीद्वारा सिक्किमेली नेपाली कविता रमणीय बन्दै जान सकेको पाइन्छ।

(ज) सिक्किमेली नेपाली कविता (सन् १९४० - १९९० सम्मको) विकासक्रमको गतिविधि हेर्दा सन् १९४० भन्दा अघि सिक्किममा नेपाली साहित्यको गतिविधि शून्य प्रायः थियो। सन् १९४० र यसका छेउछाउदेखि एकाध विद्वान कवि र पण्डितहरूले पुरानै ढाँचाका परम्परागत शैली र उपदेशात्मक शिक्षाप्रद श्लोकहरू अनि पुराणका कथाका श्लोक र भजन रचना गरेर सिक्किमेली नेपालीलाई लेख्य रूप दिने प्रयास गरेको पाइन्छ।

(झ) सिक्किममा शिष्ट वा लेख्य नेपाली कविताको यात्रा केही ढिलो भएर थालिएको मूल कारण तिनताकको ठेकेदारी प्रथाले गर्दा र शिक्षाको प्रचार-प्रसारको अभावले गर्दा पनि हो। सन् १९३४ -का समयमा सिक्किमका फाकछिरिङ (एस. के. जितोरसा) काजीले विभिन्न ठाउँहरूमा स्कूलको स्थापना गरेपछि[१००] र सन् १९४७ -मा भारत स्वाधीन भएपछि यहाँ पनि विभिन्न राजनैतिक संस्थाहरू गठन हुनथालेको पाइन्छ। सन् १९४८ -को अन्त्यतिर विभिन्न राजनैतिक सदस्यरूद्वारा सङ्गठित सिक्किम स्टेट काङ्ग्रेसले एक विशाल आन्दोलन मच्चाएपछि ठेकेदारी प्रथा उन्मूलन भयो। फलतः सिक्किमवासीहरूमा सच्चा जागृति र चेतनाको लहर फैलिएको पाइन्छ। यस्तो वातावरणमा कतिपय शिक्षित तथा भावुक कविहरूले आफ्नो अभिव्यक्ति निर्भिकतासित प्रकट गर्नथालेपछि सिक्किममा कविताको लेखन परम्परा शुरू भएको बोध हुन्छ। यस्तैमा अपतन साहित्य परिषद्को गठनपछि **फूलबारी** (हस्तलिखित पत्रिका, सन् १९६३-६४) को प्रकाशनसँगै सन् १९५० देखि १९६४ सम्म देखापरेका रश्मिप्रसाद आले, लक्ष्मण छेत्री, आत्माराम, शिवनाथ मिश्र, अगमसिंह तामाङ, तुलसीबहादुर छेत्री, पद्मसिंह सुब्बा, राम अपतन, भूपाल लामिछाने, सन्तवीर लिम्बु, मनबहादुर सुब्बा, चन्द्रदास राई, बी. एस. राई, एस. के. राई, गीता शर्मा, बेञ्जामीन राई, सानु लामा, छत्र तामाङ, नरबहादुर, जयवीर सुब्बा, काशीराज प्रधान, प्रज्ञारत्न शाक्य प्रभृति कविहरूको सक्रियतामा सिक्किमेली नेपाली साहित्यमा केही चहल-पहल शुरू भएको हो।

---

१००. शिक्षा विभाग, (सिक्किम सरकार) बाट प्राप्त जानकारी।

(ञ) अपतनकालपछि प्रायः दस-पन्ध्र वर्षसम्म समय-समयमा सिक्किम, कालेबुङ, दार्जीलिङतिरबाट प्रकाशित पत्र-पत्रिकाहरूमा सिक्किमेली साहित्यकार कविहरूका रचनाहरू फटाक-फुट्टुक देखापरे तापनि यस अवधिमा यहाँको नेपाली साहित्यमा शिथिलता छाएको देखिन्छ। यसप्रकार सिक्किमको साहित्यिक गतिविधि मथ्थर हुँदै गएर तुलसीराम कश्यपको **आँकुरा** (कविता सङ्ग्रह, सन् १९६५) को प्रकाशनपछि चाहिँ यहाँको साहित्यिक गतिविधिमा उत्तरोत्तर प्रगति हुँदैगयो। सन् १९७३ (सिक्किममा भएको विराट् जनक्रान्ति) -देखि यता सिक्किममा द्रुत गतिमा शिक्षाको प्रचार-प्रसार हुन थालेकाले साहित्यिक क्षेत्रमा उन्नतिका लक्षणहरू पनि देखिए। सिक्किमेली नेपाली कविताको संरक्षण र संवर्द्धन गरी यसलाई गतिशील तुल्याउन सक्रियता देखाउने कविहरूमा **अपतन साहित्य परिषद्**का तुलसी 'अपतन' र त्यसपछिका तुलसीराम शर्मा 'कश्यप', पुरूषोत्तम प्रधान, देवीप्रसाद कौशिक, केदार गुरूङ, गिर्मी शेर्पा, रघुनाथ सुवेदी, चन्द्रबहादुर सुवेदी, सन्तोष बरदेवा, शान्ति छेत्री, सुवास दीपक, उपमान बस्नेत, गङ्गा कप्तान, जीवन थिङ, रूद्र पौड्याल, शोभाकान्ति थेगिम, राधाकृष्ण काफ्ले, चुनिलाल घिमिरे, अरूण राई, राज के. श्रेष्ठ, जगत बी. सुब्बा, पूर्ण राई, पवन चामलिङ, सानुभाइ शर्मा, कमला खप्तावरी, रघुनन्द सापकोटा, भूपेन्द्र अधिकारी, गोपालप्रसाद दाहाल, एन. बी. श्रेष्ठ, राजेन्द्र भण्डारी, मटिल्डा राई, घनश्याम नेपाल, अर्जुन निरौला, जीवन नेवाङ, भीम दाहाल, गोपाल गाउँले, एल. डी. राई 'मिक्खोले' प्रभृति मुख्य रहेका देखिन्छन्।

सन् १९७३ -को विराट् जन आन्दोलन र सन् १९७५ को भारतमा सिक्किम विलयको ऐतिहासिक घटनाले यहाँको साहित्यिक गतिविधिलाई एउटा राष्ट्रवादी प्रतिबद्धता प्रदान गऱ्यो। यस अवधि (सन् १९७५-१९९०) मा देखापरेका कविहरूमा पदमलाल चालिसे, उपमान बस्नेत, पूर्णबहादुर विष्ट, वीरभद्र कार्कीढोली, रवीन गुरूङ, तारादेवी प्रधान, देवकुमार दुमी, विजय बान्तवा, प्रवीण राई 'जुमेली', बलि सुब्बा 'वसन्त', सुश्री चन्द्र चामलिङ, लोकबहादुर बस्नेत, चन्द्रबहादुर राई, कृष्णबहादुर राई, नयनसिंह सुब्बा, रोबर्ट रोजर रूछेनबुङ राई, भूपाल कौशिक, कालुसिंह रनपहेंली, कृष्ण दीक्षित, चक्रपाणि भट्टराई, भास्कर भट्टराई, टी. आर. अधिकारी, सोनाम दोङ, कृष्ण दीक्षित, मुन्ना बराल, राधा पौड्याल, शिव प्रधान, प्रद्युम्न श्रेष्ठ, जीवन बान्तवा, प्रेम मुखिया, खुसेन्द्र राई आदि प्रमुख छन्।

चार दशकअघिसम्म यसरी टाक्सिएर रहेको सिक्किमको नेपाली कविता सन् १९७५ को छेउछाउदेखि यता अझ तीव्र गतिले झ्याँगिएको पाइन्छ। यसै समयावधिमा **जन्मभूमि** र **आमा** जस्ता महाकाव्यको प्रकाशनले यहाँको नेपाली कवितालाई नयाँ गति दिएको छ। यसका अतिरिक्त मुक्तक, गीति कविता, बाल कविता जस्ता कविताका विधा-उपविधाहरूको पनि विकास हुँदै जान सकेको देखिन्छ।